प्रतिनिधि ७

# प्रतिनिधि बालनाटकहरू



सम्पादक
विजयराज आचार्य

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

प्रतिनिधि- ७

# प्रतिनिधि नेपाली बालनाटकहरु

सम्पादक
विजयराज आचार्य

प्रकाशक
विवेक सिर्जनशील प्रकाशन प्रा.लि.

# प्रतिनिधि नेपाली बालनाटकहरू


| | | |
|---|---|---|
| सम्पादक | : | विजयराज आचार्य |
| प्रकाशक | : | विवेक सिर्जनशील प्रकाशन प्रा. लि.<br>फोन नं. ४२१८०६३ |
| प्रथम संस्करण | : | २०६६ |
| © | : | सम्पादकमा |
| प्रकाशित प्रति | : | ११०० |
| सेटिङ | : | प्रवेश सिन्धुलीय |
| आवरण | : | के. के. कर्माचार्य |
| चित्र | : | उमेश श्रेष्ठ |
| ISBN | : | 978-9937-523-23-3 |
| मुद्रण | : | क्लासिक प्रिन्टिङ सर्भिस |

# महत्त्वपूर्ण उपलब्धि

आधुनिक नेपाली नाटकलेखनले सय वर्ष पार गरिसकेको छ । पहलमानसिंह स्वाँरको 'अटलबहादुर' (वि.सं.१९६२) त्यहीबेला मञ्चित नाटकदेखि अहिलेसम्मको नाट्ययात्रामा सयौं नाटक लेखिएका छन् । नेपाली नाट्यलेखनको एउटा लामो परम्परामा प्रस्तुत सङ्कलन महत्त्वपूर्ण मान्न सकिन्छ । साहित्यका अन्य विधाका तुलनामा कम लेखिने विधा नाटक हो । नाटक लेखेर मात्रै पुग्दैन । यो मञ्चमा पुगेपछि मात्रै पूर्ण हुन्छ । यसैले यसको साहित्यिक मूल्य जति महत्त्वपूर्ण छ त्यति नै महत्त्वपूर्ण छ यसको कलात्मक मूल्य । अर्थात् यसको प्रस्तुति पक्ष जसलाई यसको शिल्प पक्ष पनि भन्न सकिन्छ । यसको शिल्प पक्ष मञ्चसँग सम्बन्धित छ । मञ्च-सामूहिक कलाको समग्र नाम हो । यसैले लेखक यसको त्यो शिल्पसँग परिचित नभएर लेखिएको नाटक पूर्ण कसरी होला । यस अर्थमा नाटक लेखन विश्वमै कम लेखिने विधा हो ।

प्रस्तुत सङ्कलन त्यस अर्थमा पनि महत्त्वपूर्ण छ । एउटा थप उपलब्धि हो यो । यसमाथि यहाँ विशुद्ध बालनाटकहरू समेटिएका छन् । बालसाहित्य स्वयं हाम्रो सन्दर्भमा पछिल्लो समयमा केही सक्रिय हुँदै आएको विधा हो । यद्यपि अझै लेखनको कमी अनुभव गरिदै छ । लेख्नु मात्रै पर्याप्त हुँदैन । प्रकाशनको सङ्ख्यात्मक बृद्धि होइन, गुणात्मक वृद्धि यसको मापदण्डको आधार हो । पछिल्लो दशक नेपाली बालसाहित्य सङ्ख्यात्मक दृष्टिले उल्लेख्य छ । तथापि यसको गुणात्मक वृद्धिमा अझै सोच्न बाध्य हुने स्थिति छ । जे होस्, यही क्रममा 'प्रतिनिधि नेपाली बालनाटक'को यो सङ्कलन प्रकाशनको सङ्घारमा छ । नाटक नै कम लेखिने सन्दर्भमा केही थोरै लेखकका कलम बालनाटकतर्फ बढेको देखिन्छ । यिनै कम लेखिएका नाटकहरूको यो सङ्कलनले अभावको परिपूर्ति गरिदिएको छ ।

नेपाली सन्दर्भमा बालनाटक कहिलेदेखि लेखन-मञ्चन प्रारम्भ भयो भन्ने अनुसन्धानकै विषय हो । तथापि विद्यालयतिर नाटक मञ्चन गर्ने परम्परा भने निकै लामो छ । खासगरी सरस्वती पूजाको बेला नाटक मञ्चन गर्ने परम्परा नेपालका धेरै विद्यालयको एउटा नियमित कार्यभित्र पर्ने गर्थ्यो । जति बेला सरकारी विद्यालयस्तरीय व्यक्तिहरूका सहमतिमा चल्थे । जतिबेला विद्यालय समाजकै एउटा अभिन्न अङ्ग मानिन्थे । त्यो बेला विद्यालयका हरेक क्रियाकलापमा स्थानीय व्यक्तिहरूको सक्रिय सहभगिता रहन्थ्यो । विभिन्न पर्वहरूमा केही न केही कार्यक्रम अवश्य गरिन्थे । तीमध्ये नाटक अनिवार्य हुन्थे । समयक्रममा पो परम्परा हट्दै गयो ।

निजी विद्यालयको अवधारणासँगै त्यस्ता क्रियाकलाप क्रमश: कम हुँदै गए । हाल फेरि केही विद्यालयहरू नाटकलाई पुन: जगाउने प्रयासमा लागेका देखिन्छन् । संसारमा बालनाटकको मूल थलो विद्यालय नै हो । अन्य थलो जहाँ बालनाटकको सक्रियता रहन्छ, त्यहाँ पनि सम्वद्ध बालव्यक्तित्वहरू विद्यालयसँगै सम्वद्ध रहने गर्दछन् । यसले कतै न कतै यसको सम्बन्ध विद्यालयसँगै छ । अन्य देशतिर नाटकलाई अतिरिक्त क्रियाकलापभन्दा पनि पाठ्यक्रमभित्रै समावेश गरिएको देखिन्छ । हाम्रो सन्दर्भमा त्यसको कमी महसुस हुन्छ । केही वर्षदेखि पाठ्यक्रम विभागले विद्यालयमा 'अभिनय'लाई पनि समावेश गरिसकेको सन्दर्भमा केही आशा जगाएको भने पक्कै छ । यी सबै प्रसङ्ग बालनाटक लेखनसँगै सम्बन्धित छन् । नाटक लेखिन्छ मञ्चनका लागि । मन्चनका लागि 'लेखन' पहिलो सर्त हो । 'बालनाटकहरू लेखिँदैनन्' भन्ने प्रश्नलाई यो सङ्कलनले जवाफ दिने प्रयत्न यस अर्थमा गरेको छ । हुन त यता केही समयदेखि फाट्टफुट्ट बालनाटक सङ्कलनहरू नदेखिएका होइनन् । जेजति प्रयास भइरहेका छन् ती सबैले बालनाटकको बिस्तारलाई अवश्य पनि सहयोग गरिरहेको अवस्था छ । वास्तवमा अहिले 'बालनाटक' एकदमै कलिलो अवस्थामा छ । प्रस्तुत सङ्कलनले अवश्य पनि एउटा आशालाग्दो भविश्यलाई सङ्केत गरिदिएको छ ।

विजयराज आचार्यद्वारा सम्पादित यस सङ्कलनको एउटा विशेषता भनेको अग्रजदेखि नयाँ पुस्तासम्मको प्रतिनिधित्व हो । रमेश विकलदेखि शर्मिला खड्कासम्मलाई यसमा समेटिने प्रयास गरिएको छ । रमेश

विकल नेपाली बालनाटकका एक शिखर व्यक्तित्व हुन् । नेपाली साहित्यका महान् हस्ताक्षर विकलको एउटा महत्त्वपूर्ण पाटो बालसाहित्य पनि हो । जतिबेला बालनाट्यलेखन बामे सरिरहेको अवस्थामा थियो, त्यही बेला अरू लेखन यतातिर उन्मुख हुनुले केही न केही अभाव पूर्ति गरेकै हो । वास्तवमा भन्ने हो भने ती प्रारम्भिक दिनहरूमा बालनाटकलाई रेडियोनाटक र विद्यालयमा प्रस्तुत हुने मन्चनहरूले बचाउने प्रयास गरेका थिए । यसमा रमेश विकलको पनि लेखनयात्रालाई महत्त्वपूर्ण मान्न सकिन्छ । त्यस अर्थमा विकल एक बलिया स्तम्भ हुन् । विकलका साथै यस सङ्कलनमा आधुनिक नाटकका सशक्त नाटकहरूको पनि उपस्थिति उल्लेख मान्न सकिन्छ । नेपाली बालनाटक धेरै कम लेखिएको सन्दर्भमा यस सङ्कलनको महत्त्व त छ नै तथापि अझ केही नाटककारका नाटकहरू छुटेका हुन् कि भन्ने महसूस हुन्छ । छुट्नु-नछुट्नु आफ्नै ठाउँमा छ- यसै रूपमा भए पनि यसले बालसाहित्यको विकासमा अवश्य योगदान पुऱ्याएको छ ।

यति हुँदाहुँदै पनि नाटकका सन्दर्भमा बुझ्नैपर्ने सत्य भनेको मञ्चीय शिल्प हो । नाटक चाहे बालदर्शकका लागि पूर्ण पक्ष भनेको त्यसको मञ्चीय शिल्प हो । नाटक मञ्चमा पुगेपछि मात्र पूर्ण हुन्छ । यसले नाटकको लेखनले मञ्चीय शिल्पका पक्षलाई ध्यानदिनु पर्ने हुन्छ । यहाँ सङ्कलित केही नाटकहरूमा भने ती पक्षलाई गम्भीरतापूर्वक लिइएको देखिँदैन । यस अर्थमा ती कतिपय नाटक प्रतिनिधि हुन् कि होइनन्, समीक्षकले केलाउलान् । आगामी प्रकाशनक्रममा यतातर्फ पनि ध्यान दिनु आवश्यक छ ।

जे होस्, विवेक सिर्जनशील प्रकाशनको यो प्रयास स्तरीय छ । विवेक सिर्जनशील प्रकाशनले यताको दशकमा बालसाहित्यको विकासमा महत्त्वपूर्ण कार्यहरू गरेको छ- यो एउटा थप कार्य हो । यो एउटा इतिहास पनि हो ।

**अशेष मल्ल**

# सम्पादकीय

नेपाली साहित्यआकाशमा नाटकलाई कम लेखिने, छापिने र पढिने विधाको रूपमा लिइन्छ । पाठकले कम पढ्ने भएकाले प्रकाशकले प्रकाशन गर्न पनि त्यति उत्साह देखाउँदैनन् । नपढिने र नछापिने भएकाले लेखक पनि यस विधाप्रति त्यति आकर्षित भएको पाइँदैन । साँच्चिकै भन्ने हो भने बालनाटक लेख्ने स्रष्टाहरू दुई दर्जन पनि पुग्न सकेका छैनन् । स्थापित लेखकका कुरा गर्ने हो भने त एक दर्जनभित्रै सीमित छन् ।

विगतमा यस विधाको भविष्य अन्धकार देख्नेहरूको जमात ठूलो भए तापनि हाल आएर यसको भविष्य उज्वल देख्नेहरूको सङ्ख्या ह्वात्तै बढेको छ । हाल विद्यालयहरूले पनि अतिरिक्त क्रियाकलापअन्तर्गत नाटकलेखन र मञ्चनलाई प्राथमिकता दिँदै आएका छन् । कतिपय विद्यालयले त नाटकलाई अनिवार्य विषयका रूपमा पढाउँदै र मञ्चन गराउँदै आएका छन् । सुसम्पन्न स्कुलहरूले आफ्नै नाट्यघर स्थापना गरी विद्यार्थीलाई लेखन र मञ्चनमा प्रशिक्षण दिँदै आएका छन् । पछिल्लो समयमा त यो विद्यार्थी आकर्षित गर्ने विषयका रूपमा पनि स्थापित हुँदै गएको छ ।

मैले यस सङ्ग्रहमा स्थापितदेखि नयाँ पुस्तासम्मका चौध स्रष्टाहरूका नाटकलाई सङ्कलन गरी सम्पादन गरेको छु । इमानदारीपूर्वक भन्दा म नाटकको सिकारू विद्यार्थी मात्र हुँ । यसको मतलब मैले सम्पादन गरेको कृति कमजोर छ भन्नेचाहिँ होइन ।

मैले यस कृतिमा सकेसम्म आफैं मिहिनेत गरेको छु । मैले गर्न नसकेको र गर्नु नै पर्ने विषयमा सम्बन्धित विषयका विज्ञहरूसँग परामर्श र सहयोग लिई काम गरेको छु ।

म नेपाली नाटकका वरिष्ठ सर्जक अपेश मल्लप्रति हृदयदेखि नै कृतज्ञ छु । उहाँले व्यस्त समयका बावजुद पनि यस कृतिको पाण्डुलिपि पढेर महत्त्वपूर्ण भूमिका लेखिदिनुभएको छ । म त्यतिकै कृतज्ञ छु नेपाल बालसाहित्य समाजका अध्यक्ष रामबाबु सुबेदीप्रति । उहाँले यस पुस्तकको भाषासम्पादन गरी महत्त्वपूर्ण सहयोग गर्नुभएको छ । म ती सबै सर्जकप्रति आभारी छु, ज-जसले आफ्ना नाटकहरू मेरो सम्पादनमा प्रकाशन गर्ने अनुमति दिनुभएको छ ।

सबै क्षेत्रबाट सहयोग र समर्थन प्राप्त भएमा यो कृति एक वर्षभित्रै अङ्ग्रेजीमा प्रकाशित गरी विदेशी पाठकहरूको पहुँचसम्म पुऱ्याउने लक्ष्य रहेको जानकारी पनि गराउन चाहन्छु ।

अन्त्यमा हाम्रा आदरणीय पाठकहरूले विगतमा हामीले लेखेका, अनुवाद गरेका र प्रकाशन गरेका पुस्तकहरूलाई जस्तै यस पुस्तकलाई पनि अध्ययन गरी रचनात्मक सुझाव-सल्लाहको अपेक्षासहित विदा चाहन्छु ।

# नाटक अनुक्रम


| नाटक | नाटककार | पृष्ठ |
|---|---|---|
| खेलैखेलमा | अशेष मल्ल | ८ |
| छोरीले पनि पढ्नुपर्छ | कृष्णप्रसाद पराजुली | १७ |
| दिदीबहिनीहरूको खेल | जयराज रेग्मी | २२ |
| ज्ञानी हुन पनि जान्नुपर्छ | तेजप्रकाश श्रेष्ठ | २९ |
| तिमीहरू सान हौ | मोहनराज शर्मा | ३७ |
| अब तिमी नरोऊ किरण ! | रमेश विकल | ४८ |
| 'मेरो पुच्छर मसँगै हुने' | राजव | ६५ |
| भत्किएको पाटीमा.... | रामबाबु सुवेदी | ७३ |
| अल्बर्ट आइन्स्टाइन | विजय चालिसे | ८८ |
| उज्यालोको खोजीमा | विजयराज आचार्य | १०१ |
| तिम्रो नाम के हो ? | विमल भौकाजी | १०९ |
| हराएको हात | वासुदेव मुनाल | ११५ |
| असम्भव-सम्भव | शर्मिला खड्का | ११९ |
| पराक्रमी बालकहरू | सरुभक्त | १२५ |



## अशोक मल्ल

जन्म : वि.सं. २०११ चैत्र २१, धनकुटा
शिक्षा : एम्. ए. (नेपाली)
पेसा : प्राध्यापन
सम्पर्क : नेपथ्य, २३७/३२, रातोपुल, ज्ञानेश्वर

**मौलिक कृति**

अज्ञात प्रदेशहरूमा-मुक्तक सङ्ग्रह, तुवाँलोले ढाकेको बस्ती, सडकदेखि सडकसम्म, अनादि क्रम, तेस्रो आयाम : सैद्धान्तिक चिन्तन र विवेचना, कथाकोण, सडक नाटक

**पुरस्कार/सम्मान**

साझा पुरस्कार, मोती पुरस्कार, मुस्याचु पुरस्कार, गोपीनाथ अर्याल पुरस्कार, मानश्री पुरस्कार, सिर्जनशील पुरस्कार

**संलग्नता**

आजीवन सदस्य- नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, निर्देशक- सर्वनाम नाट्यसमूह, प्रधान सम्पादक- सुनकेस्रा (बालपत्रिका)

**सम्प्रति**

त्रिभुवन विश्वविद्यालय

# खेलैखेलमा

पात्रहरू : नाना, समीर, हरि, सतिश, वनमान्छे, पहिलो केटो, दोस्रो केटो, बाघ दृश्य जङ्गल ।

केही रूखहरू छन् । एकछेउमा सानो ढिस्को । नाना, समीर, हरि र सतिशको प्रवेश । उनीहरू नाच्दै आउँछन् र गीत गाउँछन् ।

सबै : आऊ हामी खेलौं
नाचौं गाऔं खेलौं
रेल गाडी छुक्छुक...

समीर : मेरो नाम समीर हो ।

नाना : तिम्रो नाम समीर भए
मेरो नाम नाना हो ।

हरि : मेरो नाम हरि हो ।

सतिश : घरमा मलाई पप्पु भन्छन्,
नाम मेरो सतिश ।

सबै : मिलिजुली एक हुने
हामी सबै एउटै


सतिश : ढुकुमुकु-ढुकुमुकु कसको हात ?

हरि : मेरो हात *(सबै हाँस्छन्)*
सुन-सुन साथी हो
म केही भन्छु
एकादेशको एउटा कथा म भन्छु :

हरि र नाना : ठूलो-ठूलो पोखरी
पोखरीमा माछा

राता, नीला रङ्गीबिरङ्गी
माछामाथि माछा
ठूला साना सबै माछा
मिलीजुली बस्ने
मिलीजुली बसेपछि
कसैले नहेप्ने

सबै : कसैले पनि नहेप्ने !



नाना : हिप-हिप *(सिटी बजाउँछ)*

सबै : हुर्रे...*(अचानक वनमान्छेझैं देखिने व्यक्ति प्रवेश गर्छ ।)*

वनमान्छे : ए ! फुच्छे हो, तिमीहरू यो जङ्गलमा के गर्दैछौ ?

*(सबै डरले रूखमा लुक्न पुग्छन् ।)*

यो कस्तो जङ्गल हो थाहा छ ? कसलाई सोधेर आयौ तिमीहरू ? (गन्दै) एक...दुई...तीन...चार, तिमीहरू चारजना आएका रहेछौ । अब तिमीहरूमध्ये एकजना पनि यो जङ्गलबाट फर्केर जान सक्दैनौ । यो जङ्गलमा जो आउँछ, हरेक दिन यो जङ्गलको मालिक बाघले एक-एकजनालाई खाने गर्छ । आज तिमीहरू आएछौ । अब तिमीहरूमध्ये एकजनालाई बाघ आएर खाने छ, लौ भन, को मर्न तयार छौ...भन...। *(सबै भाग्न खोज्छन् । ऊ रोक्छ ।)* खबरदार ! यहाँबाट कोही पनि भाग्न पाउँदैन । यसरी भाग्न खोज्यौ भने त्यो बाघले लखेटेर तिमीहरू चारैजनालाई खानेछ । यदि तिमीहरू नभागेर सल्लाह गरी एकजना मर्न तयार भयौ भने एकजनालाई मात्र खानेछ । लौ भन- तिमीहरू चारैजना मर्छौ कि एकजना मात्र मर्छौ ? मेरो विचारमा तिमीहरू एकजना मात्र मर्छौ, त्यसो भए सल्लाह गर बाघ आउने बेला भयो । एकजनाचाहिँ तयार भएर बस । भाग्न खोज्यौ भने चारैजनाको ज्यान जाला । एकजना तयार भएर बस...बाघ आउने बेला भयो ।

*(वनमान्छे रूखको हाँगा भाँचेर त्यो बाँदै जान्छ । सबै डराउँछन् ।)*

नाना : *(रुन खोज्दै)* अब के गर्ने ?

हरि : हामी रूख चढेर लुकौं न ।

सतिश : रूखमा चढेर के गर्ने ? बाघ रूखमा चढ्यो भने ?

हरि : त्यसो भए के गर्ने त ?


नाना : अब हामीलाई खान्छ । समीर भन न के गर्ने ?


*(समीर सोचमग्न देखिन्छ ।)*

सतिश : मैले त यो जङ्गलमा नआऔं भन्दै थिएँ नि !

समीर : नडराऊ न सतिश, बुद्धिले पो काम लिनुपर्छ...पर्ख मैले एउटा जुक्ति सोचें ।

सबै : के जुक्ति ?





समीर : के गरौं भने...हामी सबै मरेजस्तै भएर सुतौं, बाघ आएर हामीलाई हेर्छ अनि त्यो फर्किहाल्छ नि, बाघले त ज्यूँदोलाई मात्र खान्छ रे ।

हरि : हुन्छ, हुन्छ त्यसै गरौं ।

सतिश : हुँदैन, बाघले केही गरेर हामी मरेका छैनौं भन्ने थाहा पायो भने के गर्ने नि !

समीर : *(केही सोचेर)* त्यसो भए म एउटा कुरा भन्छु, मान्छौ ?

तिमीहरू मान्छौ भने मात्र भन्छु ।

नाना : पहिला भन न त !

हरि : भन, समीर के भन्न लाग्यौ ?

समीर : त्यो बाघले एकजनालाई मात्र खान्छ भनेको होइन ? ल, मलाई खाओस्, म मर्छु, तिमीहरू जाऊ ।

नाना : पर्दैन, खूब जान्ने भएर बोल्दोरहेछ ।

हरि : समीर ! तिमी त घरमा एक्लो छोरा । तिमीलाई तिम्रो बा-आमाले कस्तो माया गर्नुहुन्छ । मेरो त आमा पनि हुनुहुन्न, सानीआमाले सधैं पिट्नुहुन्छ । बुबा पनि सधैं मलाई आमा टोकुवा भन्नुहुन्छ...दिनदिनै रक्सी खानुहुन्छ । म मर्छु समीर ! म मरेँ भनेर मेरी सानीआमा, बुबा सब खुशी हुनेछन् । म बाँचेर पनि के हुन्छ र ?

सतिश : किन त्यसो भन्छौ हरि ? बरु त्यो बाघले मलाई खाओस्, म मर्छु ।

नाना : नाईं, पर्दैन कोही पनि मर्नु पर्दैन ।

सतिश : म मर्छु, स्कुलमा फिससमेत तिर्न नसकेर मेरो पढाइ रोकिइसक्यो । आमा सधैं अर्काको भाँडा माझेर हामीलाई खुवाउनुहुन्छ, मेरो त दाजुभाइ पनि पाँच-पाँचजना छन्, एकछाक पनि राम्ररी खान पाउँदैनौं ।

समीर : तिमीहरू जेसुकै भन, म तिमीहरूलाई मर्न दिन्नँ । जाऊ, तिमीहरू गइहाल, बाघको आहारा म बन्छु ।

हरि : त्यसो नभएर समीर, तिमी एक्लो छोरो, मजस्तो सानीआमाबाट हेला पाएको छोरो होइनौ समीर तिमी !

सतिश : मजस्तो भौके बस्नुपर्नेजस्तो पनि त होइनौ नि ।....
*(बीचमै पातको आवाज आउँछ सबै तर्सन्छन्, रूखको आडमा लुक्छन् । फेरि शून्य । केवल हुरीको आवाज आउँछ ।)*

नाना : बाघ आउने बेला भइसक्यो होला, के गर्ने ?
*(सबै एकलेअर्कालाई हेर्छन् ।)*

हरि : तिमीहरू सबै घर जाऊ, मलाई एक्लै छाडिदेऊ ।

समीर : पर्दैन । *(फेरि कोही हिंडेझैं पातको आवाज आउँछ । सबै डराउँछन् । केहीक्षणमै हातमा गुलेली लिएका, गगल्स, बुट, ज्याकेट लगाएका, घाँटीमा स्कार्फ लगाएको दुइजना केटाहरू प्रवेश गर्छन् ।)*

पहिलो केटो : यिनीहरू नै हुन् हाम्रो सिकार भगाउने ।

समीर : को हौ तिमीहरू ?

दोस्रो केटो : हामीले मार्न लागेको चरालाई उडाउने को हो ?

पहिलो केटो : यिनीहरू नै हुन् । यिनीहरूलाई आज छोड्नुहुँदैन ।

*(दुवै कराँटेशैलीमा पिट्न लाग्छन् । समीरको हातमा घडी देखेर रोकिन्छन् ।)*

दोस्रो केटो : यो घडी काँबाट ल्याइस् ? फुकाल् ।

समीर : फुकाल्दिनँ, के गर्छस् ?

पहिलो केटो : फुकाल्दैनस् ! पख् ! *(फेरि कराँटे हिर्काउन खोज्छ । दोस्रो केटाले घडी खोसेर लिन्छ । दुवैले त्यो घडी ओकाई-फर्काई*



*हेर्छन् । फेरि माछा पनि देख्छ, त्यो पनि खोसेर लिन्छ ।)*

यी !!! यिनीहरूले माछा पनि मारेछन् ।

*(सतिशले बोकेको झोला खोज्दै दोस्रो केटो कराउँछ ।)*

दोस्रो केटो : क्या हो यो निकाल् ।

*(दुवैले झोला खोसेर लिन्छन् । भित्र केही खानेकुरा दुवैले खान्छन् । एकछेउमा दुवै खानव्यस्त हुन्छन् । मौका छोपेर समीर साथीहरूको कान-कानमा कानेखुसी गर्छ र सबै बिस्तारै-बिस्तारै भाग्छन् । दुई केटाहरू भने खानैमा व्यस्त छन् ।)*

पहिलो केटो : आहा ! क्या मिठो रै'छ ।

दोस्रो केटा : यो घडी त म लिन्छु, कस्तो राम्रो रै'छ ।

पहिलो केटो : के रे ? तँ लिन्छस् ! ले, म लिन्छु ।

दोस्रो केटो : दिन्नँ, मलाई चाहिन्छ ।

पहिलो केटो : तेरो दांत झार्दिउँला । दिन्छस् कि दिन्नस् ?

*(दुवै झगडा गर्न थाल्छन् । जङ्गल थर्काउने गरी कराउँदै बाघ आउँछ । बाघ देखेर दुवै तर्सेर भाग्न खोज्छन् ।)*

बाघ : ए ! दुष्ट बालकहरू, म तिमीहरूको सबै चर्तिकला हेर्दै छु । अब म तिमीहरू दुवैलाई छोडदिनँ । दुवैलाई खाइदिन्छु.../ *बाघले उनीहरूलाई झम्टिन खोज्छ ।)*

तिमीहरू दुष्ट रहेछौ ।

पहिलो केटो : *(डराउँदै)* बिन्ती बाघ, हामीलाई नखाऊ ।

बाघ : अझै कराउँछौ ! तिमीहरूजस्तो दुष्ट र पापीलाई खान पाएँ भने मलाई पनि सन्तोष हुन्छ । तिमीहरू पापी हौ, दुष्ट हौ ।

दोस्रो केटो : माफ देऊ बाघ, हामीलाई केही पनि नगर ।

बाघ : तिमीहरू अर्काको विनास गर्दै हिंड्दा रैछौ । मलाई सबै थाहा छ !...हुन त आज एकजनालाई मात्र खाने दिन थियो, तर तिमीहरू दुष्टलाई देखेपछि दुवैलाई खाने विचार आयो । अब दुवैलाई खान्छु ।

पहिलो केटो : बरु हामी जे भनेको पनि मान्छौं, हामीलाई छोडिदेऊ ।

बाघ : तिमीहरूले अर्काको चोरी किन गर्‍यौ, लौ भन ।

दुवै : अबदेखि गर्दैनौं, बाघ ।

बाघ : तिमीहरूले घरमा पनि त्यत्तिकै दुःख दिन्छौ ।

*(बाघ उनीहरूको नजिक जान्छ र सुँघ्छ, उनीहरू डराउँछन् ।)*

बदमास् ! तिमीहरूको लत पनि बिग्रिसकेछ, चाहिँदो-नचाहिँदो कुरा खाँदा रहेछौ, ख्वास्स...*(कराउँदै)* अब त झन् छोड्दै छोड्दिनँ, यस्तो खाने केटाहरूलाई मारेर खान पाए मलाई पनि स्वादिलो हुने, अब त तिमीहरूलाई खान्छु...खान्छु ।

पहिलो केटो : *(रुँदै)* बिन्ती बाघ, अब हामी त्यसो गर्दैनौं, नचाहिँदो काम गर्दैनौं ।

बाघ : ल, ठीक छ, अबदेखि खराब लतमा लाग्छौ कि लाग्दैनौ ?

दुवै : *(हात जोड्दै)* लाग्दैनौं ।

बाघ : अर्कालाई दुःख दिन्छौ कि दिन्नौ ?

दुवै : दिन्नौं ।

बाघ : आमा-बाबुलाई दुःख दिएर बदमासी गर्नेहरू, अबदेखि बदमासी गर्छौ कि गर्दैनौ ?

दुवै : गर्दैनौं बाघ ।

बाघ : *(गर्जन्छ)* साँच्ची भन !


दुवै : हो बाघ, अब हामी असल मान्छे बन्छौं । *(दुवैले गुलेली फाल्छन् ।)*

पहिलो केटो : हामीलाई विश्वास गर, अब हामी बदमासी गर्दैनौं ।

दोस्रो केटो : हो बाघ ! हामी बदमासी गर्दैनौं ।

बाघ : *(उनीहरूलाई फन्को मार्दै)* त्यसो भए आज एकपल्टलाई माफ दिन्छु । आइन्दा यस्तो बदमासी गऱ्यौ भने...
*(नङ्ग्रा उज्याएर झम्टन खोज्छ ।)*
ल भाग् यहाँबाट !...एकपल्टलाई माफ । फेरि पनि बदमासी गरेको थाहा पाएँ भने तिमीहरूलाई खोजीखोजी मार्दिन्छु । टुक्रा-टुक्रा पारेर खाइदिन्छु । भाग्...भाग्...एकपल्टलाई माफ...
*(दुवै केटाहरू भाग्छन् । बाघ मञ्चको अघिल्लो भागमा आउँछ र दर्शकलाई हेर्दै बाघको खोल फाल्छ र उभिन्छ ।)*

बाघ : *(हाँस्दै)* खेल खत्तम !!! नमस्ते !



## कृष्णप्रसाद पराजुली

जन्म : वि.सं. १९९२ असार २४, भमरकोट, काभ्रे

हाल : सानेपा-२, ललितपुर

### विधागत कृति

**कविता/काव्य**

आँखाभरि सपना मुटुभरि गीत (२०२४), सय थुङ्गा फूल (२०२४), मन सुसाउँदै छ (२०५०), कथा आँसुको (२०५५), हृदयका पानासँगै (२०६१), आकाश माटोमाथि (२०६४), मनमाया (महाकाव्य)

**भाषिक कृति**

राम्रो रचना : मिठो नेपाली (२०२३), नेपाली व्यावहारिक व्याकरण (२०२३), प्रयोगात्मक भाषातत्त्व (२०३५)

**कथा/एकाङ्की**

नौबेली (२०२८), जीवनबेली (२०५८), इन्द्रिनी (२०६०)

**बालसाहित्य**

**गीत-कविता** : रमाइला नानी १,२ (२०२२), ३ (२०२५), जूनतारा (२०४४), चरी आयो (२०४७), नातिनातिना (२०६४), तारामण्डल (२०६४), सुनकल्छे हिमाल (२०६५), नालापानी

**कथा** : सुनौला तीन कुरा (२०२७), चार चङ्गरी (२०२८), लुकामारी (२०३०), सुनकेस्रा (२०३५), हिमाली डाँफे (२०४४), मेरो मुरली (२०४४)

**बालभाषा/सिर्जना** : लोलीबोली (२०४४), फूलपात (२०४४), शुद्ध लेखौं, राम्रो लेखौं (२०६५), लखौं, गाऔं, रमाऔं (२०६५)

# छोरीले पनि पढ्नुपर्छ

स्थान : गाउँमा बाटोछेउको एउटा घरको आँगन ।

समय : बिहान ९ बजे ।

*(दाजु विनय विद्यालय जाने तर्खरमा छन् । बहिनी रमालाई बाख्रा लिएर हेर्न जानू भनिएकाले निन्याउरी देखिन्छिन् । आमा भित्र-बाहिर गरिरहेकी छिन् ।)*

आमा : के हेरिरहेकी रमा ! दाजुलाई विद्यालय जान बेर भइसक्यो । तँ बाख्रा फुकाएर पखेरातिर लैजा ।

राम : नाईं, आमा ! म पनि पढ्न जान्छु ।

विनय : हुन्छ नि, बहिनीलाई साथै लैजान पाए त मलाई पनि साथी हुन्छ- कस्तो मज्जा !

आमा : हुन्छ, तँलाई साथी । बाख्रा कल्ले हेर्छ नि ?

रमा : उसो भए बाख्रा पनि विद्यालयमै लिएर जान्छु, हुन्न आमा ?

*(आमा र विनय हाँस्छन् ।)*

आमा : अँ, अनि बाख्रा पनि कक्षामा बस्छन् कि क्या हो ?

रमा : के हुन्छ त । मैले पढ्न थाल्दा मनेहरू कस्तो मज्जासँग हेर्छन् ।

आमा : जा, नकरा । तेरो काम बाख्रा हेर्नु हो ।

रमा : दाजुचाहिँ पढ्न जाने, म मात्रै बाख्रा हेरेर बस्ने त ?

आमा : ऊ त छोरो हो, पछि उसले हामीलाई पाल्छ । तँ त छोरी, अर्काका घरमा गइहाल्छेस ।

रमा : नाईं, म कहीं जान्नँ । म पनि तपाईलाई पाल्छु । मैले बढी सघाएको छु कि तपाईलाई दाइले ? ल भन्नुस् त ।

आमा : कहाँ हुन्थ्यो, सघाउन त तैंले बढी सघाएकी छेस् नि । तँ



छोरी, जातै सघाउनुपर्ने ।

विनय : ओहो । बहिनीले त कस्तो कुरा गरेकी ! मैले त सघाएकै छैन कि क्या हो ?

आमा : तैंले सघाएको छैन भनेर कल्ले भन्यो र ! तँ पढाइमा लागेको छस्, त्यसैले फुर्सद पाउन्नस् ।

रमा : जे भन्नुस्, लाएँ मैले त लुगा- जान्छु विद्यालयमा ।

*(भित्रतिर जान खोज्छिन् । त्यसैबेला आँगनको डिलमा शिक्षिका सुशीला दिदी विद्यालय जान लागेकी देखिन्छिन् । उनी कुरा सुन्छिन्, तर आमाले देखेकी हुन्नन् । उनी रिसाएर रमालाई लछार्छिन् ।)*

आमा : लौ जा विद्यालय, मान्छे भने यत्री, कुरा भने ठूला-उम्रिँदैका तीन पात ।

*(रमालाई घँचेटेर लडाइदिन्छिन् ।)*

सुशीला : आमै । के गर्नुभएको तपाईंले ? रमा बहिनी विद्यालय जान्छु त भन्दी रैछन् नि ! नराम्रो त भनेकी छैनन् । किन यसरी लडाइदिनुभएको ?

आमा : हेर्नुस् न नानी ! यसको जिद्दी । विद्यालय जाने भनेर हैरान



पार्छ । यहाँ बाख्रा कल्ले हेर्छ ?

सुशीला : विद्यालय जान खोज्नु नराम्रो हो र ?

आमा : बाख्रा हेर्नु पर्दैन ? त्यो त छोरी मान्छे । नपढे पनि हुन्छ नि । खोइ हामीले पढेका छैनौं- 'काला अक्षर भैंसी बराबर', तैपनि घर चलाएकै छौं । यो त अक्षर पढ्न सक्छे ।

सुशीला : त्यसो भनेर हुन्थ्यो ! ठीक छ नि, छोरीले पनि पढ्नुपर्छ । छोरीले पढे भने, उनीहरू सप्रे भने बाबुआमालाई हेरविचार गर्छन् । मेरो बाबा खस्नुहुँदा म एकदमै सानी थिएँ- चालै पाइनँ । आमा बित्नुभएको छ महिना भयो । दाजुभाइ थिएनन् । म आफैं किरिया बसें । तपाईंले पनि छोरीलाई राम्ररी पढाउनुपर्छ । छोरा र छोरी दुवैले पढ्नुपर्छ । केही दिन तपाईं आफैंले बाख्रा हेर्ने । बिदाको दिनमा उनी हेर्छिन् ।

आमा : उहाँसँग सोध्नुपर्ने ।

सुशीला : राम्रो कुरामा के सोध्ने ? पहिलेजस्तो छैन नि ऐले । *(आमा पक्क पर्छिन् । सुशीला रमालाई उठाउँछिन् । निधार ठोकिएर अलिकति चोट लागेछ ।)* कठै । रगत पनि आएछ, उठ, म लिएर जान्छु विद्यालय । आमा ! तपाईंले राम्रो काम गर्नु भएन ।

आमा : खै, म एक्लीले के गरूँ त : *(सुस्केरा हाल्छिन् ।)*

सुशीला : छोरा-छोरीका निम्ति अलिकति बढी दुःख गर्ने, अरू के । बरु हामीले साँझ प्रौढशिक्षा चलाउँदै छौं । तपाईं पनि पढ्न आउनोस् ।


आमा : यो उमेरमा पनि पढ्ने, के भन्नुभएको ?

सुशीला : पढ्ने उमेरको हो र : आवश्यकताले पो हो ? *(रमा ठीक्क परेर झोला लिई आउँछिन् । उनलाई हातमा समाएर लिएर जाँदै ।)* लौ, छोरी मैले लिएर गएँ । पर्सिदेखि प्रौढशिक्षा चालू हुन्छ । तपाईं पनि आउने । त्यहाँ पढाइन्छ पनि, बुनाइतुनाइ सिकाइन्छ पनि । *(जान्छिन्; विनय र रमा पनि सँगै हिँड्छन् ।)*

विनय : अहा ! आमाले पनि पढ्नु भए त झन् राम्रो ।

रमा : अँ, हो नि ।

*(दृश्य बन्द)*



## जयराज रेग्मी

जन्म : वि.सं. १९९९, फागुन

जन्मस्थान : नक्साल, चारढुङ्गे

शिक्षा : आई.कम

कृति : २०१९ सालदेखि कविता, कथा, नाटक, जीवनी विधामा थुप्रै फुटकर कृतिहरूको प्रकाशन

पुरस्कार : शिक्षा पुरस्कार (२०४५)

सेवा : शाखा अधिकृत (प्राविधिक), जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमी, भक्तपुर

# दिदीबहिनीहरूको खेल

पात्रहरू

सुनिता -करिब १२ वर्षकी केटी

विनिता -करिब ९ वर्षकी केटी, सुनिताकी बहिनी

अनिता -करिब ६ वर्षकी केटी, सुनिता र विनिताको बहिनी

बाबा -तीन बहिनीहरूका बाबा, करिब ४२ वर्षका

आमा -तीन बहिनीहरूकी आमा, करिब ३६ वर्षकी

दृश्य १

समय : साँझ साढे पाँच बजेतिर

स्थान : *(घरको साधारण एउटा भान्छाकोठा, आमा एक्लै भान्छा कोठामा फतफताएर बसेकी हुन्छिन् र तलतिरबाट अस्पष्ट हल्लाखल्लाको आवाज आइरहेको हुन्छ ।)*

आमा : *(आलुका बोका ताछ्दै बिस्तारै गनगनाएर)* यी केटाकेटीहरूले त धुरुक्कै रुवाइसके । जैले पनि खेल्ने, जैले पनि खेल्ने...कोठामा बसेर पढ्ने भन्या त कैले पनि होइन । स्कुलबाट आयो कि खेल्ने तरखर । ६ बज्न लागिसक्यो, माथि उक्लिएका छैनन् । कस्ता त यिनीहरू ! *(अलि ठूलो आवाजमा, ढोकापट्टि हेरेर)* ए सुनिता ! सुनिता ! SS ए सुनिता ! विनिता ! तिमीहरू छिट्टै माथि आओ त ! *(फेरि आफ्नै धुनमा)* रात पर्न आँटिसक्यो, कति खेल्न पर्‍या होला... *(फेरि ठूलो आवाजमा)* तिमीहरू झट्टै माथि आओ, ल त झट्टै आयो । *(अस्पष्ट हल्लाखल्ला सुनिइनैरहन्छ र भऱ्याङको खुट्किलामा जुत्ताको आवाज आउँछ । जुत्ताको आवाज नजिकै हुँदै कोठाभित्र पुगेर रोकिन्छ ।)*

बाबा : *(ढोकाभन्दा केही पर उभिएर)* के गर्न लागेकी तिमी ? केटाकेटीहरू

कता गए ?

आमा : यतिबेला भइसक्यो, केटाकेटीहरूले त कस्तो पिरे भने स्कुलबाट आएपछि कोठामा बसेर पढ्ने हैनन् । हजुरले डाके पनि हुन्छ नि ! मैले भन्या त टेर्दैनटेर्ने भइसके यिनीहरू *(हल्का रिस देखाउँदै भन्छिन् र उनी आफ्नै काममा लाग्छिन् ।)*

बाबा : ल, ल मै बोलाएर ल्याउँछु । ए सुनिता...ल त म तलै गएर बोलाउँछु *(तल बर्दै छोरीहरूलाई डाक्दै जान्छन् । एकैछिनपछि फेरि उनी माथि आएर खुशी हुँदै भन्छन् ।)* । देख्यौ, तिमीले



देख्यौ ? तिमी त केटाकेटीहरूलाई जहिले पनि गाली मात्रै गर्छ्यौ ।

आमा : हजुरले नै काखी च्यापिराखे त भैगो नि ।

बाबा : तिमी त त्यसै रिसाउँछ्यौ । मेरो कुरा सुन न पहिला । तल तिनीहरूको खेल त हेर । आउन जाऊँ ।

दृश्य २

समय : ६ बजेतिर

स्थान : घरको आँगन । *(केटाकेटीहरू, मास्टर र विद्यार्थीहरूको अभिनय गर्दै खेल खेलिरहेका हुन्छन् ।)*

सुनिता : अब तिमीहरू कोही पनि नकराओ है ! ल हेर योचाहिँ हाम्रो स्कुल रे ! तिमीहरूचाहिँ विद्यार्थी, मचाहिँ मास्टर रे !

*(सुनिता हातको पार लगाउँदै अरूतिर हेरेर भन्छे)*

अनिता : *(लाडे भएर मुख बिगार्दै)* नाइँ...म मास्टर हुन्छु है दिदी !



सुनिता : *(हत्पताएर, बहिनीलाई फकाउँदै)* हुँदैन, तिमी सानी मान्छे, तिमीले त सिक्नुपर्छ, जान्नुपर्छ, त्यसैले तिमी चाहिँ विद्यार्थी रे ! ल त तिमीहरू चूपचाप लागेर बस ।

अनिता : *(रिसाएर चोसो पसार्दै ठुस्स भएर)* नाइँ...म खेल्दिनँ, के हाम्ले भन्या चाहिँ नहुने रे, खेल्दै खेल्दिनँ के म....!

विनिता : *(बीचैमा कुरा काटेर हड्बडाउँदै)* नाइँ बा...यो अनिता त कस्ती रैछे । तिमी सानी मान्छे भएपछि मास्टर बनेर खेल्नुहुन्न के ।

अनिता : त्यसो भए कैले हुने त ?

सुनिता : ठूलो भएपछि, दिदी जत्रै भएपछि बुझ्यौ ?

अनिता : ए...बुझें बुझें ।

सुनिता : हुन्छ हुन्छ, मेरी बहिनी कति जाति छे ।

*(अनिता दङ्ग पर्छे)*

विनिता : दिदी । दिदी ! एउटा राम्रो कथा भन्नोस् न है ? मलाई कथा असाध्यै मन पर्छ ।

अनिता : *(फटपट हात हल्लाउँदै)* मलाई पनि मन पर्छ ।

समूह : हो, कथा सुन्ने कथा ।

सुनिता : ल, ल...पहिले हामी खेलेर सिध्याउने अनि कथा भन्ने ।

अनिता : हुन्छ ल, अब खेल्ने ।

सुनिता : ल चुपचाप तिमीहरू । अब क्लास सुरु भयो रे है ! हल्ला नगरीकन बस तिमीहरू सबै । सुनिल, शीला, रेखा, अरुण तिमीहरू पनि चूप लाग ।

समूह : ल, ल हामीहरू चूप लाग्छौं ।

सुनिता : *(बसेको ठाउँबाट उठ्दै)* आज के पढ्ने भने नि...*(केही सम्फेजस्तो गरेर)* अँ ! अँ ! हाम्रो मामा के हाम्रो मामा, अँ बिहान उठ्नेबित्तिकै के गर्नुहुन्छ रे ?

विनिता : बिहान सबेरै उठ्नुहुन्छ, बाथरुम जानुहुन्छ, हातमुख धुनुहुन्छ अनि आफ्नो पलङ्गमा आएर ठ्यास्स बसेर चिया खानुहुन्छ ।

समूह : *(गिलिलिलि हाँस्छन्)*

विनिता : ए अनिता, तँ किन चोसो पसारेर बस्छेस् हैं ? किन रिसाएकी ?

अनिता : *(फर्केर फन् ठूलो चोसो पार्दै आँखा तर्छे)* हामीलाई किन चिया खाने भन्नुपऱ्या त ? हामीले त दूध खाने, तिमीलाई बाबाले चिया खान हुन्न भन्नुभा'छ ।



सुनिता : *(हाँस्दै)* हो त नि, तिमी त सानी मान्छे, तिमीले त दूध खाने, मामाले पो चिया भन्या त ।

अनिता : *(रिसाउँदै)* हामी त दूध खाने, हामी त दूध खाने ।

विनिता : *(अनिताको आवाजलाई थिच्दै)* चिया खाइसकेपछि मामा पुस्तक लिएर हेरिरहनुहुन्छ । नौ बजेपछि भात खाएर अफिस जानुहुन्छ ।

अनिता : हामी त स्कुल जाने ।

सुनिता : हामी त सानो मान्छे, स्कुल जानुपर्छ । मामा, बाबा, दाइ जत्रै भएपछि पो अफिस जाने त ।

अनिता : *(बुझेजस्तो गरेर)* ए...(एकैछिनपछि) कस्तो लुगा लाएर जाने दिदी ?

सुनिता : कस्ती रैंछ यो त । तँलाई थाहा छैन, तँ स्कुल जाँदा कस्तो लुगा लाउँछेस् ! सफा लुगा लगाउनुपर्छ हैन ?

विनिता : लाइस् तैंले सफा लुगा । हेर्नुस् न दिदी, त्यसको हातमा, फ्रकको यताउति जम्मै मसी नै मसी दलेको छ ।

अनिता : *(झर्किंदै)* यो त हामीलाई स्कुलमा अरूले लाइदिएको । तँजस्तो फोहोरी हो र म ! तेरो त जैले पनि नाकभरि सिङ्गानैसिङ्गान हुन्छ छ्या...!

सुनिता : ल ल ल, यिनीहरू त झगडा पो गर्न लागे । त्यसैले त भन्या, अबदेखि फोहोरी हुनुहुन्न भनेर, बाबा त्यस्तो फोहोरी हुनुहुन्छ ?

अनिता : हो त नि हामी त बाबा, मामाजस्तो सफा हुन्छौं । हामी स्कुलमा गएर पनि गुरुआमाले भनेको कुरा सुनेर बस्छौं, पढेर बस्छौं । तँ बस्छेस् ?

विनिता : हामी पनि राती नौ बजेसम्म पढेर बस्छौं तँ बस्छेस् ?

सुनिता : ए विनिता, तँ किन बढ्ता भएकी हँ ? अनिता त सानी मान्छे, ऊ राती धेरैबेर बसेर पढ्दिन । ऊ चाँडै सुत्छे ।

अनिता : कस्ती बाठी छे भने आफू मात्रै असल छु भनेकी होली नि । *(रिसाएर विनितालाई आँखा तर्छे)*

विनिता : आम्मै...यो अनिता त कस्ती छ्या, उसलाई चाहिँ केही भन्न नहुने रे।

अनिता : *(फेरि पनि रिसाएर)* अबदेखि तँसँग खेल्दैखेल्दिनँ के ! *(सुनितापट्टि फर्केर)* दिदी । भोलिदेखि विनितालाई नखेलाउने है ? हामी मात्रै खेल्ने ।


समूह : भोलि के खेल्ने ?

सुनिता : भोलि । अँ...अँ...बाबाले, आमाले भनेको जस्तो खेल खेल्ने ।

अनिता : नाईं...म त मामाको कोठामा गएर मामालाई कथा भन्नुस् भन्छु अनि सुन्छु । पख् न विनिता तँलाई चाहिँ नसुनाउनुहोस् है मामा भनेर भनिदिन्छु के !

विनिता : भने के त । हामी त आमासित सुत्छौं । *(केही सम्झेजस्तो गरेर)* आम्मै...आज त, हातखुट्टा पनि धुन बिर्सिएछ । *(सबै भित्रतिर ग्वार्र दगुर्छन्)*

*(पर्दा बन्द हुन्छ)*



## तेजप्रकाश श्रेष्ठ

जन्म : वि.सं. २००३ पुस, बैतडी

निवास : शोणितपुर (थानकोट), चुनिखेल, काठमाडौं

बुवा/आमा: रामबहादुर श्रेष्ठ, तेजकुमारी श्रेष्ठ

सम्मान : तन्नेरी प्रतिभा सम्मान (२०६१)
साझा पुरस्कार (२०६४)

१. प्रथम प्रकाशित

कविता : गाउँ फर्क (दर्पण, मासिक २०२५, चैत्र)

कथा : हजुर एक पैसा (गोरेटो, मासिक २०२६, फागुन)

२. कृतिहरू

कथा सङ्ग्रह : बाँचेका क्षणहरू (२०३८), हाटबजार (२०४४), त्रिविध (२०४४ संयुक्त), अनुभूत सत्यहरू (२०६०)

उपन्यास : प्रेमको स्मारक (२०३३), सङ्कल्प जिउँदो रहनेछ (२०५२)

बालसाहित्य : जुनेली साँझ (२०३८), बूढाको अर्ती (२०४२), चिलगाडीमा सररर (२०५४), हात्ती लस्क्यो (२०५५), बहिनीको कोसेली (२०५७), चरोमान्छे (२०५८), मिङ्मार (२०५९), बालसामान्य ज्ञान (२०५९), विश्वप्रसिद्ध बाललोककथाहरू खण्ड-१ (२०५९), खण्ड-५ (२०६०), तिमी पानी देऊ म फूल दिन्छु (२०६१), घारभित्र क्या मज्जा (२०६२), झुन्डिएको बगैंचा (२०६२), विज्ञानका पिता (२०६३), बाउन्न पाटन त्रिपन्न ताल (२०५७, संयुक्त), जन्मदिन (२०६१, सहलेखन), बनभोज (२०६१, सहलेखन), रमाइलो मेला (२०६१, सहलेखन) तथा नेपाली बालविश्व कोष (२०६१, सहलेखन)

४. कविता सङ्ग्रह : तेस्रो कोण (२०४४, संयुक्त)

५. लोकसाहित्य : अछामी लोकसाहित्य (२०४४)

६. लोकसंस्कृति : नेपाली लोकसंस्कृति, सम्पदा र परम्परा (२०६०)

७. यात्रा संस्मरण : पाइलाका डोबहरू (२०४८) दौडाहा घुमाउरा बाटाहरूमा (२०५७), साँ-ग्रिला पछ्याउँदै (२०६२)

# ज्ञानी हुन पनि जान्नुपर्छ

पात्र : आमा (गृहिणी), सफू (छ वर्षकी बालिका)
उत्सुक (नौ वर्षको बालक), नवीन सर (शिक्षक)
समय : बिहान ११ बजे । बिदाको दिन ।

*(हिउँदको याम । आकाशमा बादलका स-साना चोइटाले घाम छोप्ने र छोड्ने गर्दा झल्याकझुलुक घाम लाग्ने गरेको । सफू र उत्सुक घाम ताप्दै आँगनमा खेलिरहेका । एक पोका धुने लुगा लिएर आमाको प्रवेश ।)*

आमा : सफू, उत्सुक । लौ, नुहाउन ठीक पर । पछि बतास लाग्छ ।

सफू : नाईं । आज ननुहाउने । जाडो छ । *(खेल्नमै व्यस्त)*

आमा : छैन जाडो । पानी तातिसक्यो । तिमीहरूलाई नुहाउन भनेर पानी तताइसकेकी छु । *(फोसी बसालिएको चुल्होमा दाउरा ठोस्दै, आगो बाल्दै ।)*

सफू : *(उफ्रँदै नाच्दै)* नाईं । घामै लागेको छैन । यस्तो तातै नहुने पनि घाम हुन्छ ?

उत्सुक : म पनि नुहाउँदिनँ, भोलि नुहाउने । *(घामतिर हेर्दै)* भोलि त मज्जाले घाम लाग्छ ।

आमा : लाग्छ खूब मज्जाले ! यस्तै हो बाबै, सधैं पुस महिनामा । आज पानी तताइसकेकी छु । लौ छिटो गर । घाम जान्छ । *(फकाउँदै)* ।

सफू : नाईं !

आमा : छिटो गर । ननुहाई हुँदैन । फोहोरी भएरै स्कुल जाने त । साथीहरूले पनि के भन्लान् ?



सफू : *(रून्चे स्वरमा)* नाईं के ! म आज नुहाउँदैनुहाउँदिनँ । भोलिमात्र नुहाउँछु ।

आमा : नुहाउँछुस् भोलि ! स्कुल जानुपर्दैन कि कसो ? खुरुक्क आइज ।

सफू : भोलि त छुट्टी ! *(आमाले उसलाई समात्न खोज्छिन्, तर ऊ फुत्केर भाग्छे)*

आमा : *(उत्सुकतर्फ फर्कंदै)* भैगो ! आइज तँ पहिले । त्यो पनि नुहाउँछे ।

उत्सुक : नाइँ, म पनि नुहाउदिनँ आज । *(उफ्रँदै खेल्छ)*

आमा :- हेर, यी केटाकेटी ! कति चकचक गर्छन् ! नउफ्री ! धूलो उड्यो । *(केटाकेटी झन् उफ्रन्छन्)* भनेको टेर्दैनौ ? मलाई रिस नउठाओ है । झाप्पु खालाउ *(रिसाउँदै)* यत्रो लुगा धुन बाँकी नै छ । छिटो आओ ।

सफू : नाइँ भनेपछि नाइँ । *(भाग्ने)*

उत्सुक : नाइँ भनेपछि नाइँ ! (ऊ पनि भाग्न खोज्छ)

आमा : *(लखेट्दै)* पख तिमीहरूलाई । *(उत्सुकलाई भेट्टाएर घिच्याउँदै)*

उत्सुक : नाइँ ! नाइँ ! *(फुत्कन खोज्दै, रुन थाल्छ, फुत्कन नसकेपछि भूइँमा लडिबुडी खेल्न थाल्छ)*

आमा : लौ लौ, के गरेको यो ? फोहोरी ! त्यसरी भूइँमा लडिबुडी खेल्ने हो ? अझ टेर्दैनस् । हेपेको तैले ? लौ खा ! *(एक झाप्पु हिर्काउँछिन्, उत्सुक कोकोहोलो गर्दै रुन्छ)* यत्रो लाठे भएर पनि भन्या टेर्दैनस्, हैन ?

उत्सुक : क्वाँ क्वाँ ! *(भूइँमा लडिबुडी गर्दै रुन्छ ।)*

आमा : अझ बढ्ता हुन्छस् । खुरुक्क लुगा फुकालेर नुहाउन आइज । भन्या टेर्दैनस् ? फेरि हात खानुपर्‍यो ? *(हकार्दै)*

उत्सुक : आउन्न । *(खुट्टा बजारी बजारी रुँदै)*

आमा : लौ नआ त ! *(एक झाप्पु फेरि थप्छिन्)*

उत्सुक : *(रुवाइ झन् चर्काउँदै)* हाम्ला...लाई त्यसरी पि..पि..पिट्न पाइन्छ । आमाबाले छोराछोरीलाई पनि पिट्न पाइन्न । पुलिसले समाउँछ । *(सुँक्क सुँक्क)*

आमा : के रे । कसरी पिट्न पाइन्छ त । यसरी हो ? *(एउटा सानो लट्ठीले स्वाट्स्वाट्ट पिठ्युँमा हिर्काउँदै)* बडो जान्ने भएको ।

उत्सुक : ऐया आमा । मरेँ नि । ह्वाँ ह्वाँ ! *(चर्को स्वरमा रुँदै, सफू डराएर कहिले आमा त कहिले उत्सुकलाई हेरिरहन्छे)*

*(नवीन सरको प्रवेश)*

नवीन सर : हैन । केको चर्काचर्की हो आमा-छोराको ? उत्सुकलाई के भो ? किन रोएको ?

आमा : के हुनु नि ! नुहाउन आओ भनेको त टेर्दै टेरेनन् । अनि एक

झाप्पु दिएको त केटाकेटीलाई यसरी पिट्न पाइन्न पो भन्दोरहेछ । भनेको पनि नमान्ने, मुखामुख पो लाग्छ ए ।

नवीन सर : लौ ! किन आमाले भनेको नमानेको त ? ज्ञानी केटाकेटीले त भनेको मान्नु पो पर्छ । आमालाई दु:ख दिने हो ? *(सम्झाउन खोज्दै)*

उत्सुक : किन त उहाँले पनि भनेको मान्नु नभएको । आज ननुहाउँने भन्दा मान्नुभएन । हामीले पनि मानेनौं । *(गुनासो गर्दै)*

आमा : नुहाउन भनेर पानी तताइसकेकी छु । घाम पनि लागेकै छ । बिदाको दिन, फुर्सद पनि छ । यस्तो बेलामा ननुहाए कहिले नुहाउने त । हैन त सर ? *(सरको अनुहारमा पुलुक्क हेर्दै)*

नवीन सर : हो नि !

उत्सुक : अँ हो । आमाले कसरी पिट्नुभो । यसरी पिट्न पाइन्छ त सर ? कानुन लाग्छ, हैन त !

आमा : लौ हेर जान्ने भएको । केको कानुन । झ्याप्प हिर्काउँछु फेरि । *(पिट्न खोज्दै)*

नवीन सर : *(छेक्दै)* पख्नोस् ! पख्नोस् भाउजू ! नपिट्नुहोस् ! त्यसरी पिट्नु हुन्न नि ! पिटेर केटाकेटी तह लगाउन सकिन्न अब पिट्नु पनि हुन्न । *(उत्सुक फिस्स हाँस्छ)*

आमा : पिट्न हुन्न रे । आफ्नै छोराछोरीलाई पनि पिट्न पाइन्न रे ! के भन्नुभएको सरले ? *(जिल्ल पर्दै)*

नवीन सर : हो भाउजू ! जथाभावी पिट्न पाइन्न कसैलाई पनि । आफ्नै छोराछोरीलाई पनि पिट्न पाइन्न । शिक्षक-शिक्षिकाले पनि छात्रछात्रालाई पिट्न, सजाय दिन पाइन्न । यस्तै कानुन बनेको छ ।

आमा : ए, हो र ! आफ्नै छोराछोरीलाई पिट्दा पनि कानुन लाग्छ रे ! कानुनले के गर्छ त सर ? *(उत्सुक हुँदै)*

नवीन सर : कानुनअनुसार सजाय हुन्छ । जेल पनि जानुपर्छ । त्यसैले अचेल स्कुलमा त विद्यार्थीलाई पिट्न र सजाय गर्न छोडिसकेका छन् ।

आमा : त्यसैले त केटाकेटी छाडा भएका रहेछन् । पढ्नुसढ्नु छैन, हा हा हु हु गर्‍यो, स्कुल बन्द गरायो, साथीभाइ मिल्यो, बाबुआमाको खल्ती साफ गर्‍यो, आमाबाबु र शिक्षकहरूलाई धम्क्यायो,

थर्कायो, क्या हाइसन्चो ! *(छक्क पर्दै)* हैन सर ! यिनीहरूले यस्तो गर्दा कुनै कानुन छैन त ? शिक्षक र आमाबाबुले पिट्दा मात्र कानुन लाग्ने हो ? मैले त कुरै बुझिनँ सर !

नवीन सर : त्यस्तो होइन । त्यस्ताको पनि कानुन छ तर त्यो कानुनभन्दा पनि आफ्ना कलिला बालबालिकालाई सुधार्न सम्झाई-बुझाई



गर्नुपर्छ । माया गर्नुपर्छ । हप्काएर, दप्काएर उनीहरूलाई सुधार्न खोज्नु हुँदैन । उनीहरू किन र कसरी बिग्रँदै छन्, अटेरी हुँदै छन् भन्ने कुरा थाहा पाउनुपर्छ । अनि त्यहीअनुसार व्यवहार गर्नुपर्छ । पिटेरमात्र बालबालिका तह लाग्ने हैनन् । बरु हठी र जिद्दीवाल बन्दै जान्छन् । यो नयाँ अवधारणा पनि हो ।

आमा : खै सर । अघि सफू र उत्सुक्लाई नुहाउन आओ भन्दा नाईं नुहाउँदिनौं भनेर तर्किए । जेसुकै होस् भनेर छोडिदिनुपर्ने हो मैले ? *(चित्त नबुझेको भावमा)* त्यसो गर्दा केटाकेटी झन् अटेरी बन्दैनन् र । उनीहरूले जे गरे पनि भयो हैन त सर । रोकटोक गर्ने भएन, कि कसो ?

नवीन सर : हैन । हैन । त्यसरी छोड्ने पनि होइन । हप्काउने र गाली गर्ने पनि हैन । सम्झाइ-बुझाइ गरेर फकाउनुपर्छ । यसो गर्नु हुन्छ यसो गर्नु हुन्न भनेर सम्झाउनुपर्छ । अनि त सम्झिहाल्छन् नि ।

आमा : खै ! सम्झाएकै हो । फकाएको पनि हो । आऊ बाबु-नानी हो नुहाउनुपर्छ । आज बिदाको दिन भन्दा झन्झन् भाग्न थाले । अनि समाउन लाग्दा भुईंमा लडिबुडी खेल्न थाल्यो । अनि कति सम्झाउने !

उत्सुक : अनि किन पिट्नुभएको त ?

आमा : मैले केही नगर्दै भुईंमा लडिबुडी गरेर लुगा फोहोर पार्न थालेपछि के गर्ने त । तँलाई नपिटी भो ? लुगा धुन कस्तो गाह्रो छ । त्यसमा पनि लुगा च्यातिने डर । भनेको मानेको भए कसैले पिट्छ र । आमाबाले सम्झाएको सम्झनुपर्छ । ज्ञानी हुनु पनि जान्नुपर्छ । पिट्न पाइँदैन भनेर धम्काउने हो त ?

नवीन सर : हो त नि । त्यसरी आमालाई धम्क्याउनु हुन्छ त ? आफ्नो हक खोज्नेले आफूले पनि भनेको मान्नुपर्छ । आफ्नो कर्तव्य पालना पनि गर्नुपर्छ । बालबालिकाको पढ्न पाउने बालअधिकार हो भन्दैमा नपढेर भो त ! पढ्नु त बालबालिकाको कर्तव्य हो नि ! त्यस्तै आमाबा र शिक्षकहरूबाट माया पाउनु छ भने उनीहरूले भनेको मानेर उनीहरूको मानसम्मान गर्नुपर्छ । उनीहरूले केटाकेटीकै भलो होस्, भविष्यमा असल मानिस बनोस् भनेर नै त सम्झाउँछन्, हप्काउँछन् र परिआएमा पिट्छन् पनि । तर त्यो पिटाइमा माया हुन्छ, ममता हुन्छ ।

उत्सुक : होला ! पिट्दा पनि माया हुन्छ कते । पिट्दा कस्तो दुख्छ ।

आमा : कुनै पनि आमाबाले आफ्ना केटाकेटीलाई पिट्न चाहँदैनन् । पिट्दा आफैँलाई दुख्छ । तर के गर्नु, बदमासी गरेपछि रिस उठिहाल्छ । *(उनलाई नमिठो लाग्छ, उत्सुक पनि मज्जा मान्दैन ।)*

नवीन सर : भाउजू, केटाकेटीलाई ज्यादा पुल्पुल्याउनु पनि हुँदैन, ज्यादा हप्काउनु र पिट्नु पनि हुँदैन । बेला न कुबेला हप्काउँदा र पिट्दा उनीहरू जिराहा बन्छन् र भनेको पटक्कै मान्न छोड्छन् । कोही कोही त झनै बदमास भएर निस्कन्छन् । त्यस्तै ज्यादा पुल्पुल्याउँदा पनि केटाकेटीहरू फुर्किएर अटेरी र जिद्दीवाल बन्छन् । त्यसैले केटाकेटी हुर्काउन ज्यादै विचार पुऱ्याउनुपर्छ । *(उत्सुक र सफू नवीन सरको कुरा ध्यान दिएर सुनिरहन्छन्)*

आमा : हो सर । यी दुई केटाकेटीले मलाई हायलकायल गरिसके ।

सफू : अँ होला । मैले के गरेकी छु र ! आज नुहाउन मन नलागेर त हो नि ! *(अँध्यारो मुख लगाउँछे)*

उत्सुक : आजै मात्र त हो नि ! अब म पनि यस्तो गर्दिनँ । (निन्याउँरो अनुहार लगाएर उभिरहन्छ)

नवीन सर : हो ! सफू र उत्सुक ज्ञानी छन् । उनीहरू पढ्न खूब मन गर्छन् । आमाबालाई पनि पिरोल्दैनन् हकि ! अब त झन् ज्ञानी, आज्ञाकारी र बुद्धिमान् बन्नेछन्, कसो ?

उत्सुक : हो सर ! हामी ज्ञानी बन्छौं । हामी आज्ञाकारी बन्छौं । अबदेखि नचाहिने कुरा पनि गर्दैनौं ।

सफू : हामी झगडा पनि गर्दैनौं, हकि दाइ । *(आमाको नजिक आएर)* आमा, म पहिला नुहाउँछु । लौ, मैले लुगा फुकालिसकें । *(उत्सुक पनि लुगा फुकाल्न थाल्छ)*

आमा : अबदेखि म पनि तिमीहरूलाई पिट्दिनँ । गाली पनि गर्दिनँ । *(आमा मुसुक्क हाँस्छिन्)*

नवीन सर : कस्ता ज्ञानी केटाकेटी ! ज्ञानी हुनु पनि जान्नुपर्छ । हकि ? *(मुस्कुराउँदै निस्कन्छन्)*

*पर्दा खस्छ ।*



**मोहनराज शर्मा (ढकाल)**
जन्म : वि.सं. १९९७ आश्विन २५
स्थान : दलकाप, धर्मस्थली, काठमाडौं
पिता : रुद्रप्रसाद शर्मा
माता : तारा शर्मा

पकाशित कृतिहरू

१. भाषासम्बन्धी : शब्दरचना र वर्णविन्यास (२०३१), शब्द रचना र वर्णविन्यास : भाषावैज्ञानिक पद्धति (२०३६)
२. नाटक : यातनामा छट्पटाएकाहरू (२०३९, मञ्चित), जेमन्त/यमा (२०४१), वैकुण्ठ एक्सप्रेस (२०४२), उताको बाघ (२०६१)
३. कथासङ्ग्रह : कोर्रा (२०४०), महाशून्य (२०५०), वैशरी (२०५४)
४. हास्यव्यङ्ग्य : च्याँखे धर्ना (२०२४), मि.भम्पु सिं डबल एम्. ए. (२०३८), पुछारको पातो (२०४०)
५. समालोचना : नेपालीका केही आधुनिक साहित्यकार (२०२६), कथाको विकास-प्रक्रिया (२०३५), शैलीविज्ञान (२०४८), समकालीन समालोचना (२०५५)
६. कथा, पटकथा र संवाद : भगवान रफूचा (टेलिशृङ्खला), मि.फत्ते (टेलिशृङ्खला), भालेभिडन्त (टेलिशृङ्खला), समय (टेलिशृङ्खला), आजका युवा (भिडियो फिल्म), राजिनामा (टेलिशृङ्खला)
७. सम्मान तथा पुरस्कार : मैनाली कथा पुरस्कार (२०४०), मदन पुरस्कार (२०४२), शिक्षा पुरस्कार (२०४४), प्रतिभा पुरस्कार (२०४८), सर्वश्रेष्ठ भिडियो पटकथा पुरस्कार (२०४७), त्रि.वि. दीर्घसेवा पदक (२०५३), विभिन्न सङ्घसंस्थाहरूबाट सम्मानित, अभिनन्दित ।

# तिमीहरू सान हौ

विद्यालयको हाताभित्र वार्षिकोत्सव तथा अभिभावक दिवस समारोहको चलहपहल छ । स्कुलेपोशाक पहिरेका तीनजना बालक र तीनजना बालिका हाँस्दै, रमाउँदै छिटोछिटो आई खासखास पाहुनाको स्वागत गर्न पङ्क्तिबद्ध भएर उभिन्छन् । त्यहाँ आउजाउ गरिरहेका अभिभावक र विद्यार्थीहरूलाई छिचोल्दै-छिचोल्दै टठ्यौलीपाराको एकजना तालुखुइले मान्छे बालक १ को छेउमा आइपुग्छ ।

बालक १ : *(तालुखुइले मान्छेसँग)* अङ्कल, हाम्रो विद्यालयको सानो आँगनीमा तपाईलाई न्यानो स्वागत छ ।

सबै : स्वागत छ, स्वागत छ ।

मान्छे : *(बालक १ सँग)* धन्यवाद बाबु, मलाई तिम्रो न्यानो स्वागत सारै मज्जाको लाग्यो ।

बालक १ : मलाई अङ्कलको खुइलेको तालु सारै मज्जाको लाग्यो, हा हा !

बालिका : *(बोलाउँदै)* अब एकछिन यतातिर पाइला चाल्नोस्, अङ्कल !

मान्छे : किन नानु ?

बालिका १ : *(रङ्गीचङ्गी कागतको माला दुवै हातले उचालेर)* गलामा यो माला पहिराइदिएर अङ्कलको सानदार अभिनन्दन गर्न ।

मान्छे : भो नानु, माला पहिर्‍यो कि भर्रर बिमिरा उम्रेर मेरो घाँटी चिलाउन थाल्छ ।

बालिका १ : त्यसो भनेर कहाँ हुन्छ अङ्कल, हाम्रो विद्यालयको परम्परा नै तोडिन्छ । यहाँ आउने हरेक अभिभावकको अभिनन्दन माला पहिराएर गर्ने हाम्रो उहिल्यैदेखिको चलन हो । बिन्ती छ अङ्कल, अलिकति निहुरिदिनोस् न ।

मान्छे : ओहो, मैले निहुरिनुपर्ने ! किन नि नानु ?

बालिका १ : म यति होची छु र अङ्कल त्यति अग्लो हुनुहुन्छ । मलाई त

आफ्ना हात अङ्कलको घाँटीसम्म पुऱ्याउनै धौ पऱ्यो भन्या ।

मान्छे : किन घाँटीसम्म हात पुऱ्याउने नानु, यसो थिचथाच गर्ने विचार त छैन ?

बालिका १ : आम्मै, त्यस्तो विचार किन गर्थे र ? अङ्कल, कागतको फूलबाट बनाइएको यो माला पहिऱ्याएर तपाईंको स्वागत गर्नुछ, अलिकति निहुरिदिनोस् न ।

मान्छे : *(निहुरिँदै)* ल नानु, अब मज्जाले माला पहिराऊ र मेरा घाँटीभरि चिलाउने एलर्जी फिँजाऊ ।

बालिका १ : हस्, अङ्कल !

*(बालिका १ ले मान्छेलाई माला पहिराउँछे । अरू सबैले ताली पड्काउँछन् । मान्छे पनि माला लगाएर गमक्क पर्दै अघि बढ्छ र बालक २ का सामु पुग्छ ।)*

बालिका २ : हरे, अङ्कलले त फेरि एकपटक निहुरिने दुःख बेहोर्नु पऱ्यो !

मान्छे : किन बाबुराजा ?

बालक २ : त्यो तपाईंलाई अघि सम्मान गरेर पहिराएको माला तपाईंका



घाँटीबाट झिक्न, अङ्कल !

मान्छे : पहिराएको माला झिक्दा त सम्मानका सट्टा अपमान गरेको पो ठहर्छ नि, सानुराजा ।

बालक २ : मलाई थाहा छ अङ्कल, तर यसपालि मालीका विरुद्ध फूलहरूको बन्द र हड्तालले गर्दा चाहिने जति माला जुटाउन सकिएन । अहिले हामीसँग कामचलाउन हतार-हतार बनाएको *(मान्छेका घाँटीतिर हेर्दै)* यही एउटा माला छ । अङ्कल, हामी यही माला पहिराएर आफ्ना आदरणीय अभिभावकको सम्मान गर्न र लगत्तै यही माला श्रद्धापूर्वक झिकेर अर्का अभिभावकका घाँटीमा झुन्ड्याई स्वागत गर्न बाध्य छौं ।

मान्छे : *(माला झिकेर दिँदै)* त्यसो हो भने सानुबाबु, लौ समात यो माला ! *(मान्छेले आफ्ना घाँटीबाट माला झिकेर दिनलाग्दा सबै बालबालिकाहरू रमाएर सुसेल्न थाल्दछन् । मान्छे घाँटी उचालेर टाउको बटार्दै रबाफसाथ बालिका २ तिर जान्छ ।)*

बालिका २ : *(मान्छे आफ्ना सामुन्ने आएपछि)* अङ्कल, नमस्कार !

मान्छे : नमस्कार, मैयाँ !

बालिका २ : अङ्कल, तपाईं कसको अभिभावक ?

मान्छे : त्यो माधव भन्ने केटो छ नि, म उसैको अभिभावक हुँ ।

बालिका २ : त्यो माधव भन्ने केटो कति कक्षामा पढ्छ नि, अङ्कल ?

मान्छे : मैयाँ, ऊ चार कक्षामा पढ्छ क्यार !

बालिका २ : चार कक्षामा त म पनि पढ्छु तर माधव भन्ने त कुनै विद्यार्थी छैन ! अङ्कल, उसको सेक्सन कुन हो ?

मान्छे : सेक्सन त मैयाँ, बी हो जस्तो लाग्छ ।

बालिका २ : सेक्सन बी त मेरो पनि हो तर आजसम्म मैले उसको नाकमुखै देखेकी छैन ।

मान्छे : अँ भर्खरै भर्ना भएको नयाँ केटो हो, त्यसैले मैयाँले नचिनेको होला ।

बालिका २ : अङ्कल, अहिले नयाँ भर्ना हुन त कोही पनि आएको छैन ।

मान्छे : मैयाँ, उसो भए यो विद्यालय नपरेर अर्कै विद्यालय परेछ क्यारे ! *(मान्छेको कुरा सुनेर सबै गलल्ल हाँस्छन् । ऊ खिसिक्क परेर अघि बढ्छ र बालक ३ काछेउमा पुग्छ ।)*

बालक ३ : अङ्कलको गोजीमा के छ ?

मान्छे : चुरोट छ बाबु, खाने ?

बालक ३ : छि छि, हामी चुरोट खान्नौं । स्टयाचुटरी वार्निङ इन्जुरियस टु लाइफ ! अङ्कल गोजीमा अरू के छ ?

मान्छे : रुपियाँ छ, लिन्छौ ?

बालक ३ : अरू के छ ?

मान्छे : मोबाइल छ ।

बालक ३ : अरू ?

मान्छे : रुमाल छ ।

बालक ३ : अङ्कलसँग कुनै हातहतियार छ कि छैन ?

मान्छे : आम्मै बाबु ! मसँग केको हातहतियार हुनु नि !

बालक ३ : हतियार छैन भने अङ्कल दुवै हात माथि उचालेर अगाडि बढ्नोस् ।

*(दुवै हात उचालेर मान्छे बालिका ३ का अघिल्तिर पुग्छ ।)*

बालिका ३ : अङ्कल, भित्र हलमा कार्यक्रम हुँदै छ, *(हातको इशाराले देखाउँदै)* ऊ, त्यताबाट जानोस् ।

मान्छे : हुन्छ, नानु ।

बालिका ३ : ल अङ्कल, बाइ ।

*(त्यस मान्छेले हलतिर जान डेगमात्र के सारेको हुन्छ, जसका जिउ र टाउकामा दनादन कागजका रकेटहरू बजारिन्छन् । उसले जिउ र टाउको मुसार्दै भुइँमा खसेको रकेट टिप्छ । उसलाई सबै बालबालिकाले एकैचोटि रकेट हानेका हुन्छन् ।)*

मान्छे : *(रकेट देखाउँदै)* मलाई रकेट हान्ने को को हुँ ? *(बालिका ३ सँग)* नानुले देखेको हुनुपर्छ, भन कसकसले हान्यो ?

बालिका ३ : *(बेसरी मुन्टो हल्लाउँदै)* मैले देखिनँ अङ्कल, *(छेउतिर देखाउँदै)* उसले देख्यो कि ?


मान्छे : *(बालक ३ सँग)* भन त बाबु, मलाई कसकसले रकेट हानेका हुन् ?

बालक ३ : मेरो आँखामा कसिङ्गर परेको हुँदा मैले देख्न पाइनँ अङ्कल, *(बालिका २ तिर औंल्याउँदै)* उसले देखी कि ?

मान्छे : *(बालिका २ सँग)* नानुले त पक्कै पनि देखेको हुनुपर्छ ।

बालिका २ : कहाँ देख्नु अङ्कल ? मेरो सम्पूर्ण ध्यान त आउँदै गरेका पाहुनातिर एकोहोरिएको थियो । *(बालक २ तिर औंल्याउँदै)* उसले देख्यो कि अङ्कल, एकपटक उसलाई सोध्नोस् न ।

मान्छे : *(बालक २ सँग)* तिमी भन त बाबु, मलाई कागतको रकेटले



हान्ने को को हुन् ?

बालिका २ : सत्ते अङ्कल, मेरो चश्माको पावर घटेकोले मैले ठम्याउन सकिनँ । *(बालिका १ तिर देखाउँदै)* उसले हो कि ?

मान्छे : *(बालिका १ सँग)* तिमीले त पक्कै देखेको हुनुपर्छ । नानु, भन त रकेट हान्ने को को हुन् ?

बालिका १ : मैले हानेको होइन अङ्कल (बालक १ तिर देखाउँदै) उसले हानेको होला !

मान्छे : *(बालक १ सँग)* बाबु, अरूसँगै तिमीले पनि मलाई रकेट हान्यौं, तर किन ?

बालक १ : *(अन्धोझैं छामछुम गर्दै)* म जन्मैदेखि केही नदेख्ने दृष्टिविहीन विचरालाई त्यसै दोष नलगाउनोस्, मुखै बाङ्गो होला !

मान्छे : *(छक्क परेर बालिका १ सँग)* नानु, *(बालक १ तिर सङ्केत गरेर)* यो अघि त अन्धो थिएन, यसले मेरो खुइलेको तालु मज्जाले देखेको थियो । छक्क पर्नुछ, यो अहिले जन्मअन्धो कसरी भयो ?

बालिका १ : *(लाटीको आवाजमा ऊ अन्धै हो भन्ने भाव व्यक्त गर्दै)* आआआ...इइइ...आआ...इइ...।

मान्छे : *(झन् छक्क परेर बालक २ सँग)* यो अघि सद्दे थी र ट्याउँट्याउँ बोलेको बोल्यै थी, *(दुवै काँध उचाल्दै)* यो पनि अहिले लाटी कसरी भई ?

बालक २ : *(लुलो पारेर दुवै हात र टाउको हल्लाउँदै)* तिनीहरू त्यस्तै हुन् र म पनि यस्तै हुँ ।

मान्छे : *(केही बुझ्न नसकेर बेसरी टाउको झड्कार्दै)* कुरो साँचो हो कि भ्रमको खेती मात्र हो, मैले त बुझ्ने छाडें ।

*(फलाक्दै मान्छे बालिका २ कहाँ पुग्छ । उसले पोलियो भएर आफ्ना खुट्टा र जिउ कुँजिएकोजस्तो तुल्याउँछे ।)*

बालिका २ : म सानैदेखि पोलियोबाट थलिएर यस्ती भएकी हुँ अङ्कल । म आफ्नो जिउ त राम्ररी धान्न सक्तिनँ भने मैले रकेट के गरी हान्नु ?

*(रनभुल्लमा परेको मान्छे बालक ३ का सामु पुग्छ । ऊ कान नसुन्ने बहिराका रूपमा प्रस्तुत हुन्छ ।)*

बालक ३ : *(खोक्रो किसिमको अनौठो आवाजमा)* म दुवै कान सुन्दिनँ अङ्कल, जे सोध्नु छ लेखेर सोध्नोस् ।

*(मान्छे दङ्गदास परेर बालिका ३ उभिएको ठाउँमा पुग्छ । ऊ पागलझैं खित्का छाडेर हाँस्न र लगत्तै क्वाँ क्वाँ गरेर रुन थाल्छे ।)*

बालिका ३ : हाहाहा । क्वाँ क्वाँ । हाहाहा...क्वाँक्वाँसुँक्क...! *(मान्छे वाल्ल परेर एकछिन उभिन्छ र दुवै हातले टाउको समातेर थचक्क बस्छ । एक्कासि सबै बालबालिका एउटै स्वरमा कराउँछन् ।)*

सबै : विकलाङ्गसँग मान्छे रिसाउँदैनन् भनेर हामीले त्यसो गरेका हौं । अब तपाईं समारोहमा जानोस् अङ्कल, कार्यक्रम सुरु हुने लाग्यो । *(तिनंको सद्दे आवाज सुनेर मान्छे झन् छक्क पर्छ । ऊ आश्चर्यमा डुब्दै र उम्किँदै समारोहस्थलतिर लाग्छ । उसतिर हेरीहेरी सबैजना पेट मिचीमिची हाँस्छन् । त्यत्तैमा छाता ओढेर एक घरेलु महिलाको प्रवेश । ऊ बालक १ का छेउमा आइपुग्छे ।)*

बालक १ : *(दुवै हात जोडेर)* नमस्ते, अन्टी !

महिला : *(छाता समाउन दिएर दुवै हात जोडी)* नमस्ते, बाबु !
बालक १ : *(छाता दिँदै)* अन्टी, तपाईंको निम्तोपत्र हेरौँ न ।
महिला : ज्या बाबु, त्यो त घरमै छाडेर आएँ ।
बालक १ : अन्टी, त्यो कार्ड नभई त भित्र जान मिल्दैन ।
महिला : अब के गर्ने बाबु, गएर कार्ड ल्याऊँ भने घर पनि टाढै छ ।
बालक १ : *(बालिका १ तिर देखाउँदै)* तपाई त्यहाँ जानोस् र आफ्नो समस्या नढाँटी भन्नोस् ।

*(महिला छाता बन्द गर्दै बालिका १ का छेउमा पुग्छे । बालिका १ ले उसतिर पुलुक्क हेर्छे ।)*

बालिका १ : *(पुलुक्क हेर्दै)* भन्नोस् अन्टी, के भन्नु छ ?
महिला : ए बाबु, आच्चे, नानु पो रैछिन् ! क्या नानु, आफ्नो निम्तो कार्ड घरमै बिर्सेर आएछु ।
बालिका १ : अन्टीले गल्ती त ठूलै गर्नुभएछ, तर केही छैन ! अब तपाईं आफ्ना दुवै कान समाएर *(बालक २ तिर देखाउँदै)* त्यहाँ जानोस् । *(महिला दुवै कान समाएर बालक २ का छेउमा पुग्छे । उसलाई त्यसरी आएको देखेर बालक २ खिसिक्क हाँस्छ ।)*
बालक २ : *(खिसिक्क हाँस्दै)* ओहो अन्टीले कान समातेको कस्तो सुहाएको ! भन्नोस् अन्टी, अन्टीको म के सेवा गरौं ?
महिला : बाबु, निम्तो कार्ड घरमै बिर्सेर आएछु । के गर्ने होला, कार्ड नहुँदा भित्र छिर्न समस्या पऱ्यो ।
बालक २ : त्यसो भए अन्टी, अब कान छाडी नाक समाएर *(बालिका २ तिर देखाउँदै)* त्यहाँ जानोस् ।
महिला : म त प्राणायाम गरेझैं नाम समाउँछु है बाबु, *(नाक समाउँदै)* यसरी !
*(महिला नाक समाउर बालिका २ का छेउमा पुग्छे ।)*
बालिका २ : मैले तपाईंको कुरो थाहा पाएँ, अन्टी ! कार्ड ल्याउन बिर्सिनेले आफ्ना पछाडि पुच्छर सिउरेर मात्र भित्र जान पाउँछ ।
महिला : पुच्छर अरे ? कस्तो पुच्छर, नानु ?
बालिका २ : कागतको लामो पुच्छर !
महिला : नानु, त्यो कागतको लामो पुच्छर कहाँ पाइन्छ त ?
बालिका २ : *(बालिक ३ तिर औंल्याउँदै)* अन्टी उसकहाँ जानोस्, उसैले पुच्छर टाँस्छ ।

*(महिला हत्त र पत्त बालक ३ तिर लाग्छे ।)*

बालक ३ : अन्टी, तपाईंका साइजको पुच्छर सकिएजस्तो छ । त्यै पनि म एकपटक नापो लिएर हेर्छु । अलिकति पछाडि फर्किनोस् त अन्टी, नापौं !

महिला : *(पछाडि फर्किंदै)* छिटो गर्नोस् बाबु, नापो लिंदालिंदै कार्यक्रम छुट्ला नि !

*(बालक ३ ले नाप्ने निहुँ गरी उसका पछिल्तिर कागतको लामो पुच्छर अड्काउँछ ।)*

बालक ३ : अन्टी, तपाईंका नापको एउटा मात्र पुच्छर बाँकी छ, *(बालिका ३ तिर औंल्याउँदै)* त्यहाँबाट लिइहाल्नोस् ।

*(महिला हतारिंदै बालिका ३ का सामुन्ने पुग्छे ।)*



महिला : नानु, यहाँ मेरो नापको पुच्छर छ रे, पाऊँ, न ।

बालिका ३ : अन्टी, त्यो पुच्छर त भर्खर एउटाले लग्यो !

महिला : *(आत्तिँदै)* अब के गर्ने ? कसरी भित्र जाने ?

बालिका ३ : *(कागतको रकेट दिँदै)* अन्टी, यो देखाएर भित्र जानुभए हुन्छ, तपाईंलाई कसैले पनि रोक्तैन ।

महिला : *(रकेट लिँदै)* उसो भए म जाऊँ त, कसैले रोक्तैन हकि ?

सबै : रोक्तैन अन्टी, रोक्तैन !

*(महिला चालै नपाई कागतको बडो पुच्छर हल्लाउँदै कार्यक्रम हलतिर लाग्छे । त्यो देखेर सबै बालबालिकाहरू मुखामुख गरी खितित्तखितित्त हाँस्न थाल्दछन् । त्यत्तिकैमा ठूलै हल्लाखल्ला सुनिन्छ र विद्यालयका प्राचार्यलाई घिसार्दै अघिको ठट्यौलोपाराको तालुखुइले मान्छे आउँदै गरेको देखिन्छ । उसको अनुहार र गतिविधि अहिले एकदमै डरलाग्दो देखिएको छ । उसको एउटा हातमा घातकखालको ठूलो चुपी पनि रहेको छ । उसका पछिपछि तर्सेका र डराएका शिक्षक, अभिभावक र विद्यार्थीहरूको हुल छ । आफ्ना प्राचार्यलाई त्यसरी अपहरण गरेर लैजाने लागेको देखेर स्वागतमा खटिएका छ जना बालबालिकाहरू रहस्यपूर्ण ढङ्गमा एकअर्कातिर हेर्छन् र 'तयार, तयार' भन्दै छरिएर लुक्छन् ।)*

मान्छे : *(प्राचार्यलाई लछारपछार र कुटपिट गर्दै अनि छुरी देखाएर धम्क्याउँदै)* खुरुक्क हिँड प्राचार्य, नत्र पाता फर्काएर लैजानुपर्ला ।

प्राचार्य : *(चर्को विरोध गर्दै)* म किन जाने र कहाँ जाने ? अहँ, म यहाँबाट कतै जान्न ।

मान्छे : यस स्कुलमा ठूलै आर्थिक हिनामिना भएको छ, त्यसैबारे केही कुरा बुझ्न पर्‍यो हिँड् !

प्राचार्य : मैले केही गरेको छैन, मेरा विरोधीहरूले मलाई त्यत्तिकै मुछेका हुन् । म आफू निर्दोष रहेको प्रमाण पनि दिनसक्छु । बिन्ती छ, मलाई यसरी अपहरण गरेर नलैजाऊ ।

हूल : *(कराउँदै)* प्राचार्य असल मान्छे हुन्, उनलाई छाड ।

मान्छे : होइन, यो भ्रष्ट र बेइमान हो । यसलाई कारवाई नगरी त्यसै छाड्न मिल्दैन ।

प्राचार्य : म निर्दोष छु, मलाई छाड । हेर, घरमा मेरी आमा सिकिस्त

हुनुहुन्छ ।

हूल : *(कराउँदै)* प्राचार्यलाई छाड्नैपर्छ, उनलाई यसरी लैजान पाइन्न ।

मान्छे : *(हातको छुरी देखाउँदै)* तिमीहरू चूप नलागेर बढी ट्याउँट्याउँ गर्छौ भने एकअर्कालाई मुलाको चानाझैं गिँडेर गिद्धलाई खान दिन्छु । *(हावामा छुरी नचाउँदै)* भाग, यहाँबाट तुरुन्त गइहाल । *(मान्छेले छुरी नचाएको देखेर तर्सेको हूलले एक्कासि हल्लाखल्ला बन्द गर्छ । मान्छे निष्ठुरीपाराले प्राचार्यलाई घिच्याउँदै अग्रभागमा आइपुग्छ । त्यहाँ लुकेका बालबालिकाहरू सहसा बेसरी चिच्याउँदै यता र उताबाट बाहिर निस्किन्छन् र कागतका रकेटले त्यस मान्छेका आँखा ताकेर भकाभक हिर्काउन थाल्छन् । टुप्पामा तीखातीखा आलपित राखिएका ती रकेट लागेर उसका दुवै आँखा फुट्छन् र उसका हातको छुरी पनि भुइँमा झर्छ । ऊ पनि मुख र जिउभरि तीखातीखा आलपिन घोपिएर सख्त घाइते भई भुइँमा पछारिन्छ । हूलका सबैले मिलेर त्यस मान्छेलाई काबुमा लिन्छन् र प्राचार्यलाई उसबाट मुक्त गराउँछन् ।)*

प्राचार्य : *(भुइँमा लडिराखेको तालखुइले मान्छेतिर देखाउँदै)* हामीलाई तर्साएर चन्दा असुल्न आएको यस बदमासलाई चौकीमा बुझाउनुपर्छ । *(छ जना बालबालिकालाई अँगालो हाल्दै)* स्याबास, तिमीहरू चकचके मात्र होइन बहादुर पनि रहेछौ ! तिमीहरूले आज यस बदमाससँग भिडेर सारै राम्रो काम गऱ्यौ । साँच्चै, तिमीहरू यस विद्यालयका सान हौ र आज तिमीहरूलाई विद्यालयले पुरस्कार प्रदान गर्छ ।

*(सबैले बेसरी थपडी पिटेपछि)* आउनोस्, अब आजको बाँकी कार्यक्रम पूरा गरौं ।

*(सबैजना नाच्दै, उफ्रिँदै र रमाउँदै पछिल्लो भागतिर लाग्छन् । त्यो ठट्यौलीखालको तालुखुइले मान्छे पनि उही छजना बालबालिकाले एकअर्काको हात समाएर तयार पारेको गोलो घेराभित्र रही टाउको निहुराएर हिँडिरहन्छ ।)*



# रमेश विक्रल

नाम : रामबाबु चालिसे

कार्यालयी : रामेश्वर शर्मा चालिसे

साहित्यिक : रमेश विकल

जन्म मिति : वि.सं. १९८५ कार्तिक, भाइटीका

जन्म स्थान : गोकर्ण, आरुबारी

माता : छायादेवी चालिसे (भण्डारी)

पिता : चन्द्रशेखर उपाध्याय चालिसे

साहित्यिक जीवनमा प्रवेश : २००५ साल, सन्देश हस्तलिखित मासिक
पहिलो प्रकाशित रचना : 'गरिब' कथा (शारदा, २००६ चैत्र)

प्रकाशित कृति

कथा सङ्ग्रह : बिरानो देशमा, नयाँ सडकको गीत, एउटा बूढो भ्वाइलेन : आशाभरीको धूनमा, आज फेरि अर्को तन्ना फेरिन्छ, शव, शालीक र सहस्र बुद्ध, उर्मिला भाउजु, हराएका कथाहरू

उपन्यास : सुनौली, अबिरल बग्दछ इन्द्रावती, सागर उर्लन्छ सगरमाथा छुन, विक्रम र नौलो ग्रह (किशोर उपन्यास)

अनुबाद : समुद्री हुँडार (उपन्यास), भष्मासुर (विज्ञान उपन्यास, मेरी शेलीको), इन्द्रजाली रूख (बालउपन्यास), उर्दू, हिन्दी र अङ्ग्रेजीबाट फुटकर कथाहरू

बालसाहित्यहरू : तेह्र रमाइला कथाहरू, पंचतन्त्रका कथाहरू, कथा कुसुम, अँगेनाको डिलमा, हिँउदे छुट्टी, सात थुँगा, बाह्र महिनाको गीत, दिल माया, म र मेरो घर, अब तिमी नरोऊ किरण, विश्वप्रसिद्ध बालकथा भाग-३, ४, पीटर र ब्वाँसो, एउटा कथा भन्नु न हजुरआमा, रमेश विकलका उत्कृष्ट बालकथाहरू, हराएको चिठी

५. नाटक र एकाङ्की सङ्ग्रह - सप्त रङ्ग, सर्दार भक्ति थापा, मिल्किएको मणी, मानिस, वैभव र मृत्यु

६. आत्मकथा - मेरो अबिरल जीवन गीत

२. संलग्नता - सदस्य- नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०५१-५६
पूर्व अध्यक्ष- नेपाल बालसाहित्य समाज
संस्थापक अध्यक्ष- भैरव पुरस्कार गुठी

# अब तिमी नरोऊ किरण !

पात्रहरू

*(हरि-१२ वर्ष, चम्पा-११ वर्ष, गोपी-१० वर्ष, अरुण-१४ वर्ष, श्याम-१४ वर्ष, आशिष-१२ वर्ष, किरण-१३ वर्ष, माया-१५ वर्ष, गीता-१० वर्ष, प्रतिमा-९ वर्ष, अमर-१६ वर्ष, विक्रम-१६ वर्ष, प्रधान अध्यापक-४५ वर्ष, निरिक्षक-४० वर्ष, टीके :कुकुर)*

समय : स्कुलको खाजा खाने बेला

स्थान : स्कुलको चौर

*(स्कुलको घण्टी बज्छ । केटाकेटीहरू कक्षाबाट निस्केर कल्याङमल्याङ गर्दै चौरमा निस्कन्छन् । खुशी हुँदै उफ्रँदै कोही, कोही खेल्न थाल्छन् कोही कोही ।)*

समूह स्वर : खाजा खाने छुट्टी !...घण्टी बज्यो !...हुर्रे !....खेल्ने छुट्टी !

*(मायाको टोली छुट्टै चौरमा एकातिर गएर बस्छ । त्यहाँ गीता, माया, प्रतिमा, अमर र विक्रम छन् । उनीहरू कक्षाबाट निस्केपछि बरन्डामा बसिरहेको टीके पनि उफ्रँदै-नाच्दै उनीहरूनजिकै गएर बस्छ ।...सबै खाजा खान थाल्छन् । (त्यसैबेला श्यामको टोली पनि नजिकै आएर हल्लाखल्ला गर्दै उफ्रन थाल्छ ।)*

हरि : *(उफ्रँदै)* खेल्ने छुट्टी ! खाजा खाने छुट्टी...हुर्रे !

चम्पा : तर के खेल्ने आज ?...हिजोजस्तो नखेल्ने !....छ्या त्यस्तो मेरो !

हरि : आज भकुण्डो खेल्ने !

गोपी : छ्या: सधैं भकुन्डो ! कति खेल्ने भकुन्डो ? अर्कै केही खेलौं न ।

अरुण : त्यसो भए कपर्दी खेल्ने ।

चम्पा : *(ताली पिट्तै)* हो !...हो ! लौ कपर्दी नै खेल्ने !

गोपी : त्यसो भए एउटा टोलीको नाइके श्याम दाइ !...अर्को टोलीको

हरि !...हुन्छ ?

अरुण : हुनुहुन्छ !...*(तिघ्रा ठटाउँदै दगुर्छ)* कपदी ! कपदी ! हुतुतुतुतुतु...हुतु कपदी...दान कपदी, झेल कपदी...कपदी कपदी, कपदी कपदी !

हरि : पख न ! पहिले कुन-कुन टोली कताकता बस्ने, त्यो त निधो गर !..को, को कुन-कुन टोलीमा बस्ने । त्यो पनि त...मिलाउनुपर्‍यो !...मान्छे नै नमिलाई...

गोपी : म त श्यामतिर बस्छु ।

अरुण : म पनि श्यामतिरै !

हरि : अनि मतिर को बस्ने त ?

श्याम : तँतिर चम्पा, बद्री र कृष्णे भैगो नि !

आशिष : अनि म नि !...म कता बस्ने नि ?

चम्पा : तँ श्याम दाइतिर भैगो नि !....

आशिष : लौ, लौ हुन्छ, हुन्छ !...श्याम दाइ, अरुण, गोपी, आशिष एक टोली, हरि, चम्पा, कृष्णे, बद्री एक टोली !...लौ हुतु कपदी दान कपदी...कपदी कपदी *(तिघ्रा ठटाउँदै चारैतिर दगुर्छ ।)*

अरुण : मायाहरूलाई पनि डाकौं न !

चम्पा : *(चिढिएर)* किन डाक्ने तिनीहरूलाई ?...भो नडाक्ने । हामीसँग नमिल्नेहरू !


हरि : हो, उनीहरूलाई हामीसँग नमिलाउने !...मिल्छौं भनेर आए पनि नमिलाउने !...उनीहरू पढैया..असल मान्छे...

श्याम : ठीक छ, ठीक छ !...नडाक्ने । ल बच्छी राख !...कुन टोली कता बस्ने मिलाऔं ।

*(दुई टोली दुइतिर छुट्टिन्छन् । बीचमा झोला, लुगा, पुस्तकहरू राखेर बच्छी बनाइन्छ)*

अरुण : *(अर्को टोलीतिर दगुर्दै)* हुतुतुतुतुतु... कपदी, कपदी ! हुतु कपदी ! दान कपदी झेल कपदी !...खेल कपदी ! हुतुतुतु !... *(हरिको टोली अरुणलाई समात्न खोज्छन् !...अरुण उनीहरूमध्ये एउटालाई-बद्रीलाई छोएर आफ्नो टोलीतिर भाग्न खोज्छ । तर अरूले समातेर तान्छन् । ऊ बच्छी (सिमाना) काट्न सक्तैन र समर्पण गर्छ । त्यसैबेला किरण त्यहाँ देखिन्छे । ऊ जन्मलङ्गडो छे । त्यसैले वैशाखी टेकेर आउँछे ।)*

चम्पा : *(श्यामलाई कोट्याउँदै)* ए श्याम दाइ, श्याम दाइ ! हेर न त्यो लङ्गडी सधैं हामीले खेल्ने बेलामा आउँछे ।



श्याम : त के भयो त ऊ आएर ?...आउँछे, हेर्छे जान्छे ।

चम्पा : अलच्छिन लाग्छ के त्यस्ता लङ्गडीको मुख हेर्दा । ए लङ्गडी !...किन आइस् लङ्गडी ?...*(किरणतिर झम्टदै)* लौ भाग् !...भाग् !...भागिहाल् !

गोपी : ए लङ्गडी ! हा ! हा ! लङ्गडी ! लङ्गडी !...

चम्पा : *(खल्याङखुट्टी गर्दै किरणको चारैतिर घुम्दै)*...खल्याङखुट्टी बासुदेउ !...तीनानाको मासु देऊ ! लङ्गडी दमिनी !...लङ्गडी !...यति नाना फाट्यो, मुसादाइले काट्यो, सिइदे न डुमिनी !...

किरण : *(रुन्चे स्वरमा)* किन ?....हामी आउन पनि नपाउनु ?...हेर्न पनि नपाउनु ?

हरि : किन आउनुपर्‍यो त हामी खेलेको ठाउँमा ? आउन पाइन्न

भनेपछि...

चम्पा : हाम्रो खेल्ने चौरमा ।...हाम्रो स्कुलको चौर त हो नि !

अरुण : भैगो नि चम्पा ! हेर्न देऊ न ।...हेरेर के भो त ?

हरि : केको भैगो नि ! हाम्रो चौरमा...

किरण : यो तिमेरुको चौर हो कि ?...

चम्पा : किन होइन त ! के तेरो हो त यो चौर ? हाम्रो स्कुलको चौर त हो नि !

हरि : ए आशिष ! खोस् न त्यसको लट्ठी ।...अनि कसरी उभिँदी रहिछ ।...

आशिष : खोस्तिनँ म त ! बिचरी लड्छे ।...तैँ खोस्न...।

हरि : लडे के त...*(अगाडि बढेर बैशाखी खोस्न खोज्छ)*

किरण : *(हरिसँग सङ्घर्ष गर्दै)* न...नगर भन्या ।...ऐले ।...हामी लड्छौँ भन्या ।...ल SSS ऐले ।

चम्पा : खोस् खोस् हरि ।...लडे लड्छे । *(ताली पिट्तै)* लङ्गडी लङ्गडी लडी लङ्गडी ! *(हरि किरणको हातबाट लट्ठी (बैशाखी) खोसेर फालिदिन्छ ।...किरण लडेर रुन थाल्छे ।)*

हरि
गोपी : *(गल्ल हाँसेर किरणको चारैंझिदैं)* हा: हा: लङ्गडी ! लडी
चम्पा

लङ्गडी ! खल्याङ खुट्टी बासुदेउ । तीनानाको मासु देऊ ।...हा:हा: लङ्गडी ।

चम्पा : छि:छि: लङ्गडी हु: हु: लङ्गडी ।...लङ्गडी ! लङ्गडी ! लङ्गडी !*(किरणको असहाय रुवाइले पर बसेका मायाको टोलीको ध्यान खिच्छ ।)*

माया : के भयो त्यहाँ ?...त्यो केटी किन रुन लागेकी ?

गीता : हेर्नोस् न माया दी ! त्यो चम्पी, हरिहरूले आज पनि त्यो लङ्गडी केटीलाई दु:ख दिन थाले !

माया
प्रतिमा } : कस्ता दुष्टहरू !
: हेर्नोस् न त्यो बिचरी लङ्गडीको लट्ठी खोसेर लडाइदिए ।

टीके : *(हरिको टोलीतिर)* हाउँ हाउँ ।...भुक्...भुक्...हाउँ ।

अमर : हिंड विक्रम ! अब त यी दुष्टहरूलाई झ्याँको नझारी भएन ।

विक्रम : हो ! अत्याचारै गर्न थाले यिनीहरूले त ।...हिंड माया !

माया : हिंड ।....(माया विक्रमका टोली हरिहरूतिर जान्छन्)

चम्पा : *(किरणको चारैतिर घुम्दै ताली पिट्दै)*... लङ्गडी, लङ्गडी ए लङ्गडी !...तीनानाको मासु दे न लङ्गडी ।

माया : *(तीव्र स्वरमा)* चम्पा ! यो बिचारीलाई किन दुःख दिएकी ? के बिराम गरी यसले तिमीहरूका ?

हरि : जे गरे पनि के मतलब तिमीहरूलाई !...त्यसै बीचमा आएर बोल्ने !

अमर : *(अगाडि सरेर)* के रे ?..के मतलब रे ?...देखाइदिऊँ तँलाई मतलब ?

हरि : लौ देखा त ?...तेरी स्वास्नी हो कि त्यो लङ्गडी !

अमर : *(झम्टिँदै)* के रे ?...के भनिस् तैंले ?

माया : पख अमर !...*(अगाडि सरेर)* यो बिचरीलाई बिनाकारण दुःख दिन तिमीहरूलाई के मतलब नि ?...

चम्पा : यो हामीले खेलेको किन हेर्न आइरहन्छे त ?

गीता : तिमीहरूले खेलेको पनि हेर्न नहुने ?...किन चौरमा आएर खेलेका त ?...जाऊ न कोठैमा गएर खेल !

प्रतिमा : हो त ! जाऊ न आफ्नै कोठामा गएर खेल ।...चौरमा गाएर खेलेपछि...

हरि : कोठामा कोही खेल्छन् कपर्दी ? ...चौरमै खेल्ने हो नि...

माया : अनि चौरमा खेलेपछि अरूले हेऱ्यो भनेर किन कपाल दुख्यो त तिमीहरूको ?

चम्पा : यो हाम्रो चौर त हो नि, हाम्रो इस्कुलको चौर !

गीता : के यो स्कुल तिमीहरूको मात्रै हो कि ?

प्रतिमा : तिमीहरूको मात्रै चौर हो कि यो ?

हरि : त्यो लङ्गडी हाम्रो स्कुलमा पढ्छे त ?...अनि किन आएकी त त्यो यहाँ ?...त्यो लङ्गडी ।...

विक्रम : हो तिमीहरू गरिब, असहायलाई दुःख दिनेचाहिँ सद्दे होउला होइन ?...*(माया गएर किरणलाई उठाउन खोज्छे)*

माया : भो नरोक !...हामी तिमीलाई खेलाउँला ।

विक्रम : *(कठोर स्वरमा)* उसको लट्ठी फालेर उसलाई लडाउने को हो ?...त्यो लट्ठी खुरुक्क ल्याएर उसलाई दे ।...नत्र...

गोपी : *(अगि सरेर)* नत्र के गर्छस् त तैंले ?...

विक्रम : हेर्छस्, के गर्छु ?...*(कठालो समातेर)* तेरो पनि हातखुट्टा भाँचेर ऊजस्तै तुल्याइदिन्छु ।



गोपी : *(रुन्चे स्वर)* न...छोड् भन्या !...न SS नगर भन्या ! ए श्याम !...ए हरि !...हेर न अर्कालाई ।

श्याम : *(विक्रमतिर बढ्दै)* छोड्दे विक्रम गोपीलाई ! अहिले हेर है !...

विक्रम : छोडिदिऊँ ?...लौ त्यो लट्ठी ल्याएर दे खुरुक्क !

माया : *(विक्रमलाई तान्न खोज्दै)* भैगो विक्रम जान देऊ ।

विक्रम : जान दिऊँ !...किन ?...निहुँ खोज्नेलाई किन छोड्नु ?

अमर : गोपी ! त्यो लट्ठी तैंले खोसेर फालेको होइन ?

गोपी : *(फुलेको स्वरमा)* हरिले भनेर त हो नि !

हरि : *(झम्टा दिएर)* मैले भनेर ?...साले । मैले उसलाई लडा भनें कि ?...आफू धक्का दिएर लडाउँदो रे'छ अनि...अहिले मलाई...

माया : अर्कोले बदमासी गर् भन्यो भन्दैमा खुरुक्क गर्ने हो त ?...उसले 'ऊ त्यो फोहोर खा' भन्यो भने त खुरुक्क खान्छन् त ?...लौ त्यो लट्ठी टिपेर दे खुरुक्क !

चम्पा : नदे ब्यारे गोपी !

गीता : कस्ती दुष्ट !...केटी भएर पनि दुष्ट !...म टिपेर दिउँ माया दी ?

अमर : पर्दैन !...जसले फालेको हो, उसैले ल्याउँछ !...हरिले फाल् भनेर गोपीले फालेको भए कि गोपीले ल्याउँछ, कि हरिले !

गोपी : मैले त हरिले फाल भनेर फालेको त हो नि, म त ल्याउन्नँ के !

विक्रम : ल्याउन्नस् त !...साँच्चै ल्याउन्नस् ?

अरुण : *(अघि सरेर)* भैगो विक्रम ! हरिले फाल् भनेको हरिले नै ल्याउँछ ।

हरि : ल्याउन्नँ जा ! तैंले नै !

श्याम : खुरुक्क ल्याएर दे हरि !...झगडा किन गर्नु ।

माया : मन मिले झगडा किन गर्नुपर्छ र ?...हरि ! जाऊ त त्यो ल्याएर उसलाई देऊ !*(हरि अझै चल्दैन, जिराहा भएर बस्छ ।)*

श्याम : *(आज्ञाको स्वरमा)* जा भनेपछि जा न खुरुक्क !

*(हरि गाह्रो मान्दै गएर भुइँमा मिल्किएको वैशाखी ल्याएर किरणलाई दिन्छ ।)*

माया : हेर श्याम !...तिम्रा साथीहरूमा सबैभन्दा ठूला र बुजकी तिमी । उनीहरूलाई तिमीले पो सम्झाउनुपर्छ । बिनाकाम निर्धा, दुब्ला, लुलालङ्गडा-अपाङ्गहरूलाई दुःख दिनु हुन्न । बरु सके माया गर, मद्दत गर !

विक्रम : हेर् श्याम, तैंले वा तेरा साथी कसैले किरणलाई र ऊजस्तै निर्धादुब्लालाई दुःख दियौ भने राम्रो हुने छैन, भनिदिया छ ।

श्याम : *(आफ्नो टोलीसँग)* लौ हिंड जाऊँ !

*(श्यामको टोली जान्छ । गीता किरणलाई उठाउने उपक्रम गर्छे ।)*

गीता : लौ उठ !...तिनीहरू गए ! अब उनीहरूले तिमीलाई दुःख दिन सक्तैनन् !...उठ !

माया : *(किरणको शिर मुसार्दै)* तिम्रो नाम के ? ...तिमी कहाँ बस्छौ ?

किरण : *(सुँक्कसुँक्क गर्दै)* किरण ।

माया : घर कहाँ नि ?

किरण : *(चौरको पारिपट्टि खेततिर औंलाले देखाउँदै)* ऊ त्यो खेतको छेउमा ।

विक्रम : तिमी यहाँ के गर्न आएकी त सकिनसकी ?

किरण : *(सुँक्कसुँक्क)* मलाई पनि खेल्न मन लाग्छ ।...मेरो कोही साथी छैन ।...त्यसैले !

प्रतिमा : भैगोभैगो नरोऊ...हेर ! हामी तिमीलाई साथी बनाइहाल्छौं नि !...तिनीहरूले खेल्न नदिए हामी खेल्न दिन्छौं । हगि माया दी ?

माया : *(हाँस्तै)* हो हो पुर्खिनी बूढी ! *(किरणसँग)* लौ नरोऊ । अबदेखि तिमी हाम्रो साथी !...तिमी हामीसँगै खेलौली ।

किरण : म कसरी खेलनु ?...लट्ठी नभई उभिनै सक्तिनँ ।

माया : तिमीले खेल्न सक्ने खेल पनि त छन् नि । बसेर खेल्ने खेल ।

गीता : हो, हामी बसेर खेल्ने खेल खेलौंला !

टीके : *(खुशीले चारैतिर उफ्रँदै)* हाउ ! हाउ !...भुक्...भुक् भुक् ।

प्रतिमा : लौ टिकेले पनि हुन्छ भन्यो । *(ताली पिट्तै उफ्रन्छे)*

अमर : तिमी पढ्दिनौ किरण ?

किरण : *(मुन्टो हल्लाएर नकार्छे)* अहँ...

विक्रम : किन त ? ...पढ्न मन लाग्दैन ?

किरण : पढ्न त मन लाग्छ तर हाम्रो आमाले पठाउनुहुन्न ।...फेरि कहाँ पढ्ने ?...कसले पढाउँछ ?

प्रतिमा : किन ?...तिमी पनि हाम्रै स्कुलमा पढ न !...हाम्रो हेडसरलाई भनेर...

विक्रम : किन ?...किन पठाउनुहुन्न तिम्रो आमाले ?

किरण : हाम्रो आमा गरिब हुनुहुन्छ ।...फेरि छोरीले पढेर के गर्नु भन्नुहुन्छ ।

माया : के छोरीले पढ्नुहुन्न रे ?...अनि तिम्रो बा हुनुहुन्न ?

किरण : बा त हुनुहुन्न ! म पेटमै हुँदा लाहुर जानुभा' उतै मर्नु भयो रे !

अमर : अनि आमा के गर्नुहुन्छ नि ?

किरण : आमा त भक्तिनी बज्यैकहाँ भाँडा माझ्नुहुन्छ । अनि सुबेदार्नी आमाको काम पनि गरिदिनुहुन्छ ।

विक्रम : ए ! तिमीलाई पढाउन सक्नुहुन्न ? फिस तिर्न, पुस्तक, कापी, कलम किन्न...

माया : धन्दा नमान किरण ! तिमी पढ्छौ भने हामी मद्दत गरौंला ।
प्रतिमा : हेडसरसँग भनेर फिस माफ गराइदिउँला, होइन त माया दी ?
गीता : अनि कलम-पुस्तक किन्न हामी पैसा दिउँला ।
माया : तिम्री आमालाई हामी मनाउँला ।
अमर : लौ हिंड, हामी तिम्री आमासँग भेटेर कुरा गर्छौं ।
किरण : आमा त अहिले घरमा हुनुहुन्न, मेला जानुभा'छ ।
माया : केही छैन, हामी तिम्री आमासँग भरे साँझ कुरा गरौंला । साँझ त आउनुहुन्छ, होइन ?
किरण : चाँडै नै आउनुहुन्छ ।
माया : त्यसो भए हामी स्कुल छुटेपछि आउँला । पहिले हेडसरसँग कुरा गरौं न, हुन्न अमर ?
अमर : ठीक छ । पहिले हेडसरसँगै कुरा गरौं ।
माया : लौ त अहिले तिमी घर जाऊ किरण । भरे फेरि भेटौंला । हामी पनि कक्षामा जान्छौं ।...घण्टी लाग्ने बेला भो ।
प्रतिमा : *(कराएर)* माया दी !...हेडसर त यतै आउँदै हुनुहुन्छ ।
गीता : अर्को नौलो मान्छे पनि छ ।*(प्रधानअध्यापक, सहायक प्रधान र अर्को एक जना भद्र मानिस त्यहीं आउँछन् ।)*
सबै : *(एकै स्वर)* नमस्कार सर !...नमस्कार मिस् ।
प्र.अ. : ए माया, विक्रम ! तिमीहरू यहीं छौ ? *(नौलो मानिससँग)* उहाँ हाम्रो शिक्षा निरीक्षकज्यू !...निरीक्षकज्यू !...मैले यहाँसँग कुरा गरेका यिनै केटाकेटी हुन् ।
निरीक्षक: *(मायासँग)* नानी तिम्रो नाम के हो ?...कुन कक्षामा पढ्छौ ?
माया : नौमा पढ्छु सर !...मेरो नाम माया !
निरीक्षक: *(सबैलाई हेर्दै)* अनि...?
अमर : म अमर ! म पनि मायाकै कक्षामा पढ्छु !
विक्रम : म विक्रम !...म कक्षा दशमा पढ्छु !
प्रतिमा : म प्रतिमा !...म पाँच कक्षामा पढ्छु ।...मलाई सबैले छुनुमुने भन्छन् । *(सबै गलल्ल हाँस्छन्)*
गीता : अनि पुर्खिनी बूढी पनि भन्छन् ।...
निरीक्षक: तिमी आफू नि ?...तिम्रो नाम के नि ?...कुन कक्षामा पढ्छौ ?...अनि तिमीलाई के भन्छन् नि ?
गीता : मलाई त केही पनि भन्दैनन् । गीता भन्छन् ।...छ कक्षा...
निरीक्षक: तिमीहरूको बयान त हेडसरले खुबै गर्नुहुन्छ नि !

टीके : *(निरीक्षकको मुखतिर हेर्दै)* भाउभाउ...भुक्भुक्...कुईंकुईं...
प्रतिमा : सर, ऊ टीके पनि सरसँग कुरा गर्दै छ ।
गीता : हो सर !...यो हाम्रो टीके ।...यो पनि हामीसँग पढ्छ- सबैसँग ।
प्र.अ. : तर स्कुलबाहिर बरन्डामा, पालेसँग बसेर ।*(सबै गलल्ल हाँस्छन्)*
निरीक्षक: तिमीहरूसँग भेटेर बडो खुसी लाग्यो ।
प्र.अ. : निरीक्षकज्यू । यी पाँच-सात केटाकेटी छन्...।
गीता : आलोक र उत्पल आज आएका छैनन् सर ।...प्रीति पनि छैन ।
प्र.अ. : ...अँ, त यी मेरो स्कुलमा नवरन्त हुन् । *(किरणतिर हेरेर)* अँ यो केटी को नि ?...
प्रतिमा : यो किरण हो सर ।...ऊ त्यो घरमा बस्छे ।...ऊ लङ्गडी छ...
माया : *(अलि हप्की)* चूप लाग प्रतिमा !...मुखमा आएको बोलिरहनु हुन्न क्या !...अँ त सर । यो बिचरी पढ्न इच्छा गर्छे, तर पढ्न पाउन्न ।...
निरीक्षक: किन ?...किन पढ्न पाउन्न ?...पढ्न पाउनु त केटाकेटीको जन्मसिद्ध अधिकार हो ।
अमर : भनेर के गर्नु सर ! त्यो त मन्त्रीज्यूहरूका भाषणमा मात्र हुन्छ । तर किरणजस्ता केही नहुने, कोही नहुनेलाई कसले दिलाउँछ त्यो अधिकार ?
माया : हो सर ! किरणका बा हुनुहुन्न । आमा अर्काको भाँडा माझेर पेट पाल्नुहुन्छ ।...कसले पढाउँछ किरणलाई ?
प्रतिमा : अनि क्या सर !...चम्पा, हरिहरू स्कुलको चौरमा आई भनेर उसलाई दुःख दिन्छन् ।
गीता : हो सर, अघि पनि गोपीले उसको लट्ठी खोसेर फालिदियो, उसलाई लडाइदियो ।
प्र.अ. : बदमास हुन् तिनीहरू । यो स्कुलका धमिराहरू ।...पख म तिनलाई सजाय गरौंला ।
माया : पर्दैन सर ! अबदेखि उनीहरू त्यसो गर्ने छैनन् ।
प्र.अ. : *(हाँसेर)* माया तिम्रो यही गुणले गर्दा त तिमीलाई सबैले माया गर्छन् । तिमीलाई दिदी भन्छन् ।
गीता : सर ! किरणले हाम्रो स्कुलमा पढ्नु हुन्न ?
प्र.अ. : किन नहुनु ! स्कुल भनेकै पढ्नका लागि ठाउँ हो ! यो सबैको हो । यसमा सबैले पढ्न पाउनुपर्छ ।...के किरण पढ्छे ?
माया : हो सर ! तर ऊ फिस तिर्न सक्तिन ।...



प्र.अ. : त्यसो भए के गर्ने त ?

अमर : सर ! उसलाई फी माफ गर्न सकिन्न ?

प्रतिमा : उसलाई फिस माफ गरिदिनोस् न सर !

प्र.अ. : मैले मात्र गरेर हुन्न । मिटिङ बोलाउनुपर्छ । सञ्चालक समिति छ ।...त्यसमाथि यसपालिको कोटा पनि सकिइसक्यो ।

गीता : कोटा त बढाए भैहाल्छ नि सर !

प्र.अ. : त्यसका लागि पनि त मैले गरेर हुन्न, सञ्चालक समितिले गर्नुपर्छ ।...मिटिङ बस्नुपर्छ ।

प्रतिमा : यहीं बसे हुन्न सर ?...यहीं बस्नोस् न ।*(सबै हाँस्छन्)*

निरिक्षक: एउटा मिटिङ बोलाइदिनोस् त !

विक्रम : हो त नि सर ! एउटा कोटा थपेर फिस माफ गराइदिनोस् न !

माया : फिस माफ गर्ने यस्तै असहायका लागि त हो, सर !

प्र.अ. : फिस त माफ गराइदिउँला तर किताब, कापी, कलम...

माया : त्यसका लागि सरले चिन्तै गर्नु पर्दैन । हामी सब सल्लाह गरेर कुरा मिलाउँछौं ।...होइन अमर ?...

गीता : उसलाई हामी पुस्तक, कापी किनिदिउँला ।

प्रतिमा : हामी आफ्नो खाजाखर्च बचाएर किनिदिन्छौं ।

अमर : हो सर ! यसको पुस्तक, कापीको भार हामी लिन्छौं ।

निरिक्षक: *(हाँसेर)* हेडसर ! तपाईंले यी केटाकेटीको जति गर्नुभयो, त्यो त एकछेउ पनि रहेनछ ।

प्र.अ. : *(हाँसेर)* ठीक छ, तिमीहरू त्यसै भन्छौ भने...माया त्यसो भए किरणका बाबुआमा को को छन्, भोलि दश बजे यसलाई लिएर स्कुल आउनू भन । सञ्चालक समितिमा पछि अनुमोदन गराउँदै गरौंला ।...हुन्न त निरीक्षकज्यू ?

निरीक्षक: हुन्छ ! यस्तो कुरामा पनि कसले विरोध गर्ला र !

प्र.अ. : *(हाँसेर प्रतिमासँग)* कसो त प्रतिमा ?...अब त चित्त बुझ्यो ?

प्रतिमा : *(ताली पिट्तै)* हाम्रो सर कति जाती ।

प्र.अ. : *(प्याट्ट गालामा पिटेर हाँस्तै)* तिमीहरू कम जाती छौ नि ? के गर्नु कहिलेकाहीं त नजाती बनौंभन्दा पनि तिमीहरूले जाती बन्न करै लगाउँछौं ।

गीता : जाती त सबैले हुनै पर्छ नि सर ! होइन र ?

प्रतिमा : नजाती भए त कसैले पनि माया गर्दैनन् नि ! होइन त माया दी ? तपाईंले भनेको होइन ?

माया : हो त नि ! नत्र कसले माया गर्छ ?...त सर भोलिदेखि किरण हाम्रै स्कुलमा पढ्ने हो ?...सुन्यौ किरण ?

किरण : आमाले मान्नुहुन्न !

माया : तिम्री आमालाई हामी मनाउँला ।...भरे हामी तिम्रो घरमा आउँछौं ।...अनि तिमी आमालाई लिएर भोलि बिहान स्कुल आउने ।

प्र.अ. : दश बजे !

गीता : तिमी अब खुसी भयौ किरण ?

प्रतिमा : अब तिमीलाई कसैले पनि लङ्गडी भनेर हेप्न सक्तैन । हाम्रो विक्रम दाइले ठीक पार्नुहुन्छ ! हकि विक्रम दाइ ?

प्र.अ. : *(किरणसँग)* लौ त भोलि तिमी आमालाई लिएर आउनू किरण !...जाऊँ त निरीक्षकज्यू ।*(हेड सर र निरीक्षक जान्छन्)*

किरण : *(आँखाभरि आँसु पारेर)* माया दी !...गीता...विक्रम दाइ !...तपाईंहरू कति जाती !

प्रतिमा : हामीचाहिँ नजाती ?

किरण : तिमी त झन् जाती !...अमर दाइ पनि जाती !

टीके : *(किरणलाई भुक्तै)* भाउँ...भाउँ...भुक्‌भुक् !

माया : उ : टीकेले जाती भनिनौ भनेर उजुर गऱ्यो ।*(किरण टीकेलाई मुसार्छे)*

किरण : तर म तपाईंहरूले जस्तो पढ्न सकुँला माया दी ?

माया : किन नसक्नु ?...तिम्रो गोडा पो लुला छन्, बुद्धि त लुलो छैन । पढ्ने गोडाले होइन, बुद्धिले हो नि !

प्रतिमा : किरण !...तिमीलाई हामी सबै मिलेर खूब माया गर्छौं ।

टीके : भाउँ...भाउँ...भुक्‌भुक् !

गीता : टीकेले पनि माया गर्छ रे !


माया : हो किरण ! हामी सबैले तिमीलाई मद्दत गर्नेछौं ।

प्रतिमा : माया दी ! किरणकी आमालाई भेट्न कहिले जाने ?

माया : भरे स्कुल छुटेपछि । उसकी आमा पनि त मेलाबाट फर्केर आउनुहुन्छ ।...लौ किरण ! अब तिमी ढुक्क भएर घर जाऊ । हामी पनि कक्षामा जान्छौं । घण्टी बज्नै लाग्यो ।
*(किरण घरतिर लाग्छे । स्कुलको घण्टी बज्छ)*

प्रतिमा : *(कराएर)* हामी भरे तिम्रो घर आउँछौं है किरण !...आमालाई भनिराख है !

टीके : *(किरण गएतिर)* भाउँ...भाउँ...भुक्...भुक्...कुइँ...कुइँ..
*(सबै हाँस्तै कक्षातिर लाग्छन् । टीके बरन्डामा गएर पालेको मेचमुनि बस्छ ।)*



## राजव

घरेलु नाम : जनार्दन पुडासैनी
जन्म : २०११ कार्तिक १५
स्थान : मरुटोल, काठमाडौँ
हाल : अमेरिका

**प्रकाशित कृति**

समय-पीडा, इतर जिल्लावासी, कञ्चन खित्का, क्यापिटल हिल, एटलान्टिक स्ट्रिट, माननीय बनौट, एक्काइसौँ शताब्दीका भासहरू र बीसौँ शताब्दीको ह्याङओभर, क्रूरको सौन्दर्यप्रेम, असमर्थ श्लोक, लोचनवंशको साक्ष्य र अन्य नाटक ।

**पुरस्कार** : गोपालप्रसाद रिमाल सम्मान-२०५१,
मैनाली कथा पुरस्कार-२०५२,
देवकोटा सम्मान-२०५९

# 'मेरो पुच्छर मसँगै हुने'

पात्रहरू - परिचायक, रामनाथ, सुमन, रूद्र, टुकलाल,
अनील, फिलीप, बाँदर, सङ्गीता, सुमन,
शौकत, सर र अन्य विद्यार्थीहरू ।

*(बाघ, भालु, सिंह, हात्ती, बाँदर, स्याल, आदि जनावरहरूको चित्र अङ्कित मञ्चको पर्दा खुल्छ ।)*

नेपथ्य स्वर बालक : पर्दा खुल्यो साथीहरू, मञ्चमा प्रवेश गर्नोस् ।
*(नेपथ्यबाट बालसङ्गीतको ध्वनी गुन्जन्छ ।)*

नेपथ्य स्वर बालक : पर्दा खुल्यो साथीहरू, मञ्चमा प्रवेश गर्नोस् ।
*(अनि मञ्चमा सात बालकलाकारहरू प्रवेश गर्छन् । र मञ्चमा राखिएको काठको एउटा लामो बेञ्चमा क्रमशः बस्छन् ।)*

नेपथ्य स्वर बालक : कलाकारहरूको प्रवेश भयो, परिचायकजी अब तपाईं प्रवेश गर्नोस् । *(यसपछि टाटेपाटे कमिज-सुरुवाल लगाएको परिचायकको मञ्चमा प्रवेश हुन्छ ।)*

परिचायक : *(दर्शक-दीर्घामा बसेका केटाकेटी र अन्यतर्फ फर्किएर)* म नाटकको परिचायक हुँ । म बाह्र वर्षको भएँ । *(गाला मुसार्दै)* म गोरो छु । मेरो नाम नरप्रसाद हो । म बालबालिका माध्यमिक विद्यालयमा कक्षा ...छ' मा पढ्छु । भविष्यमा मैले एक देशभक्त डाक्टर बन्ने बिचार गरेको छु ।*(नेपथ्यबाट बालसङ्गीतको ध्वनि फेरि गुन्जन थाल्छ)*

परिचायक : *(बेञ्चमा लहरै बसेका कलाकारतिर फर्किएर)*



ल.....कलाकार सङ्गीता, उठनोस् ।

*(बेन्चको देब्रेतिरको सुरुमा बस्ने सङ्गीता उठ्छे र दर्शकहरूतर्फ फर्किएर नमस्ते गर्छे ।)*

परिचायक : उनी सङ्गीता उपाध्याय हुन् । उनी बालबालिका माध्यमिक विद्यालयको कक्षा पाँचमा पढ्छिन् । उनी दश वर्षकी भएकी छिन् । धेरै पढेर उनले वकिल हुने विचार गरेकी छिन् ।

*(यसपछि सङ्गीता बेन्चमा बस्छिन् ।)*

परिचायक : ल...रामनाथ विश्वकर्मा उठ्नोस् ।

*(बेन्चमा देब्रेबाट दोस्रोमा सङ्गीतासँगै बसेको रामनाथ उठ्छ र दर्शकहरूतिर फर्किएर नमस्ते गर्छ ।)*

परिचायक : उनी रामनाथ विश्वकर्मा हुन् । उनी दश वर्षका छन् । उनी पनि पाँच कक्षामा पढ्छन् । धेरै पढेर देशभक्त इन्जिनियर बन्ने उनको लक्ष्य छ ।*(रामनाथ बेन्चमा बस्छ ।)*

परिचायक : ल सुमन उठ्नोस् ।

*(रामनाथसँगै बसेको सुमन उठ्छ र दर्शकतिर फर्किएर नमस्कार गर्छ ।)*

परिचायक : उनी....

सुमन : *(बीचैमा परिचायकलाई रोक्दै)* पख्नोस् परिचायकजी, म आफ्नो परिचय आफैं दिन्छु ।

परिचायक : *(सुमनतिर आश्चर्यले हेर्दै)* हुन्छ ।

सुमन : *(सगर्व दर्शकतिर हेर्दै)* म सुमन प्रधान हुँ । म एघार वर्षको भएँ । म कक्षा 'छ' मा पढ्छु । मेरो स्कुलको नाम बालबालिका माध्यमिक विद्यालय हो । राम्रोसँग पढेर म वैज्ञानिक हुने विचारमा छु । अहिले यहाँ नाटक खेल्न आएको छु...।

*(आफ्नो परिचय दिएर सुमन फेरि बेन्चमा बस्छ ।)*

परिचायक : ल अब रुद्र शर्मा उठ्नोस् ।

*(बेन्चको देब्रेतिरबाट चौथोमा सुमनसँग बसेको रुद्र उठ्छ र, दर्शकहरूतिर फर्किएर नमस्कार गर्छ ।)*

परिचायक : उनी रुद्र शर्मा हुन् । उनी सात वर्षका छन् । उनी 'तीन' कक्षामा पढ्छन् । धेरै पढेर ठूलो विद्वान् हुने उनको लक्ष्य छ ।

*(अनि रुद्र शर्मा सुमनसँग टाँसिएर बस्छन् ।)*

परिचायक : ल अब टुकलाल डङ्गोल उठ्नोस् ।

*(बेन्चको देब्रेबाट पाँचौंमा रुद्रसँग बस्ने टुकलाल डङ्गोल उठ्छ र, दर्शकतिर फर्किएर नमस्कार गर्छ ।)*

परिचायक : उनी...।

टुकलाल : *(परिचायकलाई रोक्दै)* पख्नोस् परिचायकजी म आफैं भन्छु........।

परिचायक : ल...ल...।

टुकलाल : *(नाकका पोरा फुलाउँदै)* मेरो नाम टुकलाल डङ्गोल हो । म एघार वर्षको छु, कक्षा 'छ' मा पढ्छु । मलाई यहाँ नाटक गर्न भनेर मदन सरले पठाएको हो । धेरै पढेर पछि म ठूलो कवि हुने विचार गरेको छु । *(अलमलिँदै)* र....र...र...।

परिचायक : ए...अब पुग्यो टुकलाल ! बस...बस...। टुकलाल बेन्चमा बस्छे

परिचायक : ल अब अनिल उठ ।*(देब्रेतिरबाट छैठौंमा टुकलालसँगै बस्ने अनिल उठ्छ ।)*

परिचायक : *(अनीलतिर हेर्दै)* तिमी पनि आफैं भन्ने कि ?

अनील : *(परिचायकतिर हेर्दै)* हैन मेरो परिचय तपाईं नै दिनोस् ।

परिचायक : *(अनीललाई सुनाउँदै)* ल..ठीक छ । *(दर्शकतिर हेर्दै)* उनी अनील हुन्, उनले स्कुलमा आफ्नो थर लेखाएका छैनन् । त्यसकारण उनलाई अनील मात्र भने पुग्छ । उनी एघार वर्षका छन् । उनी कक्षा '५' मा पढ्छन् । धेरै पढेर ठूलो कलाकार बन्ने उनको लक्ष्य छ, हैन त अनील ?...।

अनील : हो...।*(अनील बेञ्चमा बस्छ ।)*

परिचायक : ल अब फिलिप फर्नाण्डेज उठ । *(बेञ्चको देब्रेबाट अनीलसँग बस्ने फिलिप उठ्छ ।)*

परिचायक : उनी...।

फिलिप : म आफैं भन्छु ।

परिचायक : ल भन ।

फिलिप : म फिलिप फर्नाण्डेज हुँ । म नौ वर्षको छु । बालबालिका माध्यमिक विद्यालयमा म कक्षा 'चार'मा पढ्छु । धेरै पढेर म घाउको डाक्टर बन्छु...। *(फिलिपको कुरा सुनेर मञ्चका अरू बालकलाकार हाँस्छन् । फिलिप जिल्ल परेर बेञ्चमा बस्छ ।)*

परिचायक : ल अब शौकत खाँ उठ... *(मञ्चको देब्रेबाट अन्तमा फिलिपसँगै टाँस्सिएर बसेको शौकत उठ्छ ।)*

परिचायक : ऊ शौकत खाँ हो ऊ बाह्र वर्षको भयो । 'सात' कक्षामा पढ्छ । राम्रोसँग पढेर ऊ देशको ठूलो नेता बन्ने विचारमा छ । ऊ फूटबल पनि राम्रो खेल्छ । हाम्रो स्कुलको फूटबल क्याप्टेन पनि हो ऊ ...।

परिचायक : *(मञ्चको एक कुनामा प्रस्ट देखिने गरी राखिएको कैलो बाँदर देखाउँदै)* त्यो पनि यो नाटकको जन्तु कलाकार हो । त्यो हाम्रो स्कुलको पालेदाइले पालेको बाँदर हो । त्यसले धेरै कुरा सिकेको छ । ल...आफैं बोल त बाँदर ।

बाँदर : *(खुशीले उफ्रँदै)* म हुँ बाँदर
चकचके छु ।
पाए माग्छु
अहिले बाँधिएको छु
पाले दाइको छोरा हुँ



बाँदर मेरो जात
कैले मेरो नाम
*(बेन्चमा बस्ने सब बालकलाकार बाँदरको कुरो सुनेर थपडी बजाउँछन् । केटाकेटीको कुरा सुनेर कैले जोडतोडले उफ्रन थाल्छ ।)*

परिचायक : *(दर्शकहरूतिर फर्किएर)* - कलाकार छन् साना
नाटक गर्ने चाहना
कोही रिसाउने माहाँ
कोही हाँस्ने हा हा
कोही कड्किने कडा
कोही उफ्रने बडा
कोही गाली गर्ने अति
कोही नम्र जाती
कोही दुष्ट अति
कोही गर्छन् फूर्ती

अब म जान्छु
भोलि फर्की आउँछु
*(परिचायक जान्छ)*

बाँदर : परिचायक गयो
बस्छु म
नाटक गर्छु
पाए भाग्छु
पुग्छु बन
मेरो पनि छ
नाटक गर्ने मन
पुच्छर मेरो धन
*(बेन्चमा बसेका कलाकारहरू बाँदरको कुरो सुनेर हाँस्दै ताली बजाउँछन् । र, बेन्चबाट ओर्लिएर तल राखिएको कार्पेटमा बस्न थाल्छन् ।)*

सङ्गीता : मलाई त सरले लेखेको *(हातमा लिएको पन्ना देखाउँदै)* यो नाटक सारै राम्रो लाग्यो ।

टुकलाल : मलाई पनि...।

सुमन : मलाई त डाँका देखेर सारै रिस उठ्यो । त्यसले कति निर्दयी भएर लालटिन बालेर पढिरहेको हरिशिवको छातीमा गोली ठोकिदियो...।

रामनाथ : मलाई पनि नाटक सारै राम्रो लाग्यो । हाम्रो सर राम्रो पढाउने मात्र होइन, नाटक पनि राम्रो लेख्नु हुँदोरहेछ ।

रुद्र : हो...मलाई पनि सरले लेखेको नाटक राम्रो लाग्यो ।

सङ्गीता : नाटक मात्र हैन हाम्रो सर कविता पनि राम्रो लेख्नुहुँदोरहेछ ।

टुकलाल : *(अरू साथीहरूतिर हेर्दै)* हो मैले पनि पढेको छु ।

रामनाथ : वास्तवमा हाम्रो सर राम्रो बालसाहित्य लेख्नुहुन्छ भन्ने मैले अरू सरले भनेको सुनेको छु ।

बाँदर : *(केटाकेटीतिर फर्किएर नाच्दै)* ए...केटाकेटी हो
अब अभ्यास थाल
समय खेर नफाल
बीस दिनमा
नाटक देखाउनु पर्ला
त्यसकारण को के बन्ने

भनी हाल
अभ्यास थाल

टुक्लाल : हो...बाँदरदाइले ठीक भन्यो, म साहू बन्छु ।

सङ्गीता : म साहूकी छोरी बन्छु

सुमन : *(अलि अलमलिएर)* म पुलिस बन्छु

अनील : म पनि पुलिस बन्छु ।

रुद्र : म साहू बन्छु ।

टुक्लाल : हैन, साहू त म बन्छु भनिसकें ।

शौकत : म मोटे छु, साहू त मै बन्छु ।

रामनाथ : *(सबै साथीतिर सशङ्कित हेर्दै)* म त चोर बन्दिनँ है...।

शौकत : म त डाँका, चोर बन्दैबन्दिनँ ।

रामनाथ : *(टुक्लालतिर हेर्दै)* म बन्छु साहू तँ बन् डाँका ।

टुक्लाल : *(सबैतिर हेर्दै)* अनि चोर को बन्ने नि ?

सुमन : तँ चोर बन्, म हवल्दार बन्छु

फिलिप : तँ पुलिस बन्ने भनेको हैन ? तँ पुलिस बन् म हवलदार बन्छु ।

सङ्गीता : म त छोरी मान्छे, मलाई साहूकी छोरी बनेकै सुहाउँछ ।

अनील : सिँगारिएपछि छोरी मान्छेले पनि डाँका बन्न सुहाउँछ । त्यसकारण डाँका सङ्गीता बन्छे ।

सङ्गीता : *(रिसाउँदै)* बरू नाटकमा बस्दिनँ, डाँका त बन्दैबन्दिनँ ।

टुक्लाल : त्यसो भए तिमी चोर बन सङ्गीता ।

फिलिप : हो, सङ्गीताले चोर बने पनि हुन्छ, यसको आँखा त्यस्तै छ । *(बाँकी अरू हाँस्न थाल्छन् ।)*

सङ्गीता : *(फिलिपतिर हेर्दै)* तँ कालो न कालो छस् तँ बन् डाँका, सुहाउँछ ।

टुक्लाल : साहूबाहेक तिमीहरू जे बने पनि हुन्छ । साहू त म बन्छु ।

बाँदर : *(उफ्रँदै)* - हल्ला नगर
सर आउनु भो
झगडा छोड
सरको कुरा सुन
अब सर भन्नु हुनेछ
को के हुने ?
सङ्गीता चोर हुने कि

टुकलाल डाँका हुने कि !
को छोरी हुने !
को साहू हुने !
को के हुने !
को के हुने !
सर भन्नुहुन्छ
भो हल्ला नगर
सर आउनु भो
कुरो ल्याउनु भो
को के हुने !
को के हुने !
मेरो पुच्छर मसँगै हुने

सर : *(मञ्चमा प्रवेश गर्दै)* किन हल्ला ? किन झगडा ? केको हल्ला हँ...?


सङ्गीता : हेर्नुस् न सर, मलाई चोर बन भन्छन् !

टुकलाल : हेर्नुस् न सर, मलाई डाँका बन भन्छन् । म यस्तो दुब्लो मान्छे, मलाई डाँका बन्न सुहाउँछ त सर ?

फिलिप : अनि सर म यस्तो पुड्को मान्छेलाई चोर बन्न सुहाउँछ त ?

अनील : मजस्तो गोन्हो, मोटो, ह्यान्डसम केटो त साहु बन्नुपर्छ हैन सर ? बरु फिलिप कालो छ, पुड्को छ, चोर त उसैले बन्दा राम्रो हुन्छ, हैन सर ?

सर : *(सबको खलबल सुनेपछि)* ल....मैले तिमीहरू सबको कुरा सुनें । अब तिमीहरू मेरो कुरा सुन । वास्तवमा यहाँ नाटकमा तिमीहरू जे बने पनि वास्तविक जीवनमा तिमीहरू त्यस्तै हुँदैनौ । पछि गएर तिमीहरू के के हुने भन्ने कुरा तिमीहरूको पढाइमा भर पर्छ । अर्को कुरा कलाकारिताको भूमिका क्षमताअनुसार अपनाउनुपर्छ । जे बने पनि अभिनय राम्रो गर्नुपर्छ । त्यसकारण ल सुन...सङ्गीता तिमी छोरी बन, टुकलाल तिमी पुलिस बन, फिलिप तिमी हवल्दार बन, अनील तिमी चोर बन, रुद्र तिमी पनि चोर बन, रामनाथ तिमी साहू बन, सुमन तिमी डाँका बन, शौकत तिमी पनि डाँकै बन...नाटक अब आउने नयाँ वर्षमा देखाउनु पर्छ, नयाँ वर्ष आउन अब बीस दिन मात्र बाँकी छ । त्यसकारण



तिमीहरू झगडा नगरी अभ्यास थाल, हुन्छ कि हुन्न ?

सबै : हुन्छ सर ।

सर : हो...ल अब मैले हिजो भनेअनुसार अभ्यास थाल । *(यति भनेर सर नेपथ्यतिर जान्छन् ।)*

बाँदर : सर जानु भो,
पात्रहरू मिलाउनु भो
चोर भयो गोरे
डाँका भयो पुड्के
ख्याउटे भयो पुलिस
दुब्ले भयो हवल्दार

थेप्ची बनी छोरी
चुच्चे बन्यो छोरो
छट्टु बन्यो साहू
लाटो भयो चोर
सुधो भयो डाँकु
गजब भयो
गजब भयो
सङ्गीता, फिलिप
रामनाथ, शौकत, अनील
सुमन, टुकलाल, रुद्र
सब भए खुसी
गर्ने भए नाटक
अभ्यासमा जुटी
साथी भाइ मिली
मिली...मिली...
*(बाँदरको कुरा सुनेर सब कलाकार थपडी बजाउँछन् । र, मञ्चको अग्रभागमा पुग्छन् ।)*

सब कलाकार : *(समवेतस्वरमा दर्शकतिर हेर्दै)* - अब हामी बालक अभ्यास
थाल्छौं दैनिक
दिनोस हौसला
हाम्रो अभ्यास पूरा होला
अनि यहाँ नाटक खुल्ला
तपाईहरू पाल्नु होला
त्यत्तिखेर को के होला !
को के होला !
को के होला !
हेर्नु होला !

बाँदर : *(खुसीले नाच्दै)*-त्यसदिन म पनि
फुत्किएर भाग्छु
आफ्नै बनको रूख रूख पुग्छु
त्यतिञ्जेललाई कैद सहन्छु
नाटकको दिन कुरिरहन्छु....। *(सबै कलाकार र दर्शक थपडी बजाउँछन् । पर्दाले नाटक सकिएको संकेत दिन्छ ।)*



## रामबाबु सुवेदी

जन्ममिति : २००४ साल जेठ १० गते
जन्मस्थल : हंसपुर, कास्की, गण्डकी अञ्चल
आमाबाबु : पवित्रा सुवेदी, देवीदास सुवेदी

**प्रकाशित कृतिहरू**

**कविता सङ्ग्रह** : कमिनी आमा (२०३९), गङ्गा (२०४४), फस्किएको सिन्दूर (२०६६)
**संयुक्त कवितासङ्ग्रह** : दुई धारा (२०२४)
**खण्डकाव्य** : लू सुन (२०३८)
**बालकवितासङ्ग्रह** : भँगेरी (२०५१), बालबोध (२०५२), नेपाल आमा (२०५६), आमाजस्ती गुरुमा (२०६०)
**बालगीतसङ्ग्रह** : जमुनीको छोरो (२०४१), बाँ बाँ बाच्छी (२०४४), घान्द्रुक झलल (२०५९)
**बालकाव्य** : पानी पानी (२०४९), आगोपानी (२०६५)
**बालचित्रकथा** : भ्यागुतो र बाच्छी (२०३७), च्यान्टे घोडाको कथा (२०६०), चमेलीको बास्ना (२०६०)
**बालएकाङ्कीसङ्ग्रह** : फूलझरीको बिहे (२०६५)
**संयुक्त बालकवितासङ्ग्रह** : बाललीला (२०५७), बालमेला (२०५८), ताराबाजी लै लै (२०५९)

**पदक तथा पुरस्कार**

प्रज्ञाप्रतिष्ठान पदक (२०२४), कविता महोत्सव प्रथम (२०४४), प्रवल गोरखा दक्षिणबाहु (२०५०), गरिमा सम्मान पुरस्कार (२०५३), दीपस्मृति पुरस्कार (२०५४), प्रख्यात त्रिशक्तिपट्ट (२०५५), उत्कृष्ट बालसाहित्य पुरस्कार (२०५५), साझा बालसाहित्य पुरस्कार (२०५६), शिक्षा पुरस्कार (२०६०), मधुरिमा सम्मान (२०६१)

संलग्नता : अध्यक्ष : नेपाल बालसाहित्य समाज, अतिथि सम्पादक : 'हाम्रो बालबगैंचा' बालमासिक, आजीवन सदस्य : नेपाल रेडक्रस सोसाइटी, सञ्चालक सदस्य : बालसंसार प्रा.लि.

# भत्किएको पाटीमा चेतनाको झिल्को

एउटा सडकछेउको पाटी । पाटी भत्किएको । त्यसको चारैतिरका पाटा हाङ्गै । ढोका कतैतिर पनि नभएको । गाह्राका रूपमा बोरा झुन्ड्याइएका । पाटीका छानामा झारैझार । वरिपरि सिस्नो, मौरो र पातीघारी । धूलोमूलो । अस्वस्थ वातावरण । पाटीमा एउटी आवई ऐय्या !!! भन्दै पीडा पोख्दै गरेकी । एउटी सानी झ्यापुल्टी केटी आवईनेर बसेर सुँक्क-सुँक्क रोइरहेकी ।

*(चनमतीको प्रवेश)*

चनमती : चारु ! किन रोएकी ? आवईलाई के भयो ? आवई ? तपाईं पनि रुँदै ? किन रुनुभएको ?

चारु : आवई र मलाई *(धुँक्क-धुँक्क रुँदै)* एउटा मान्छेले सडकको पेटीबाट धकेल्दियो । हेर दिदी । आवईका घुँडामा घाउ; कुहिनामा घाउ, जताततै घाउ नै घाउ ।

आवई : चारुले पैसा माग्दा त्यसको कमेजको फुर्को समाती छ । समात्छेस् फोहोरी छौंडी । भन्दै त्यसले यसलाई नराम्ररी जगल्ट्यायो, नराम्ररी लछारपछार पाऱ्यो । मैले रोक्न खोज्दा त्यसले हामीलाई सडकको नालीमा धकेल्दियो । ऐय्या नि ! दुख्यो बा, घाउ दुख्यो । ऐय्या !! ऐय्या !!! हेर बा ! (चारुलाई देखाउँदै । यसका लुगा नै च्यातिदियो । असत्ती, अधर्मी, पापी मोरो ।

चारु : *(च्यातिएको घाँगर समाल्दै)* दिदी ! आवईका घाउबाट रगत बगेको छ । अब के गर्ने ?

आवई : चारुले हिजोदेखि केही खाएकी छैन । यसका आन्द्रा बाङ्गिएका छन् । खानेकुरा केही नभएर हामी माग्न निस्केका, बिहानै महाराक्षेसका फेला परियो ।

*(अनाम, ठोट्ने र बुदनाको प्रवेश)*

अनाम : चनमती ! आवईलाई के भयो ? तिमीहरू किन रोएका ?

चारु : दाइ ! हामीलाई एउटा बदमास मान्छेले नालीमा धकेल्दियो । मेरो लुगा पनि च्यातिदियो । आवई नराम्ररी लडिन् ।

चनमती : हो, दाइ ! आवईका शरीरमा हेर त घावैघाव ! नराम्ररी लडाइदिएछ दाइ !

ठोट्ने : ट्योट्यो राराक्षेसलाई म त्यहाँ भएको भए लात्तैलात्ताले गोगोदिदिन्थेँ । ज्याज्यानमारा मोमोरो ! आवई ! तितिमी ननरोऊ है ! हाहामी छछदैं छौं नि ! हाहामी तिमीलाई जजसरी पपनि बचाउँछौं ।

बुदना : हो, आवई ! हामी तिमीलाई आफू मरेर पनि बचाउँछौं । आवई नै बाँचिनन् भने हामी बाँचेको के सार ! *(चारुलाई काखी च्यापेर उसका आँसु पुछिदिँदै)* यो सानी केटीलाई दु:ख दिने, पिट्ने र यस्ती बूढी आवईलाई माया नगर्ने मान्छे पनि मान्छे हुन् र ! ती त राक्षेस हुन् ।

अनाम : अब बढी कुरा मात्र नगरौं । तिमीहरू एउटा सियो खोजेर चारुको घाँगर सिइदेओ । म र ठोट्ने आमाका घाउ धुन्छौं र पट्टी बाँधिदिन्छौं । जा ठोट्ने तँ पानी लिएर आइज, म पट्टी खोज्छु !

चनमती : बुदना ! तँसँग सियो, धागो छ क्यार ! जा ! जा !! सियो धागो ले !

बुदना : दिदी ! मसँग दुइटा सिया छन् । एउटा सानो छ, एउटा ठूलो छ, कुनचाहिँ ल्याऊँ ?

चारु : बुदना दिदी ! दुइटै सिया ले है ! म सानी छु, सानो सियोले सिउँछु, बुदना दिदी ठूली छे, ठूलो सियोले सिँउँछे ।

बुदना : सानो मान्छेले सिउने सिया सानो, ठूला मान्छेले सिउने सियो ठूलो हुन्छ र ! बतौरी ! *(बुदना सियो लिन जान्छे)*

चनमती : *(चारुलाई मायाले सुम्सुम्याउँदै)* हेर ओठ फुटेका ! हातगोडा पनि पट्पटी फुटेका छन् । यो सडकको धूलाले पनि हामीलाई नै बढी दु:ख दिन्छ ।

बुदना : *(सियो, धागो चनमतीलाई दिँदै)* घाँगर सिइन्जेल यसलाई के लगाइदिने होला ! ठूलै भए पनि मेरो थोत्रो घाँगर लगाइदिन्छु ! हुन्न दिदी ?

चनमती : किन नहुने ! बरु चाँडै लिएर आइज । अनाम र ठोट्नेले आमाको घाउ सफा गरिसके । झन् हाम्रो सजिलो सिउने काम झन् ढिलो हुनेभयो ।

बुदना : *(चारुको घाँगर फुकाल्दै)* घाँगर खोल्दा त कुखुराको भुल्ल्याएको चल्लोजस्तो पो देखिँदी'रैछे चारु त ! *(उसलाई आफ्नो फाटेको ठूलो*



घाँगर लगाइदिन्छे, ऊ डरलाग्दी देखिन्छे ।)

पाटीनेरै दुई बटुवाको प्रवेश

पहिलो बटुवा : हेर निहारिका ! यो पाटीमा बस्ने केटाकेटीको अवस्था हेर त ! तिमी भर्खर बेलायत, फ्रान्स, जर्मन, इटाली, स्विटजरल्यान्ड कहाँ-कहाँ घुमेर आयौ, यस्तै यस्तै खातेपातेका नाममा बडाबडा होटलमा बसेर भोज पनि खायौ । हुन त तिम्रो पार्टी नै खान जन्मेको पार्टी हो । तिमीहरू एन्जीओसेन्जीओ भनेर देशलाई र संसारलाई कति छक्याइरहन्छौ ?

निहारिका : महासय ! थुतुनो समालेर बोल्नुहोस् ! अमेरिकामा घर, छोराछोरी

उतै, आफू नेपालमा बसेर नेता हुने ! तपाईंले आफ्नो अनुहार कहिल्यै ऐनामा हेर्नुभा'को छ । हामी त नेपालमै बसेका छौं, दातामित्रहरूबाट डलरकाडलर ल्याएर देशको सेवा गरेका छौं । हेर्नुहोस्, एन्‌जीओहरू नहुने हो भने देशको विकास ठ्याम्मै रोकिन्छ ।

दोस्रो बटुवा : पछाडिबाट निहारिकाजीका कुरा मैले पनि सुनें । *(निहारिका फरक्क फर्केर दोस्रो बटुवालाई हेर्छिन्, ट्वाल्ल पर्छिन् ।)*

निहारिका : आम्मै नि ! भिनाजु पनि कस्तो समयमा आइपुग्नुभएको ! नमस्ते भिनाजु ! *(उनी खित्का छोडेर हाँस्छिन् ।)*

पहिलो बटुवा : निहारिकाजी कति मज्जाले एन्‌जीओको महिमा गाउँदै हुनुहुन्थ्यो, कताबाट भिनाजु भेट हुनुभयो । *(उनी पनि खित्खिताएर हाँस्छन् ।)*

दोस्रो बटुवा : मेरो अगाडि एन्‌जीओका कुरा गर्न भइहाल्छ नि । कसो सालीज्यू !

निहारिका : किन नहुने भइहाल्छ नि भिनाज्यू ! *(उनी फेरि उसरी नै हाँस्न थाल्छिन् । हाँस्दा-हाँस्दै उनीहरू बाटो लाग्छन् ।)*

आवई : भो, भयो अब छोड, कति थोत्रा टालामात्र बाँध्छौ घाउमा । समयले घाउ आफैं पुर्छ, निको पार्छ ।

अनाम : त्यसो भनेर हुँदैन आवई ! चोट जताततै छन् । कुनैकुनै चोट गहिरा छन् । मौराका र असुराका जरा र पात पिनेर त हामीले घाउमा लगायौं तर यतिले मात्र घाउ निको होलान्‌जस्ता छैनन् ।

चनमती : अब के गर्ने त अनाम ? मलाई पनि यसपटक आवईले धेरै दुःख पाउँछिन् कि जस्तो लाग्छ ।

चारु : आवईले मलाई पाउरोटी किनेर खा भनेर एक रूपैयाँ दिएकी छिन् । अनाम दाइ ! यो पैसाले ओखती किने हुन्न ?

बुदना : चारुले कस्तो राम्रो कुरा गरी । अनाम दाइ ! हामीसँग भएका पैसा उठाएर ओखती किन्न जाऔं ।

चनमती : हो, त्यसै गरौं अनाम ! आवईका घाउ रागिए भने हामीले दुःख पाउँछौं ।

अनाम : मसँग पाँच रुपियाँ छ । ल्याओ सबै पैसा जम्मा गरौं ! म र बुदना आवईका घाउमा लगाउने ओखती किन्न आन्छौं । ठोट्ने र चनमतीले खानेकुरा किनेर ल्याओ !

आवई : ओखती-सोखती ल्याउने टन्टो नगर वा । मेरा घाउ आफैं निको हुन्छन् । हामी थाङ्नेमाङनेहरूको ओखती भगवान्‌ले नै गर्छन् । तिमीहरू भोकै छौ, चिउरा भटमास किनेर ल्याओ र खाओ । ओखती ल्याउनु पर्दैन ।

ठोट्ने : त्यत्यसो भभनेर हहुन्छ र आआवई । खैट हाहाम्रो घघर ! भभभगवान्‌ले एउटा घघघर डिएका भए आआज हाम्रो ययस्तो

भभट्किएको पाटीको बावास हुन्थ्यो !

चनमती : *(सडकतिर देखाउँदै)* ऊ त्यो डाक्टर त हो नि ! त्यसैलाई बोलाएर आमालाई देखाऊँ न !

आवई : त्यस्ता सुकिलामुकिला डाक्टरले हामीलाई हेर्दैनन् बा ! सुकिलामुकिला मान्छेले हेर्ने भए यो गत हुन्थ्यो । वरु, *(धोतीको गाँठो फुकाउँदै)* मसँग पनि चार रुपियाँ छ, यो पनि लौ ! लिय अनाम !

बुदना : अनाम दाइ ! आवईलाई एक्लै छोडेर हामी सबै जाने !

आवई : जाओ ! जाओ ! तिमीहरू भोकायौ पनि !

अनाम : वरु बेर नगर्नू नि ! *(सबै निस्कन्छन्)*

*(नेपथ्यबाट माइक फुकेको आवाज आउँछ )*

*(आज दिनको साढे चार बजे खुलामञ्चमा आमसभा हुने भएको छ । दाजुभाइ-दिदीबहिनीहरू ! पाल्नुहोला ! पाल्नुहोला !)*

*(दुई बटुवाको प्रवेश)*

तेस्रो बटुवा : बुझ्नुभो शर्मिलाजी, डेढ वर्षपछि म यो बाटो हिंडे ! लौ हेर ! यो पाटी त जस्ताकोतस्तै रहेछ । अझ पनि बनाएका रहेनछन् । के भएको यो देशमा ! धिक्कार छ, हामीले नयाँ-नयाँ मन्दिर पौवा त बनाउन सकेनौं-सकेनौं, पुर्खाले बनाइदिएका कुरा त जोगाउन सक्नुपर्छ । जता हेऱ्यो त्यतै लथालिङ्ग र भताभुङ्ग छ ।

शर्मिला : पाटी बनाउने, सडक बनाउने, पुल बनाउने र देश बनाउनेतिर को लागेका छन् र यहाँ ! सब आफू बन्ने आफ्नालाई बनाउने धूनमा छन् ।

तेस्रो बटुवा : ऊ को माग्ने पनि सुतेको रहेछ ।

शर्मिला : पाटीको त यो हालत छ भने यस्तोमा सुत्नेको कुन हालत ! प्रजातन्त्रबाट हामीले के पायौं ? बिना सङ्कोच, बिना डर, जसलाई मन लाग्यो उसलाई गाली गर्न पायौं, जसको मन लाग्यो उसको बेइज्जत गर्न पायौं; सुन्नका नाउमा अनेक प्रकारका भाषण र थरीथरीका नारा सुन्न पायौं; हेर्नका नाउँमा नाना किसिमका झन्डा र जुलुस हेर्न पायौं । खानका नाउँमा उही महङ्गो चामल, उही महङ्गो नूनतेल ! पिउनको नाउँमा ढलमा मिसिएको धमिलो पानी । यसैलाई भन्छन् प्रजातन्त्र ! प्रजातन्त्र जिन्दावाद !

*(कालु, र नेउटीको प्रवेश)*

तेस्रो बटुवा : ठीक भन्नुभयो शर्मिलाजी, ठीक भन्नुभयो, बिल्कुल ठीक भन्नु भयो । *(कालुहरूलाई देखाउँदै)* उ : प्रजातन्त्र भनेका तिनै हुन् । प्रजातन्त्रकी एउटी छोरी पनि रै'छे । *(हाँस्छ)*

शर्मिला : *(लामो सास फेरेर)* कठै नि यी मगन्तेहरू । कसरी जिएका होलान् खै यी खातेहरू । हामीलाई त जिउन धौ धौ छ । यिनीहरू बाँच्नु भनेको प्रजातन्त्र बाँच्नु हो । तर विचराहरू कसरी बाँच्लान् खै ! ए ! केटुली ! ला पैसा ! एक छाक त बाँच् ! *(नेउटी अन्कनाउँदै आउँछे र पैसा लिन्छे, नमस्ते गर्छे र कालु भएतिरै जान्छे ।)* कठै नि ! मेरी छोरी जत्रै, मेरी छोरीजस्तै रहिछे ।

तेस्रो बटुवा : जिन्दगीमा सायद पहिलोपटक यो केटीले नमागीकनै पैसा पाई । तपाईंले आज राम्रो काम गर्नुभयो । हाम्रो देश, विदेशका अगाडि हात पसार्छ, यिनीहरू हाम्रा अगाडि हात पसार्छन् । जतिसुकै माया गर्नुहोस्- यिनीहरूका निम्ति हामी विदेशी नै हौं । दयाले मात्र यिनीहरू कति दिन बाँच्ने ? हामीले यिनीहरूलाई अधिकार दिन सक्नुपर्छ, अधिकार दिन सक्नुपर्छ ... । *(निस्कन्छन्)*

कालु : को होलान् यिनीहरू ! कुरा पनि राम्रै गर्न जान्या रै'छन् । मनमा हरि भाका भन्नु कि पैसा घाँटीघाँटीसम्म भाका भन्नु ! *(नेउटीतिर फर्केर)* ए, नेउटी ! ले त्यो पैसा !

नेउटी : दिन्न ! किन दिने तँलाई । त्यसले मलाई छोरीजस्तै मानेर दिएकी त हो नि ! तँलाई दिएकी हो र ! त्यो लोग्नेमान्छेले त्यो आइमाईलाई के नाम भन्या थियो, ए ! शर्मिलाजी भन्या थियो । ए शर्मिलाकी पियारी छोरी !!! बा ! बा ! त्यो पैसा लिन पाउँछु ठानेकी छस् । हेरौं नानीको पाइन् ! छिटो दे, नत्र !

नेउटी : नत्र न सत्र ! के नाप्छस् तैंले ! मलाई दिएको पैसा तँलाई किन दिने ? नाथे !

कालु : नाथेसाथे नभन् है ! मुख छोड्छेस् ! च्यातिचूँ तेरा गाला ! त्यो तेरी साक्खै आमाले दिएको पैसा हो र ! तेरी आमा त तँ जन्मनासाथ मरी । कि तेरी आमाकी भूत हो त्यो पैसा दिने आइमाई ! हेर, मैले हिजोदेखि रक्सी खान पा'को छैन ! सुरुक्क दिन्छेस् भने दे, नत्र तँ जर्बुटीलाई लछारपछार पारेर पनि त्यो पैसा लिन्छु, लिन्छु ।

चामे : ए ! ए ! ए ! झगडा-सगडा नो ! नो झगडा ! नेउटी पनि चूप, कालेदाइ पनि चूप ! त्यो पैसा ! हेर नेउटी ! त्यो पैसा तीन जनाले बराबर, बराबर बाँडौं । तँ आफ्नो भागमा परेको पैसाले चिउरासिउरा खा, अथवा जे खान मन लाग्छ, त्यो खा ! हामी दुई भट्टीमा जान्छौं, ठाडो घाँटी खान्छौं । ले ! ले ! पैसा ले ! म बाँड्छु ।

नेउटी : बाँड्लास् गोथे बाड्लास् ! हिजो पनि झुक्याइस्, आज पनि झुक्याउँला ! ठान्या होला ।

चामे : हिजो के झुक्याएँ । नहुँदो नबोल् है कोप्री !

कालु : यो हिजोआज निकै जहरसाँढ भएकी छे । यसलाई अब बातले होलाजस्तो छैन, कि हात चाहिन्छ, कि लात चाहिन्छ ।

नेउटी : लातका कुरा नगर है काले ! अर्काकी छोरीलाई !

कालु : अर्काकी छोरीलाई ! खूब गतिलाकी छोरी होस् तँ ! तेरो बाबुले सातोटी स्वास्नी ल्याइसक्यो, सातोटै पोइल गैसके । तँ तिनै सौतेनीआमाले खान नदिएर हामीसित आएकी त होस् ! हामीले तँलाई सँगै हिँड्न नदिएको भए तँ उहिल्यै तेरी आमासित नर्कमा पुग्थिस् ।

चामे : नर्कमा पुगेर त्यहाँ पनि यसरी नै माग्दैमाग्दै हिँडेकी हुन्थिस् । कि कसो नेउटी !!

नेउटी : *(कालुलाई सङ्केत गर्दै)* तेरी आमा कहाँ छे नि । आफ्नै लोग्नेलाई काटेर जेल परेकी होइन । ऐले जेलमा जुम्रा मार्दै होली ! बडा



अर्काका बाबुआमालाई उड्कने भाको । साँढे !

कालु : बाँदर्नी मैयाँ ! थुतुनो समाल है बाँदर्नी !! त्यो पैसा पचाउन खोज्दैछेस्, हैन ! कहाँ पचाउन पाउलिस्, राम्रो मुखले दिन्छेस् भने दे, दिन्नस् भने ले ! *(पाखुरो तानेर धकेल्छ । चामे थपरी मार्छ)*

नेउटी : अर्काको जिउमा हात हाल्छस् ! बलियो छु भनेर अर्काको पैसा लुट्ने भएको, अस्ति पनि लुट्यो । बल्लबल्ल आफूले मागेर जम्मा गरेका पैसा पनि लुटेर लिन्छ । आफू भट्टीमा गएर जाँड घिच्छ, हामी एकमुठी चिउरा खान पनि पाउन्नौं । बलियो छु भन्दैमा जे मन लाग्यो त्यही गर्न पाइन्छ ?

चामे : बलियाले जे मन लाग्यो त्यही गर्न किन पाइन्न । मेरो कुरा सुन्छेस् नेउटी । ल सुन् ! मेरो गाउँमा एउटा बलियो मानिस छ । त्यो निकै धनी छ । सबैले उसलाई हजुर भन्छन्, नमस्कार गर्छन्, हात जोड्छन् । त्यसले मेरो घरखेत सबै खायो । त्यै बलले त हो नि त्यसले मेरो घरखेत खाएको ! घरखेत उडेपछि मेरा बा मुग्लान पसे । मेरी आमाले धेरै दुःख गरिन् । मलाई र मेरी बैनीलाई हुर्काउन निकै बल गरिन् । बा फर्कंदैफर्केनन् । बाँच्न ज्यादै गाह्रो भएपछि त्यही बलियो मान्छे कहाँ गएर ऋण ल्याइछन् । सुन्न सक्छेस् ! ल ! अझै कान खोलेर सुन् ! एकदिन कुन्नि किन हो म र बहिनी सुतिसकेपछि रातिमा त्यो बलियो मान्छे पैसा उठाउने निउ पारेर हाम्रो घरमा आएछ । आमालाई हातपात गरेछ । त्यो राक्षस फर्केपछि आमाले मलाई र मेरी बैनीलाई मुसाको विष दूधमा मिसेर ख्वाइछन् र आफूले पनि खाइछन् । मुसाको विष एक पुरिया मात्र रहेछ । जम्मा एक पुरिया । हो, त्यही एक पुरिया विष आफूलाई, बहिनीलाई र मलाई बाँडेर ख्वाइछन् । बहिनी त्यही विषले खुत्रुक्कै भइछ । आमा र मलाई भने विषको मात्रा कम भएछ । अस्पतालले हामीलाई बँचाएछ । बाँचे पनि आमा जेलमा छिन्, उनलाई हत्याको अभियोग लागेको छ । पोहोरसम्म म पनि आमासँगै जेलमा थिएँ । 'कुहेको गुहमुतमा बस्नुभन्दा बरु मागेर खा !' भनेर आमाले नै मलाई यो खुला आकाशमुनि पठाएकी हुन् । मेरो गाउँको बलियो मान्छेले गर्दा मेरा बा हराए ! *(टाढाटाढा हेरेर, रिसले राँकिंदै)* ए ! बलिया मान्छे ! ले ! मेरा बालाई बुझा ! त्यसै दमपच पार्न पाइन्न ! ए ! बलिया मान्छे ! मेरी बैनीलाई विष ख्वाउने तैं होस् ! ले ! मेरी बहिनीलाई बुझा ! मेरी आमालाई जेलबाट निकाल् ! तुरुन्तै निकाल् !

नेउटी : किन फ्याउरोझैं कराउछस् । तैंले ल्याओ ! बुझाओ ! भन्नेबित्तिकै

ती मरेका सिनाहरूलाई कल्ले बुझाउँछ । मेरो पैसा लिने नाटक गर्छस् ! म तेरा कुरा बुझ्दिनँ ठान्या छस् ! तिमीहरू दुवै फटाहा हौ । टाउको फोरे पनि म पैसा दिन्नँ क्यारे ! पैसा पनि दिन्नँ, आजदेखि तिमीहरूसँग पनि हिंड्दिनँ ।

कालु : हामीसँग हिंड्, नहिंड् मतलब छैन तर पैसासित मतलब छ, *(हात समातेर)* त्यो पैसा निकाल् ! भन्, पैसा दिन्छेस् कि दिन्नस् !

नेउटी : *(हात झड्कारेर)* दिन्नँ भनेपछि दिन्नँदिन्नँ !

कालु : दिन्नस् ! *(नेउटीका हात कक्रक्क पार्छ ।)*

नेउटी : दिन्नँ ।

कालु : दिन्नस् ? *(हात निमठ्छ ।)*

नेउटी : *(रुन र चिच्याउन थाल्छे ।चामे पनि कालुसँगै लछार-पछारमा लाग्छ, नेउटी झन् च्याँठिन्छे ।)* ऐय्या ! ऐय्या नि बजियाहरूले मारे ! गुहार ! गुहार !! ऐय्या !! मारे मारे !! *(मुठीले बेस्सरी पैसा थिच्छे, मुठी कस्छे, उनीहरू मुठी फुकाउने प्रयत्न गरिनैरहन्छन् । हतासिंदै र रुँदै गुहार ! गुहार !! भनिरहन्छे ।)*

आवई : ए ! ए ! बदमास मोरा हो ! *(उनी उठेर नेउटीलाई छुट्याउन ऊ भएनेर जान खोज्छिन्, सक्दिनन्, धामरिएर बीचैमा लड्छिन् ।)* त्यो विचरी केटीलाई एक्लै पारेर, तिमी बोक्सीका छौडाहरूलाई !

चेतना : *(चेतनाको प्रवेश)* ए ! के झगडा गरेका हेर ! हेर ! अझ ! अझ !! *(कालु, चामे र नेउटीको कुस्ता-कुस्तीतिर उनी बढ्छिन् । कसो कसो नेउटीका हातबाट पैसा फुस्काएर लिन्छन् र कालु र चामे भाग्छन्, नेउटी डवाँडवाँ रुन्छे ।)* नानी ! तिमी को हौ बा । तिनीहरूले तिमीलाई के गरे ?

नेउटी : साहुनी ! तिनीहरूले मेरो पैसा लगे । मेरो पैसा लुटेर लगे । तपाईं जस्तै एउटी साहुनीले मलाई पैसा दिएकी थिइन, त्यो सप्पै पैसा *(घुँक्क घुक्क गर्दै)* ती दुइजनाले मेरो पैसा लुटेर लगे । साहुनी म भोकै छु, अब के खाने ? आमाहोउ !! हे ! आमा !!

चेतना : ती बदमास केटाहरू कहाँका हुन्, तिमीले चिनेकी छ्यौ ? ल, नरोईकन भन त, ती कहाँ बस्छन् ?

नेउटी : ती पनि मजस्तै मागेर खाने केटा हुन् । ती कहिले कतै बस्छन्, कहिले कतै बस्छन् । साहुनी, मेरो हातै मरक्क पारेर मर्काइदिए । हिजोअस्ति प्लास्टिक बेचेर जम्मा गरेको पैसा पनि त्यही थैलीमा थिए, थैली नै लिएर भागे ।

चेतना : मलाई साहुनी ! साहुनी ! नभन ल । म साहुनी होइन । वरु मलाई

चेतना दिनी भन । मेरो नाम चेतना हो । दिदी भने पनि फरक पर्दैन । कठै बरा ! मागेर जम्मा गरेको पैसा पनि लुटिदिएछन् । कस्ता निहुरी मोराहरू ! भन त । तिम्रो पैसा कति थियो ? म तिमीलाई त्यत्ति पैसा पनि दिउँला, होटलमा लगेर चिउरा र तर्कारी पनि ख्वाउँला । अब नरोऊ है ! अँ, बरु भन त तिमीले मागेर खान थालेको कति वर्ष भयो ?

नेउटी : तीन वर्ष भयो । साहुनी ! म पहिले पहाडमा थिएँ, यहाँ आएपछि एउटा होटलमा बसें । होटलमा ६ महिनासम्म काम गरें । पैसा माग्दा साहुले पैसा दिएन, निकाल्दियो । अनि मागेर खान थालें ।

चेतना : पहाडबाट काठमाडौं किन आएकी त ? पहाडमा बाआमा, दाजुभाइ कोही छैनन् ?

नेउटी : बाआमा दुवै मरे । काकीले एकदिन एउटा बाखो हरायो भनेर पानी र सिस्नो लगाइन्, खान पनि दिइनन् । अनि भागेर काठमाडौं आएँ ।

आवई : *(आवई धर्बराउँदै चेतना र नेउटीनेर आउँछिन्)* नेउटी ! तँलाई मोरी ! ती वदमासहरूसँग नजा भनेकी होइन ! ती छट्टू छन् । छट्टू स्यालका पछि लागेर सुख पाइन्छ ! भुल्ल्याएको हेरिरहें, उठेर हिंड्न सक्ने भएकी भए तँलाई लुट्न कहाँ दिन्थें, आ, यता आ ।

नेउटी : *(आवईका घाउ र रगत देखेर)* आवई ! तपाईंलाई कसले पिट्यो ? *(आवईसँग गएर टाँस्सिन्छे, सुँक्कसुक्क रुन्छे, आवई उसका आँसु पुछिदिन्छिन्, छातीमा टाँसेर कपाल मुसार्छिन् ।)*

चेतना : कठ्ठै नि ! के भयो तपाईंलाई ? हेर लौ ! मुखभरि घाउ हरे ! दुखियाको जीवन पनि । सडक दुर्घटनामा पर्नुभा हो ?

आवई : तपाईंलाई के भनौं । ऐय्या ! साहुनी नभन भन्नुभाको सुनें । तपाईं असल आइमाई जस्तो लाग्छ । नाम चेतना भन्नु भो क्यारे ! चेतना नानी नै भनौं क्यारे ! अँ; चेतना नानी ! म मगन्ते बूढी हुँ बा ! मागेर खाने बूढी हुँ । आँखा पनि राम्ररी देख्दिनँ । आज पेटीबाट एउटा निर्दयीले नराम्ररी धकेल्दियो ।, नालीमा परें । मुख नै जोतियो । घुँडै फुटे । सम्पूर्ण जिउ थिल्थिलिएको छ । *(नेउटीलाई देखाएर)* यो केटी नि पहिले मसँगै बस्थी । ती वदमासहरूले फकाएछन्, आज यसलाई पनि लुटे, पिटे कठै नि ! हामी दुखीका कुरा सुनेर मन किन दुखाउनुहुन्छ ? भैहाल्यो नकोट्याउनोस् दुखीका घाउ ।

चेतना : तपाईंको घर छैन आवई ?

आवई : यही पाटी हो नानी हाम्रो घर । यही भत्केको पाटी ! अँ, घर भने पनि यही हो, दरबार भने पनि यही हो ।

चेतना : सबभन्दा पहिले त तपाईंका घाउमा औषधि लगाउनु पर्‍यो । औषधि नै नगरी कसरी निको हुन्छ ? बिचरीको मक्मकिएको बूढो जिउ, हरे ! कति भत्भति पोलेको होला लौ । अस्पताल नगईकन यहाँ किन आउनु भएको त ? तपाईं जस्ती बूढी मान्छेलाई पनि अस्पताल जाने चेत कसरी नआएको हो कुन्नि !

आवई : चेतना नानी ! अस्पताल गएर हामीलाई कसले बास्ता गर्छ ! मगन्तेहरू पनि अस्पताल जान्छन् कतै ! हाम्रो त अस्पताल भने पनि यही थोत्रो पाटी हो, औषधि भने पनि यही थोत्रोपाटी हो । बरु कहिल्यै नभएको कुरो आज मेरो फुच्चाफुच्चीहरू ओखती किन्न गा'का छन् ।

चेतना : अस्पताल सबैको त हो नि ! सरकारी अस्पतालमा सबैले ओखती गर्न पाउनुपर्छ । त्यहाँका डाक्टरहरूले सबैलाई जाँच्नुपर्छ । रोगअनुसारको ओखती दिनुपर्छ । बुझ्नु भो आबई ! यो देश तपाईंको पनि हो, यो बाटो, यो अस्पताल, यी नदीनाला यी हिमालहरू तपाईंका पनि हुन् । यो देश हामी सबैको साझा हो आमा !

ठोट्ने : *(ठोट्ने र चनमतीको प्रवेश)* नेउटी पनि आआइछ, नेनेउटी पपनि देदेउती भई । ततपाइ को हो ! ततपाईले ? हामीलाई भाभाषण होइन रारासन दिदिन ससक्नुहुन्छ ? *(खाने सामान कुनातिर राख्छ । एउटा स्याउको डल्लो आवईलाई दिन्छ ।)*

चेतना : आबई ! के यी सबै यही पाटीमा तपाईंसँग बस्छन् ? हेर, देशका यति राम्रा बालबालिकाहरूको पाटीको बास छ । नेताहरू भाषण मात्र गर्छन् । बिचरा यो केटालाई पनि भाषण गनाएको रहेछ । *(ठोट्नेहलाई हेरेर ।)* तिम्रो के नाम हो बाबू ?

चनमती : यसको नाम ठोट्ने हो । यसकी आमाले यसलाई कोदो रोप्दारोप्दै एउटा ठोट्नेका रूखमुनि जन्माएकी हुन् अरे ! ठोट्नेका रूखमुनि जन्मिएको हुँदा यसको नामै ठोट्ने भएछ । पुरेतले त यसको नाम अक्कलबहादुर राखेका अरे ! अक्कल भनेको बुद्धि हो रे ! योसँग एकथोपो पनि बुद्धि छैन । त्यसैले सबै ठोट्ने भन्छन् । यो ठोट्नेका पातजस्तै खस्रो छ ।

ठोट्ने : हो, मम खस्रै छु । खखस्रा मान्छेका खखस्रा कुरा ! सासाहुनीले पाँपाँच रुपिया दिदिए अहिल्यै जाँजाँतामा पिपिनेको कोकोदाको पीठो जजस्तै ममसिनो पपनि हुनसक्छु । चचनमती मोरीले भभनेका कुरा ठीठीकै हुन् । म ठोठोट्ने नै हुँ । म ठोठोट्नेकै रूखमुनि जन्मेको हुँ । अअनि ततपाई को हुहुनुहुन्छ को नि ?

चेतना : आवईको परिवार त ठूलो रहेछ । *(लामो सुस्केरा हालेर)* यो देश



कहिले सप्रने होला खै ! मान्छेका छोराछोरीको यो दुर्दशा छ । *(अनामतिर हेरेर)* के तिमीहरू आवईलाई ओखती लिन गाका हौ ? खै । खै !! ओखती ! *(अनाम आइडिनको सिसी दिन्छ, चेतना त्यो सिसी ओर्काइफर्काई हेर्दैछिन् ।)* आवई तपाईंको हात सोभ्रो बनाउनुहोस् त ! हेर, हात मर्केको छ, मुखभरि त्यो विधि घाउ छन् । *(घुँडा हेरेर)* बिचरीका दुवै घुँडा, कुहिना फुटेका छन् । आइडिन लगाएर मर्केको घाऊ निको हुन्छ ? यति ठूला घाउ आइडिन लगाएर निको हुँदैन आवई !

अनाम : हजुर ! हामीसँग पैसा छैन । ओखती पसलमा चोट लागेको ठाउँमा लाउनु भनेर यही दियो । हजुर, हामीलाई त यही पनि लाख छ । हामी सडकका मान्छे हौं । हातै मर्के पनि, ढाडै भाँच्चिए पनि हाम्रो के लाग्छ र हजुर । *(नेउटीतिर हेरेर)* तँ कहाँ-कहाँ गइस् नि ? तैंले

दुःख पाइस् कि भनेर आवई तीन दिनसम्म रातरातभरी रोइन् । त्यो कालेसित गा'की, त्यो चोरसित । हामी मरे पनि सँगसँगै यही पाटीले थिचेर मरौंला ,बाँचे पनि सँगसँगै बाँचौंला । अब कहिल्यै हामीलाई छोडेर नजा है ! *(नेउटी लजाएझैं गरेर टाउको हल्लाउँछे र जान्न भन्ने सङ्केत गर्छे ।)*

चेतना : खाते, मगन्ते भनेर मान्छेहरू हेप्छन् । यिनीहरूका बीचमा छचल्किएको मानवता, प्रेम, माया र सद्भावना देख्दा भगवान् ! आज म छक्कै परें । आवई ? तपाई भत्केको पाटीमा हुनुहुन्छ तर तपाईंभित्रको असल भावमा, असल विचार भत्केको छैन । हामी सुकिलामुकिला मान्छेहरू नभत्केका ठूलाठूला घरमा बसेका छौं तर हाम्रा भावना, हाम्रा विचार सब भताभुङ्ग छन् । ठोट्ने, चनमती, नेउटी, *(अनाम र बुदनाको नाम सोध्छे)* अनाम ! बुदना उठ अब ! यो थोत्रो पाटीमा बसेर घाइते भएकी आवई निको हुन्नन् । निको बनाउनलाई अस्पत्ताले जानुपर्छ । म तिमीहरूकी दिदी हुँ, चेतना दिदी हुँ । आज उप्रान्त मेरो बल, मेरो बुता, मेरो सम्पूर्ण शक्ति तिमीहरूको कल्याणमा समर्पित गर्छु, पूरै समर्पण गर्छु ।

अनाम : चेतना दिदी ! तपाईंको कल्याण होस् । मान्छेहरू हामीलाई देख्दा घिन मान्छन् । सायद हामी ठसठस गनाउँछौं । हामी अस्पताल जाने कुरा म त सम्भव देख्दिनँ । अस्पताल जाऊँ भनेर कर नगर्नुहोस् । अरू जे भन्नुहुन्छ, बरु त्यो मान्छौं ।

नेउटी : अस्ति एउटा डाक्टरले कुन्नि किन हो, मलाई माया मानेजस्तो गरेर कुराकानी गऱ्यो । पढेकी छयौ कि छैनौ भनेर पनि सोध्यो । दुई रुपियाँ दाम पनि दियो । कुनैकुनै डाक्टर त असल पनि हुन्छन् ।

चेतना : हेर, परेर जान्नु भनेको यही हो । नेउटीले कति राम्रो करा भनी । हो, सबै मान्छे खराब हुँदैनन् । सबै मान्छे असलै मात्र पनि हुँदैनन् । आवई उठ्नोस् ! तपाईंका घाउ आइडिन दलेर निको हुन्नन् । तिनमा त बीरहस्पिटल नै दल्नुपर्छ, टिचिङहस्पिटल नै दल्नुपर्छ । उठ चनमती, उठ ठोट्ने, अनाम, सबै उठ : आजबाट तिमीहरूकी आवई मेरी पनि आवई हुन् ! हामीले हाम्री आवईलाई निको बनाउनैपर्छ ।

बुदना : आमा हिँड्नै सक्नुहुन्न । कसरी अस्पताल पुऱ्याउने चेतना दिदी ?

चेतना : त्यसको पनि उपाय छ बुदना ! त्यसको पनि उपाय छ ।

ठोट्ने : ततपाई भभगवती हो । आआजसम्म हाहाम्ले तपाईंजस्तो मामान्छे भेभेटेकै छैनौं । मैमैले त मेरी आआमालाई ससम्झें । ससत्य, धरोधर्म आआमालाई सम्झे । ततपाई हामी ससबैकी आमानै हो ।

अनाम : चेतना दिदी ! ल, हुन्छ हामी तयार छौं । आवईलाई सन्चो हुन्छ भने

हामी जे गर्न पनि तयार छौं । भन्नुहोस्, जे जे भन्नुहुन्छ हामी त्यै त्यै गर्छौं । चेतना दिदी ! मान्छेहरू ठान्छन्, हाम्रो न बुद्धि हुन्छ, न विवेक नै । तर हाम्रो पनि हृदय छ दिदी ! मान्छेका छोराछोरी भएर पनि आज हामीले गल्लीका कुकुरले नपाउने कष्ट पाएका छौं । हामी यो कष्टबाट मुक्त हुन चाहन्छौं । चेतना दिदी ! दुख्ख सम्झँदा यो कलिलो छाती नै भक्कानिएर आउँछ । यो पाटीलाई हेर्नुहोस् त ! यसले न हामीलाई पानीबाटै बचाउँछ, न जाडोबाटै बचाउँछ । हामीले के खाएका छौं, के लगाएका छौं., कहिल्यै कसैले सोचेन दिदी, कहिल्यै कसैले सोचेन ! मान्छेहरू मोटरमा चढेर दगुरिरहेका छन् । उनीहरू ठान्छन् मोटर सडकका छातीमा दगुरिरहेछ, बास्तवमा धनीमानीहरूका मोटर हाम्रा छातीमाथि दगुरिरहेका छन् ।


आबई : म त अब आउने जाडो कट्छु कि कट्दिनं । चेतना नानी ! तपाई देवी हुनुहुँदोरहेछ । म मरे पनि यी अनाथहरूलाई बचाउनु होला ।

चेतना : तपाईलाई मर्न हामी दिँदैनौं आबई ! अनाम, चनमती , बुदना, नेउटी, ठोट्नेहरू नै तपाईलाई बचाउन काफी छन् । उठ्नोस् ! यो बढी कुरा गरेर भुल्के समय होइन । घाउहरू राग्गिन सक्छन् । तपाईको दाहिने हातै चलेको छैन । उठ्नोस्, तपाईलाई बोकेरै म अस्पताल पुऱ्याउँछु । तपाईजस्ती सफा हृदय भएकी आबईलाई बोकेर अस्पताल लैजान पाउनु मेरो सौभाग्य नै हो । हे भगवान् ! मेरा गोडा नलुग्लुगाउन्, परमेश्वर मलाई साथ देऊ ! मलाई बल देऊ ! *(चेतना दिदी बिस्तारै आबईलाई उठाउँछिन् । अनाम, नेउटी, बुदना, ठोट्ने, चारुहरूले पनि आबईलाई उठाउन साथ दिन्छन् ।)* आज मैले ठूलो सभ्यता र शिष्टतालाई बोकेकी छु, मानवतालाई बोकेकी छु, संसारभरको धर्मको सारतत्वलाई बोकेकी छु ! वास्तवमा आज मैले नेपाल आमालाई नै बोकेकी छु । *चेतना आबईलाई बोक्छिन् र अस्पतालतिर लाग्छिन् । सबै केटाकेटी हर्षका साथ उनका पछि लाग्छन् ।*

अनाम : *(उच्चस्वरमा)* चेतना दिदी !!

सबै : जिन्दाबाद ! जिन्दाबाद !!

*(नारा दोहोरिरहन्छ । पर्दा गिर्छ ।)*



## विजय चालिसे

जन्म : वि.सं. २००८ असार २२, जोरपाटी-९, काठमाडौं

शिक्षा : एम्.ए. (नेपाली साहित्य), बी.एड. (भाषा शिक्षण), पत्रकारिता डिप्लोमा (लण्डन)

पेशा : पत्रकारिता (अध्यक्ष-गोरखापत्र संस्थान)

शिक्षण : पशुपति बहुमुखी क्याम्पस, चावहिल (आंशिक)

### प्रकाशित कृति

होटेल राँकीमा हत्या (जासुसी उपन्यास, २०३१), अनि कुइरो फाट्छ (उपन्यास, २०३६), डोटेली लोकसंस्कृति र साहित्य (२०३९), दयालु राजकुमार (बालकथा, २०४३), त्रिविध (संयुक्त कथासङ्ग्रह, २०४४), अप्रिलको बेलायत (यात्रा संस्मरण, २०४५), समाचार लेखन तथा सम्पादन (पत्रकारिता, २०४५) प्रयोग/प्रत्यारोपण (कथासङ्ग्रह, २०४७), अनौठो भूमिमा एलिस (अनुवाद, २०५०), हाम्रो वरिपरिको विज्ञान (२०५२) सेवाका प्रतिमूर्ति (बालजीवनी २०४५), भग्न आस्थाको खण्डहर (कथासङ्ग्रह, २०५३), हराएको मूर्ति (बालकथा, २०५६), आमसञ्चारका विविध पक्ष (आमसञ्चार, २०५७), टाटेपाङ्ग्रे (संयुक्त बालकथा, २०५७), विश्वप्रसिद्ध बालकथाहरू खण्ड-१(अनुवाद, २०५७) अमूल्य उपहार (संयुक्त बालकथा, २०५८), विश्वप्रसिद्ध बालकथाहरू खण्ड-२ (अनुवाद, २०५८), किशानबाट शिक्षा (बालकथा, २०५८), चटकीको बाँदर (बालकथा, २०६०), मङ्गल ग्रहमा विज्ञान (२०६०), आमसञ्चार द्वन्द र आतङ्कवाद (२०६०), मुस्ताङको गुफा (२०६१), Media and Culture (२०६४), मनका तूलिकामा स्मृतिका बिम्बहरू (नियात्रा, २०६४), आमसञ्चारका सिद्धान्तहरू (२०६५) आदि ।

### सङ्लग्नता

विगतमा साझा प्रकाशन र गोरखापत्र सञ्चालक समिति सदस्यका साथै अन्य विभिन्न सङ्घसंस्थाको संस्थापक अध्यक्ष, महासचिव र सदस्य, गरिमा, प्रस्तार, उत्साह आदि साहित्यिक पत्रिकाहरूको सल्लाहकार ।

### पदक तथा पुरस्कार

रोनाष्ट वैज्ञानिक जीवनी लेखन पुरस्कार (२०४३), शिक्षा मन्त्रालयको साहित्यिक पत्रकारिता पुरस्कार (२०४६), उत्कृष्ट बालसाहित्य पुरस्कार (२०५६ र २०५९), साझा बालसाहित्य पुरस्कार (२०५९) आदि ।

# अल्बर्ट आइन्स्टाइन

पात्रहरू :

| | | |
|---|---|---|
| अल्बर्ट आइन्स्टाइन | : | ११ वर्षीय बालक, पछिका ठूला वैज्ञानिक । |
| माज्या आइन्स्टाइन | : | अल्बर्टकी ८ वर्षीय बहिनी । |
| पोलिना आइन्स्टाइन | : | अल्बर्ट र माज्याकी आमा । |
| हर्मन आइन्स्टाइन | : | अल्बर्टको बाबु । |
| ज्याकोब | : | अल्बर्टका काका । |
| हर सेन्डर | : | अल्बर्टका इतिहास पढाउने गुरु । |
| हर कोलमेयर | : | अल्बर्टका गणित पढाउने गुरु । |
| समय | : | सन् १८९० को मई महिनाको साँझ । |
| दृश्य | : | आइन्स्टाइनको घरको बैठक कोठा । |

*(अल्बर्ट मेचमा बसेर एकाग्र भई पुस्तक पढिरहेका छन् । त्यत्तिकैमा अल्बर्टकी सानीबहिनी माज्या भित्र पस्छिन् ।)*

माज्या : के गरिरहनुभएको दाइ ? *(अल्बर्ट सुन्दैनन् । केहीबेर चूप लागेर माज्या फेरि बोलाउँछिन्)* अल्बर्ट दाइ ! ए दाइ !

अल्बर्ट : *(झस्केर)* को ? किन ?

माज्या : तपाईं दिउँसै सपना देख्न लाग्नुभयो कि क्या हो ?

अल्बर्ट : होइन, होइन माज्या । म केही सोच्दै थिएँ । *(किताब राख्छन् ।)*

माज्या : के सोच्न लाग्नु भएको छ ?

अल्बर्ट : त्यस्तो ठूलो कुरा त होइन ।

माज्या : त्यस्तो कुनै कुरा नभए किन तपाईं एकाग्र भएर सोच्नुहुन्थ्यो । साँच्चै दाइ, तपाईं मसँग कुरा लुकाउँदै हुनुहुन्छ । तपाईं के सोच्दै हुनुहुन्छ, मलाई पनि सुनाउनोस् न ।

अल्बर्ट : ल त सुन म के सोच्दै छु । अँ ! कल्पना गर, तिमी रेलभित्र



छ्यौ । तिमीले कुनै एउटा खँदिलो चीज रेलको झ्यालबाट मिल्कायौ भने दगुरिहेको रेलको ठीक कुन ठाउँको नजिकै त्यो खस्छ भनेर तिमी कसरी ठम्याउन सक्छ्यौ ?

माज्या : मलाई के थाहा यस्ता कुरा । बाबा, आमा, काकालाई किन नसोधेको त ? उहाँहरूलाई यस्तो कुरा थाहा हुनुपर्छ । *(पोलिना आइन्स्टाइन कोठामा आउँछिन् ।)*

पोलिना : बाबा र काका अझसम्म खाना खान आउनुभएन । निकै अबेर पो भइसक्यो त !

अल्बर्ट : आमा म पसल जाऊँ त हेर्न ? साबुन पनि ल्याउँछु र उहाँहरूलाई पनि बोलाउँछु, हुन्न ?

पोलिना : अँ, हुन त हुन्छ । आज तिमीले बेला बजाउन सिक्यौ ?

अल्बर्ट : सिकें आमा । आज मैले एक घण्टाभन्दा पनि बढी बेला बजाएँ ।

पोलिना : राम्रो गऱ्यौ । यसैगरी सिक्नुपर्छ । *(मेचबाट अल्बर्टको एउटा किताब हातमा लिन्छन्)* अहिले के पढ्दै थियौ त ? विज्ञानकै बारेमा पढ्दै थियौ कि छोरा ।

अल्बर्ट : हो, आमा । यस किताबमा ताराहरूको बयान छ । *(किताब पल्टाएर देखाउँदै)* यी हेर्नोस् त, यस अध्यायमा ताराबाट निस्कने उज्यालोको बारेमा बताइको छ । त्यसबाट तातो निस्कने कुरा पनि छ यसमा । तर नि आमा तापले त्यो तारा किन बल्दैन ? यो कुरा मलाई अचम्म लाग्छ । तपाईंलाई थाहा छ आमा ? त्यो तारा किन बल्दैन ?

पोलिना : तिम्रो कुराको जवाफ म दिन सक्दिन छोरा । तिमीले पढेका र सोचेका कुनै कुरा मैले पनि नबुझेको हुन सक्छ । तिमी गएर बाबा र ज्याकोब काकालाई बोलाऊ । उहाँहरूले तिम्रो प्रश्नको उत्तर दिन सक्नुहुनेछ । तर तिमी कहिलेकाही यस्तो प्रश्न गर्छौ, तिम्रा काकालाई पनि त्यसको उत्तर दिन असजिलो पर्छ । जाऊ, उहाँहरूलाई खाना तयार भयो भन ।

अल्बर्ट : हुन्छ, आमा । म बोलाउन जान्छु । *(ढोकातिर जान्छ ।)* ए उहाँहरू त आइसक्नुभएछ । *(हर्मन आइन्स्टाइन र ज्याकोब भित्र पस्छन् ।)*

पोलिना : ए । तपाईंहरू आइपुग्नुभयो । ल, खाना पनि तयार भइसक्यो ।

हर्मन : पोलिना, निकैबेर कुर्नु पऱ्यो हकि ? के गर्नु आज ढिलो भयो ।

पोलिना : ज्याकोब ! अल्बर्ट तिमीहरू एउटा प्रश्न सोध्न खोज्दैछ ।

ज्याकोब : अल्बर्ट ! ल भन पहिला तिम्रो प्रश्न सुनूँ कि, हामी ढिलो आउनाको कारण बताऊँ ।

हर्मन : खाना खाउन्जेल नभन्ने कि, अहिल्यै भनिहाल्ने ?

माज्या : किन यतिका खुल्दुली पार्नु परेको नि । काका भन्नोस् न ।

हर्मन : होइन...भोलि मात्रै ।

अल्बर्ट : बाबा तपाईं पनि जिस्क्याउन छाड्नोस् न ।

माज्या : भन्नोस् न, भन्नोस् न भन्या ।

हर्मन : ल त, भोलि हामी सबै रेल चढेर जुरिच जान्छौं ।

पोलिना : ए ! सङ्गीतसम्म्लनमा होला, हैन ?

अल्बर्ट : ओहो, जुरिचको सङ्गीतसम्मेलन ।

ज्याकोब : त्यहाँ तिमी र भाउज्यूले मन पराउने बेला बजाउने धेरैजना मानिस पनि आउनेछन् ।

हर्मन : छोरा कुनै दिन तिमी पनि त्यस्तै ठूलो सम्मेलनमा बेला बजाउने प्रसिद्ध सङ्गीतकार हुनेछौ । कसो होइन त पोलिना ?

अल्बर्ट : म पनि त्यस्तै प्रसिद्ध बन्ने ? मैले त धेरै काम गर्नु छ र धेरै कुराको योजना गर्दै प्रयोग गर्नुपर्छ हकि बाबा ?

ज्याकोब : हो, छोरा हो । तिम्रा सबै विचारलाई प्रयोगमा ल्याउन तिमीसँग धेरै समय बाँकी छ ।

माज्या : जुरिच जान मैले कुन लुगा लगाउने आमा ? त्यहाँ पुग्न कति समय लाग्छ ? भोलि कति बेला हिँड्ने आमा ?

पोलिना : एकपल्टमा एउटै मात्र प्रश्न सोध्ने गर न माज्या ।

अल्बर्ट : रेल चढ्दा खुबै रमाइलो होला हकि ?

पोलिना : *(जिस्क्याउँदै)* सङ्गीतसम्मेलनभन्दा पनि रमाइलो ?

अल्बर्ट : होइन, सम्मेलन नरमाइलो हुन्छ भनेर त कहाँ भनेको हुँ र ? तर रेलमा म मेरा मनमा उठेका केही प्रश्नको परीक्षण पनि त गर्न पाउँछु नि । त्यसो भनेर पो त ।

ज्याकोब : कस्तो परीक्षण ? सुनाऊ न हामीलाई पनि, अल्बर्ट ।

अल्बर्ट : हस्, तर नहाँस्नोस् नि ।

ज्याकोब : के भन्या : को हाँस्छ र ?

अल्बर्ट : मेरो कुरा सुनेर स्कुलमा कुनै बेला साथीहरू र गुरु पनि हाँस्नुहुन्छ । त्यसैले...।

हर्मन : स्कुलमा तिम्रा विचारबारे गुरुहरूसँग छलफल गर्न कतिको समय पाउँछौ ?

अल्बर्ट : हामी बराबर छलफल गर्छौं, बाबा ।

हर्मन : होला । तर पनि किन तिम्रा गुरुहरू तिम्रा प्रश्न र विचार राम्ररी बुझ्न सक्नुहुन्न त ?

अल्बर्ट : कहिलेकाहीं त पुरानो प्रश्नको समेत राम्रो समाधान र उत्तर नपाउँदा झर्को पनि लाग्छ ।

हर्मन : ठीकै त हो नि । अँ । भोलि जुरिच जानुअघि नै पाठहरू त तयार गरिसक्नुपर्छ नि । तिम्रा प्रश्न राम्रा छन्, तर तिमीले पाठ पनि त पढ्नुपर्छ ।

ज्याकोब : ल त खाना खाएर तिमीले सबै पाठ सिक्नुपर्छ । अनि भोलि घुम्न जाँदा रेलमा तिमी आफ्ना विचारलाई जाँच्लाऊ । अँ । भोलि

रेलमा सबैभन्दा पहिला के प्रयोग गर्नौं ?

अल्बर्ट : त्यो के भने नि- हामी चढेको रेल एक घण्टामा पचास किलोमिटर हिंड्छ भने त्यो छिटो गुड्ने रेलबाट एउटा भकुन्डो फालेर आफूले चाहेकै ठाउँमा खसाल्नु पऱ्यो भने कति चाँडो र कसरी फाल्नु पर्ला ? यसको कसरी अड्कल गर्ने ?

ज्याकोब : ठीक छ भोलि तिमी रेलमै प्रयोग गर्लाऊ ।



पोलिना : यो प्रयोग घरैमा गरे हुन्न ? रेलमा यात्रुको शिरमाथि भकुण्डो फ्याँक्दा उनीहरूले के ठान्लान् ?

अल्बर्ट : तर आमा यो प्रयोग घरमा गर्न सकिँदैन । यसको लागि लगातार उही चालमा हिँडिरहने साधन चाहिन्छ ।

ज्याकोब : अँ...! अरू नि ? अरू पनि केही सोचेका छौ कि ?

अल्बर्ट : अर्को के भने, ताराहरू आफ्नो ठाउँ छाडेर अन्त सर्न सक्छन् कि सक्दैनन् भन्ने कुरामा म अलमलिइरहेको छु ।

ज्याकोब : अँहँ । ताराहरू सर्न सक्तैनन् ।

अल्बर्ट : सक्दैनन् भन्ने तपाईंले कसरी थाहा पाउनुभयो ।

ज्याकोब : त्यो त...त्यो त... तर जे होस्, त्यसो हुनै सक्तैन ।

अल्बर्ट : यसको कहिल्यै कसैले प्रयोग गरेको छ र सक्तैन भन्न ?

ज्याकोब : प्रयोग गरे-नगरेको त मलाई थाहा छैन...। तपाईंलाई थाहा छ दाइ ?

हर्मन : अँहँ ! मलाई पनि थाहा छैन । प्रयोग भएको सुनेकै छैन ।

पोलिना : यो कुरा निश्चित भइसक्यो अल्बर्ट, ताराहरू सधैं एकै ठाउँमा बस्छन् । उनीहरू ठाउँ सर्दैनन् ।

अल्बर्ट : आमा तपाईंले भन्नुभएको कुरामा विज्ञानको आधारै छैन । बाबा र काकाले सरेको सुन्नु भएन भन्दैमा नसरेकै हो भन्न सकिन्छ र ? आजसम्म कसैले जान्न खोजेन त ?

ज्याकोब : मलाई थाहा भएसम्म आजसम्म कसैले पनि यसबारे खोजेको छैन बाबु ।

अल्बर्ट : त्यसो भए ताराहरू स्थिर छन् भन्ने पनि त पक्का भएन नि ?

ज्याकोब : मलाई त भोक लाग्यो । अब खाने होइन भाउज्यू ?

पोलिना : अब खाने बाबु ।

अल्बर्ट : काका, तपाईं ताराहरू एक ठाउँबाट अर्को ठाउँमा सर्दैनन् भन्ने कसरी प्रमाणित गर्नुहुन्छ त ?

हर्मन : पर्ख अल्बर्ट । तिम्रा काका भोकाएका छन् । भोकाएको बेला ठूलाठूला वैज्ञानिकले पनि राम्ररी काम गर्न सक्तैनन्, होइन त ?

अल्बर्ट : तर बाबा, सच्चा वैज्ञानिक त धेरै समयसम्म भोक र निन्द्रा छाडेर पनि आफ्नो काम गरिरहन्छन्, हैन र ? आइज्याक न्युटन हप्तौंसम्म नखाएर पनि काम गरिरहन्थे रे । मैले पढेको किताबमा त्यसै भनेको छ ।*(ढोका घचघच्याएको आवाज आउँछ ।)*

पोलिना : अल्बर्ट, ढोका खोलिदेऊ त ।

अल्बर्ट : हस् आमा । *(अल्बर्ट जान्छन् ।)*

हर्मन : ज्याकोब, अल्बर्टलाई यतिको जेहेन्दार बनाउन तिम्रो धेरै परिश्रम परेको छ । तिमीले झिंजो नमानी उसको प्रश्नको उत्तर दिएर अल्बर्टलाई सारै हौस्याएका छौ ।

ज्याकोब : मसँग बसेर अध्ययन गर्न पाएकोमा ऊ पनि खुशी छ । *(अल्बर्ट र हर सेन्डर भित्र पस्छन् ।)*

अल्बर्ट : यहाँ मेरा गुरु हर सेन्डर हुनुहुन्छ, बाबा । तपाईंसँग भेट्न आउनुभएको रे ।

हर्मन : नमस्ते, हर सेन्डर *(दुबै हात मिलाउँछिन्)*

पोलिना : नमस्ते ! बस्नोस् न ।

सेन्डर : धन्यवाद *(बस्छन्)* ।

ज्याकोब : केटाकेटी हो, ल हिंड भान्छामा गएर खाना ठीक गरौं । *(माज्या, अल्बर्ट र ज्याकोब जान्छन् ।)*

सेन्डर : कृपया, एकैछिन पर्खनोस् त । अल्बर्टका काका ज्याकोब तपाईं नै होइन ?

ज्याकोब : *(केहीबेर चुप लागेर)* हो, मै नै हुँ ।

सेन्डर : धन्यवाद । म अल्बर्टको इतिहास पढाउने गुरु हुँ । आज मसँग अल्बर्टका अर्का गुरु पनि आउन लाग्नुभएको थियो । तर उहाँ समयमा आइनपुग्नु भएकोले म मात्रै आएँ । उहाँको नाम हर कोलमेयर हो । *(श्रीमती आइन्स्टाइनतिर फर्केर)* तपाईंका छोरा असाध्यै जेहेन्दार छन् । उनी अक्सर घरको कुरा हामीलाई पनि सुनाउने गर्छन् । उनी घरमा आफूले पाउने हौसलाबाट असाध्यै खुशी छन् ।

पोलिना : हजुर, ऊ जेहेन्दार र असल छ ।

सेन्डर : उनी तपाईंले सङ्गीत सिक्न धेरै हौस्याउनुभएको छ भन्छन् ।

पोलिना : अल्बर्ट र म अक्सर सँगै सङ्गीतको अभ्यास गर्छौं ।

सेन्डर : धेरै राम्रो । अल्बर्ट भन्थ्यो, बाबाचाहिँ उसलाई राम्रा-राम्रा जर्मनी कथा सुनाउनुहुन्छ रे ।

हर्मन : उसले भनेको ठीकै हो । बेलुका खाना खाएपछि अक्सर म सबैलाई कथा सुनाउँछु ।

सेन्डर : *(ज्याकोबतिर फर्केर)* तपाईंले त उसलाई गणित र विज्ञान सिकाएर झन् ठूलो मद्दत गर्नुभएको छ ।

ज्याकोब : हो, हामी अल्बर्टका समस्या बुझेर बताइदिने गर्छौं ।

हर्मन : यहाँको अरू कुनै विशेष कुरा छ कि ?

सेन्डर : अँ, मैले गर्न खोजेको मुख्य कुरा त बाँकी नै छ । कुरा के भने अल्बर्ट हिसाब र विज्ञानमा धेरै बलियो छ तर इतिहासमा भने के भनूँ खोइ, फेलै भएछ ।

हर्मन : अल्बर्ट फेल भयो ? अरू विषयमा ऊ ध्यान दिंदो रहेन छ, धेरैजसो स्कुल पनि जाँदैन क्यारे ।

ज्याकोब : जेहेन्दार भएर पनि ऊ स्कुल जान मनै गर्दैन ।

पोलिना : सानो छँदा पनि अल्बर्ट इतिहासमा चाहिँ कमजोरै थियो ।

हर्मन : स्कुल पठाउन पनि त त्यसलाई अक्कसर मुश्किलै पर्छ ।

ज्याकोब : अब उसलाई सबै विषयमा बलियो पार्ने कोसिस गर्नु पर्‍यो ।

सेन्डर : *(उठ्दै)* धन्यवाद । मैले जे भन्न आटेको थिएँ त्यो तपाईंले बुझिसक्नुभयो ।

ज्याकोब : अल्बर्टको भलो सम्झेर यहाँसम्म दुःख गर्नु भएकोमा धन्यवाद ।

सेन्डर : नमस्कार । *(जान्छ)*

हर्मन : फेलै पो भएछ । अल्बर्टले राम्ररी पढेन छ त । पढाइमा त्यति मन दिँदैन । कतिपल्ट शून्यमा हेरेर टोलाइरहेको मैले नै देखेको छु । तिमीले याद गरेकी छैनौ, पोलिना ?

पोलिना : हो, देख्न त मैले पनि देखेकी छु । तर ऊ त्यसै समय खेर फालेर भने बस्दैन । त्यसरी टोलाउनुको पनि अर्को अर्थ छ । के भने ऊ घन्टौं विज्ञानबारे विचार गरेर बस्छ ।

हर्मन : तर स्कुलमा पढ्दा खालि केही विषयमा विचार गरेर मात्र त पुग्दैन नि, अरू पनि त लेखपढ गर्नु पर्‍यो ।

पोलिना : अरू नै स्कुलमा राखिदिएको भए राम्रोसँग पढ्थ्यो कि, जर्मन स्कुलहरू ज्यादै कडा हुन्छन् ।

हर्मन : अब एउटै उपाय छ ।

पोलिना : कस्तो उपाय ?

हर्मन : उसलाई अब तुरुन्तै पढ्नतर्फ बढी ध्यान दिन लगाउनुपर्छ । सबै विषय राम्रोसँग सफल नहुन्जेल कडा मिहिनेत नगरी उसलाई सुखै छैन । आजैदेखि उसलाई कठोर परिश्रम गराउनुपर्छ, अब ।

पोलिना : अनि सङ्गीतसम्मेलन हेर्न नलाने ? त्यसो त हुँदैन ।

हर्मन : सङ्गीतसम्मेलनभन्दा उसको लागि पढाइको बढी महत्त्व छ । अहिले त्यहाँ जानबाट उसलाई रोक्दा भविष्यका लागि सबै विषय राम्रोसँग पढ्नुपर्दोरहेछ भन्ने महसुस होला ।

पोलिना : यसपल्ट छोडिदिऔं, फर्केपछि उसलाई पढ्न लैजाउँला ।

हर्मन : अँहँ हुन्न । पढाइ बिगार्नु हुन्न ।

ज्याकोब : दाइले भन्नुभएको छ, ठीकै हो । तर अल्बर्टको लागि यो ज्यादै कठोर सजाय भएन र ? *(ढोकामा आवाज आउँछ, ज्याकोब जान्छ ।)*

पोलिना : छोराको पढाइ र व्यवहार हामीले अझै बुझ्न सकेनौं हगि ?

हर्मन : त्यस्तै लाग्छ ।

पोलिना : तर उसका सबै प्रश्न कम घतलाग्दा र गहकिला हुन्नन् ।

हर्मन : हो, त्यो त हो ।

पोलिना : होला, ऊ इतिहास त्यति मन पराउँदैन । इतिहास धेरै महत्त्वपूर्ण कुरा हो, तर यसो पनि त हुन सक्छ... *(ज्याकोब हर कोलमेरसँगै भित्र पस्छन् ।)*

ज्याकोब : उहाँहरू अल्बर्टका बाबा-आमा ।

कोलमेयर : नमस्कार ।

हर्मन : नमस्कार ।

पोलिना : बस्नोस् ।

कोलमेयर : धन्यवाद । *(बस्छ)* म ढिलो आएछु । हर सेन्डर त गइसक्नुभयो रे ।

हर्मन : हो, भर्खरै जानुभयो ।

कोलमेयर : एकैछिनले ढिलो भएछु । नत्र सँगै भेट हुन्थ्यो । अल्बर्टको बारेमा त उहाँले बताइसक्नुभयो होला ।

हर्मन : हो अल्बर्ट इतिहासमा असफल भएछ ।

कोलमेयर : अँ, उसले इतिहासमा राम्रो गर्न सकेन । तर ऊ विज्ञान र हिसाबमा भने सबैभन्दा चतुर छ ।

पोलिना : स्कुलमा पनि सबैभन्दा चतुर छ त ?

कोलमेयर : हो, ऊ एकदमै जेहेन्दार र तिखो बुद्धिको छ । उसका कतिपय प्रश्नको जवाफ दिन मलाई पनि धौ धौ पर्छ ।

हर्मन : होइन साँच्चै तिखो बुद्धिको छ त अल्बर्ट ?

ज्याकोब : हर सेन्डरको कुरा सुनेर त हामी साह्रै चिन्तित थियौं ।

कोलमेयर : होइन, त्यस्तो चिन्ता गर्नु पर्दैन तपाईंहरूले ।

पोलिना : अल्बर्ट ज्यादै असल छ, हाम्रो छोरा धेरै असल छ ।

कोलमेयर : यसमा कुनै शङ्कै छैन । म साँचो कुरा भन्दैछु । अल्बर्टले कतिपल्ट त मलाई पनि नयाँ ज्ञान दिएको छ र नाजवाफ



पारेको छ । जस्तो भनूँ *(खल्तीबाट नोटबुक निकाल्छ)* उसले सोधका केही प्रश्न मैले टिपेको छु । *(पढ्छ) के सधैं प्रकाशको गतिमा फरक पर्छ ? रङ सूर्यको प्रकाशमा किन मलिनो हुन्छ । शून्य साँच्चै नै केही होइन त ? आदि (नोटबुक बन्द गर्छ)* तपाईं नै विचार गर्नोस् त के यी प्रश्न एउटा बालकको लागि ज्यादै गहन छैनन् ?

ज्याकोब : बिल्कुलै कठिन छन् । घरमा पनि अल्बर्ट मसँग यस्तैयस्तै खालका प्रश्न गरिरहन्छ ।

कोलमेयर : तपाईं सबै प्रश्नको उत्तर दिनुहुन्छ ?

ज्याकोब : सबै प्रश्नको जवाफ त दिन सक्तिनँ, सकेको दिन्छु ।

कोलमेयर : म पनि सबैको दिन सक्तिनँ । यस केटाको भविष्य ज्यादै उज्जवल छ । यस्ता जेहेन्दार बालकको भावना र बुद्धिको विकास यही क्रमबाट लान कठिन हुन्छ । तर पनि मलाई विश्वास छ, तपाई यस काममा सफल हुनुहुन्छ । सबै कुरामा तपाईंहरूको सहयोग पाउन सक्नु भएको भाग्य हो । आमाले सङ्गीत, बाबुले असल किताबहरू र काकाले विज्ञान र हिसाबमा मद्दत गर्नाले उसलाई धेरै सहयोग मिलेको छ । मलाई लाग्छ, केही वर्षभित्र अल्बर्ट आइन्स्टाइनको ठूलो कामको बारेमा सुन्न पाउने छौं ।

हर्मन : धन्यवाद । अल्बर्ट जेहेन्दार नै छ ।

कोलमेयर : मैले तपाईंहरूलाई अल्मल्याएँ, अब जान्छु ।

पोलिना : धन्यवाद कोलमेयर । यसरी भेट्न आउनुभएकोमा हामी साह्रै कृतज्ञ छौं ।

ज्याकोब : एकैछिन कोलमेयर, के ताराहरूको स्थिति बदलिन सम्भव छ ?

कोलमेयर : धेरै चाखलाग्दो प्रश्न गर्नुभयो । यो पनि अल्बर्टकै प्रश्नहरूमध्येको होला होइन ?

ज्याकोब : हो, तपाईंले ठीक अनुमान गर्नुभयो ।

कोलमेयर : मलाई लाग्छ ताराहरूको स्थिति बदलिन सम्भव छैन ।

ज्याकोब : मेरो पनि यही विचार छ । त्यसैले हुनसक्छ तपाई ठीक भन्दै हुनुहुन्छ । तर कुनै दिन अल्बर्ट आइन्स्टाइनद्वारा तपाई-हाम्रो विचार गलत प्रमाणित हुन सक्छ ।

कोलमेयर : जे होस्, ठीकै छ । नमस्कार ।

हर्मन : नमस्कार । *(हर कोलमेयर जान्छन् ।)*

ज्याकोब : भोलि अल्बर्टलाई लाने कि नलाने दाइ ?

हर्मन : अब अल्बर्टको साथै हामी सबै सम्मेलन हेर्न जाने । कोलमेयरले पढाइका साथै सङ्गीतमा पनि चाख राख्नु राम्रो कुरा हो भनेको होइन ?

ज्याकोब : ठीक छ, म ती केटाकेटीलाई ल्याउँछु । *(जान्छ)*

हर्मन : हेर आजसम्म अल्बर्टलाई घोरिरहेको देखेर मैले कतिपल्ट सजाय दिएँ । विचारै नगरी पो त्यो सजाय दिएको रहेछु । बल्ल हर कोलमेयरले हाम्रो आँखा उघारिदिए ।

पोलिना : कोलमेयर धेरै विद्वान् र असल मानिस रहेछन् हकि ?

*(अल्बर्ट, माज्या र ज्याकोब भित्र पस्छन् ।)*

अल्बर्ट : हर सेन्डर के भन्न आउनुभएको रहेछ, बाबा ?

हर्मन : त्यस्तो विशेष कुरा त केही होइन बाबु ।

ज्याकोब : तिम्रो स्कुलको पाठबारे केही सुझाव दिन आएका रहेछन् । स्कुलमा तिमी कुनै विषयमा कमजोर छौ रे । हामी आशा गर्छौं तिमी अवश्य नै सुधार गर्ने छौ ।

अल्बर्ट : हस् ! म सबै राम्रो गर्ने कोसिस गर्छु ।

ज्याकोब : भोलि रेलमा के प्रयोग गर्ने रे अल्बर्ट ?

अल्बर्ट : हामी रेलमा बस्दा किन सडकमा रुखहरू छिटोछिटो हिँडेको देखिन्छ ? तिनै रुखहरू एकापट्टिको भन्दा अर्कोपट्टिको अलि ढिलो हिँडेको देखिनामा पनि त केही कारण होला ?

ज्याकोब : ठीक छ, ल अब चाहिँ खाना खान जाऔँ । *(सबै निस्कन्छन् ।)*

*पर्दा बन्द ।*



## विजयराज आचार्य

जन्म : २०३३/१०/९
जन्मस्थान : दाङ्वाङ - ४, च्यान्धारा, प्यूठान
आमा : मनकला आचार्य
बुबा : पितामबर आचार्य

**मौलिक कृतिहरू**

परिवर्तन (बालउपन्यास), हाम्रो अभियान (बालउपन्यास), नयाँ बस्ती (बालउपन्यास), शान्तिको आत्मकथा (बालकथा), बाटुली (बालकथा), उज्यालोको खोजीमा (बालनाटक), झमककुमारी (जीवनी), केवलपुरे किसान (जीवनी), कान्छाकुमार (जीवनी), चौध चम्किला कोपिला (बालअन्तर्वार्ता), प्रतिनिधि नेपाली बालनाटक (सं.), प्रतिनिधि नेपाली बालकथा (सं.), श्यामप्रसाद (जीवनी)

**अनुदित पुस्तकहरू**

रमाइला चिनियाँ बालकथा, लियो टास्टायका उत्कृष्ट बालनाटकहरू, पञ्चतन्त्रका रमाइला कथाहरू, परी (रवीन्द्रनाथ टैगोरका उत्कृष्ट बालकथाहरू), विश्वप्रसिद्ध लोककथाहरू १, २, ३, ४, प्रसिद्ध चिनियाँ बालकथा १, २, ३, विश्वप्रसिद्ध बालकथाहरू ६, ७, विश्वप्रसिद्ध जापानिज लोककथा, (लगायत २ दर्जन बालसाहित्यका पुस्तक अनुदित),

**पुरस्कार** : सर्वोकृष्ट बालसाहित्य पुरस्कार (२०६०, नेपाल बालसाहित्य समाजबाट चौध चम्किला कोपिलाको लागि)

**सम्बद्धता** : कार्यकारी अध्यक्ष- विवेक सिर्जनशील प्रकाशन प्रकाशन प्रा.लि.
प्रधान सम्पादक- हाम्रो बालबगैंचा मासिक

**संलग्नता** : आजीवन सदस्य- बालसाहित्य समाज
आजीवन सदस्य- रमेश विकल साहित्य प्रतिष्ठान
अध्यक्ष- निरन्तर नेपाल

# उज्यालोको खोजीमा

*(दिनको ठीक एक बजेको थियो । कलाकार अस्मिना रंजितले शान्तिको कामनासहित नेपालीहरूको वर्तमान कालो वास्तविकता र रोदनलाई चित्रित गर्दै घण्टाघरदेखि सिंहदरबारसम्मको सडकमा प्रतिष्ठापन कला प्रदर्शनी गरेकी थिइन् । जसबाट प्रभावित भई यो नाटक तयार गरिएको हो । जहाँ एक बाबुछोराबीच भएको संवाद यस नाटकको प्रमुख विषय बनाइएको छ ।)*

छोरा : बाबा यो सडक रक्त्याम्मै के'ले बनेको होला ?

बुबा : बाबु ! अरू के'ले पो हुनसक्छ र, रगतले नै रङ्गिएको त हो नि ?

छोरा : कसको रगतले बाबा ?

बुबा : हाम्रै देशका दाजुभाइ- दिदीबहिनीकै रगत छताछुल्ल भएको छ बाबु यो सडकमा ।

छोरा : किन यसरी छचल्किन परेको ?

बुबा : आन्दोलन भइरहेको छ नि, हो त्यसैले अहिले सडक रक्त्याम्मै बनेको हो ।

छोरा : आन्दोलन किन र कसका लागि भएको ?


बुबा : बाबु, अहिले हामीजस्ता सबै मान्छेका हक-अधिकार खोसिएका छन्, त्यसैले आन्दोलन भइरहेको छ ।

छोरा : हामी सबैको हक खोसिएको हो र बाबा ?

बुबा : हो बाबु, हामी सबै नेपालीको हक धरापमा परेको छ ।

छोरा : त्यतो भए त सबै नेपाली आन्दोलनमा उत्रेका होलान् ! किन जनताको जित हुँदैन त बाबा !

बाबा : सबै नेपाली जनता त आन्दोलनमा लागिरहेका छैनन् नि



बाबु !

छोरा : किन नि !

बुबा : विश्वास नलागेर ।

छोरा : कसको ?

बुबा : नेताहरूको !

छोरा : किन विश्वास लागेन ?

बाबा : योभन्दा पहिला पनि उनीहरूले धोका दिए, त्यही भएर ।

छोरो : कस्तो धोका ?

बुबा : एक त अधिकार नपाईकन अधिकार पाइयो भन्दै हिंडे, अर्को आफ्नो स्वार्थमा मात्र लम्पट बने ।

छोरा : त्यो भनेको के हो मैले त बुझिनँ नि ?

बुबा : म भन्छु बाबु, ०४६ सालमा सबै जनता दुश्मनलाई लखेट्न भनेर सडकमा ओर्लिए, तर जनताको इच्छा विपरीत नेताहरूले सम्झौता गरे- त्यही जनताको दुश्मनसँग ।

छोरा : कस्तो सम्झौता नि ?

बुबा : उसले दिएजस्तो गर्ने र नेताहरूले लिएजस्तो गर्ने तर दिनेले पनि केही नदिने र निलेने पनि केही नलिने काम भयो ।

छोरा : के २०४६ सालमा साँच्चिकै प्रजातन्त्र आएको होइन भन्या ?

बुबा : साँच्चिकै प्रजातन्त्र आएको भए अहिले यसरी किन लड्नपर्ने थियो र ?

छोरा : त्यतिबेला त प्रजातन्त्र आयो भनेर सबैजना मख्ख परेका थिए त ?

बाबु : छोरा, त्यतिबेला प्रजातन्त्र त लुच्चा, डाँका, फटाहा र स्वार्थीहरूको लागि मात्र आएको थियो । सबै नेपाली जनतालाई त कहाँ आएको थियो र ? साँच्चैको प्रजातन्त्र त्यतिबेला आएको भए त अहिले प्रजातन्त्रको लागि लड्नु नै पर्ने थिएन नि ।

छोरो : लुच्चा, फटाहा भनेर कसलाई भन्न खोज्नुभएको बाबाले ।

बुबा : तिनै नेतालाई जसले गर्दा हाम्रो देश यहाँसम्म आइपुग्यो । उनीहरूले जनताको लागि काम गर्छु भनेर आफ्नो लागि मात्र गरे ।

छोरो : हैन, आफ्नो लागि मात्र त्यस्तो के गरे त नि बाबा ?

बाबा : के मात्र गरेनन् भन न ! तिमीले अहिले सडकमा बगेको रगतको खोला देखेकै छौ । २०४६ सालमा पनि वीर सहिदले बगाएको रगतको आहालमा टेकेर सत्तामा पुगेर देश र जनताको पक्षमा काम गर्नुको साटो यी दुवैको विपक्षमा काम गर्न तल्लीन भए ।

छोरा : के-के त्यस्ता खराब काम गरे त यी नेताहरूले ?

बाबा : के मात्र गरेनन् र यिनीहरूले, आफूहरू सरकारमा जानेवित्तिकै,



जनतालाई दमन गरेनन् कि, महङ्गी बढाएनन् कि, आफ्ना निजीस्वार्थ पूर्ति गर्न नदीनाला भारतलाई बेचेनन् कि, थुक्क, डाँकाहरू हो ! नेपाली जनतालाई बन्दकी राखेर गर्नुसम्मको अपराध गरेर आखिर कसलाई फाइदा भयो त ?

छोरो : साँच्चै बाबा ! यी नेताहरू किन यति साह्रै बिग्रेका होलान् है ?

बाबा : अरू किन हुन्थ्यो नि ! लोभीपापी भएर नै यस्तो भएको हो ?' हो, विदेशीहरूले जस्तो लोभलालच देखाए तापनि नेताहरूले

उनीहरूको अगाडि नझुक्नुपर्ने थियो । प्रत्येक नेताले म जनताको एक-एक भोटले चुनिएको नेता हुँ भन्ने बिर्सिए, घुसखोरी र भ्रष्टाचारबाहेक अरू केही गरेनन् । अनि कसरी हुन्छ, देशको विकास ? देश बचाउनेहरूले नै देश डुबाएपछि...। बिरामी आमालाई बोक्न सकेनन् बाबु यी नेताहरूले । एउटै परिवारजस्तै मिलेर बसेकाहरूलाई विभिन्न जातजातिका नाममा फुटाएर स्वार्थपूर्ति गर्न खोज्नेलाई हामीले चिन्नैपर्छ र मास्नैपर्छ । अहिले पनि लडेर यिनीहरूलाई सरकारमा पठायौं भने यिनीहरूले हामीलाई पहिलेजस्तो दुःख दिन्छन् भनेर नै जनताले यिनीहरूलाई खुलेर साथ दिन नसकेका हुन् ।'

छोरा : के अब यिनीहरूको आन्दोलनलाई जनताले कहिल्यै साथ दिन्नन् त बाबा ?

बाबा : दिन्छन्, तर यिनीहरूले जनतासँग सार्वजनिक रूपमा माफ माग्नुपर्छ ।

छोरा : कस्तो माफी माग्नुपर्छ नि ?

बाबा : पहिला त, दुश्मनले चिल्ला कुरा गर्नेबित्तिकै तर देखेर जिब्रो चाट्दै बिरालाले झम्टेजस्तै केवल सत्ताका निम्ति दुष्टको शरणमा जाने छैनौं भन्नुपर्छ । अर्को, हामीले हिजो गरेका भ्रष्टाचार, देशघाती निर्णय, नदीनालामाथि विदेशीले हस्तक्षेप गर्ने सहमतिमा सहीछाप गरेर कमाएको सम्पत्ति राष्ट्रको नाममा सुम्पने प्रतिबद्धता पनि आउनु पर्‍यो । त्यतिमात्र होइन, आगामी दिनमा राम्रो मान्छेलाई मात्र सरकारमा पठाउछौं, हिजो अनुहारमा कालो दाग लागेका हामीहरूले बाहिरै बसेर सरसहयोग गर्छौं भनेर जनतालाई विश्वास त दिलाउनै पर्‍यो ।

छोरा : पहिला आन्दोलनमा सफल पारेर पछिमात्र यी सबै कुरा मिलाए के हुन्छ ?

बाबा : हुन्न बिल्कुल हुन्न । अपराधीले अपराध गर्ने र अपराध नसच्चाईकन त्यसैका पछाडि लागेपछि त हामी पनि त जनविरोधी र देशविरोधी भइहाल्छौं नि । त्यसैले यिनीहरूले जनतका माझमा आएर माफी माग्नैपर्छ ।

छोरा : होइन बाबा । यी खराब नेताहरूलाई हटाएर राम्रा र असल नेताको मात्र नेतृत्व बनाएपछि त भइहाल्छ नि ? त्यसो गर्न पाए त राम्रै होला है ! तर...तर त्यो पनि कसरी गर्ने ?




बाबा : यो त गाह्रो कुरै होइन नि ! हाम्रा नेता युवराज त होइनन् नि ! जस्तोसुकै बद्‌मास, उद्दण्ड र हत्यारो भए पनि बाबु मरेपछि राजा भइहाल्ने । जनताले माने पनि नमाने पनि राजा ! जस्तोसुकै भए पनि शक्तिमा पुगेका बेला जनतामाथि जति शोषण गरे पनि यी नेताहरू त आखिर जनताकै छोरा हुन् नि ? यिनीहरूलाई घोक्रेठ्याक लगाउने अधिकार त जनतालाई

नै छ नि ?

छोरा : मैले त बुझिनँ नि ? जनताले साँच्चै चाहे भने नेताहरूलाई घोक्रेठ्याक पार्न सक्छन् रे ? त्यसो भए कल्लाई चाहीं जनताले तल पार्न सक्दैनन् त ?

बाबा : सबै जनता घर्लप्पै उत्रेर एकढिक्का भए भने त जस्तोसुकै शासकलाई पनि छिनभरमै ठीक पार्न सक्छन् ! तर त्यसका लागि पटुका भने दरैसँग कस्नुपर्छ ।

छोरा : *(एकाएक..)* बाबा, म त तिर्खाले लखतरान भएँ, के गर्ने होला ?

बाबा : *(मायालु हुँदै)* ऊ त्यो घरको ढोकाको गाग्रोमा बटुवाहरूलाई खानको लागि पानी राखिएको छ, सारेर खाए हुन्छ ।
*(त्यसपछि हुन्छ, हुन्छ त्यसै गर्नु पर्ला भन्दै गाग्रोनेर पुग्छ)*

छोरा : आम्मै ! गाग्रोमा त रगतैरगत र टियर ग्याँसको कणैकण छन् त ! कसरी खाने ?

बाबा : बाबु, अहिले देशैभरि रगत छताछुल्ल भएको र जताततै प्रतिगमन सच्याउने नाममा आन्दोलन भएको बेला त्यहाँ मात्र कसरी सङ्लो पानी रहन सक्छ त ?

छोरा : के हामीले हाम्रो जीबन सधैं बन्दुकको दोहोरी र आन्दोलनको मैदानमा मात्र डुबाएर बिताउने हो त...?
*(यतिकैमा बाटाको किनारमा केही मान्छेहरू मैनबत्ती बालेर शान्तिको कामना गरिरहेका छन्, बाबुछोरा नजिक गएर दङ्ग पर्दै पालैपालो सोध्छन् ।)*

बाबा : होइन, तपाईहरू बहुलाउनु भयो कि क्या हो ? योबीच सडकमा दिउँसै मैनबत्ती ! के गर्न खोज्नुभएको ?

समूहनेता : हामीले देशमा जारी हत्या, हिंसा र अशान्तिको अँध्यारोलाई चिरेर उज्यालो प्रकाशका लागि मैनबत्ती बालेको ।

छोरा : के अझै उज्यालोको सम्भव छ र ?

समूहनेता : के भन्नुभएको तपाईले ? के सधैं यो धर्तीमा कालो बादल मात्रै मडारिएला त ? वास्तवमा अवस्था के हो भने यतिबेला तपाई हामी सबै मिलेर स्वर्णिम उज्यालोको खोजीमा लाग्यौं भने के नहोला र ? ढुक्क हुनुहोस्, एकदिन अँध्यारोको अन्त्य हुनेछ र हाम्रो आँगनमा उज्यालोको लालकिरण अवस))य छाउँनेछ ।



## विमल भौकाजी

जन्म : २०२० माघ १०, सँग्गार बजार, रामेछाप
आमा : नयनकला भौका
पिता : भीमबहादुर भौकाजी

प्रथम प्रकाशित रचना : रमिते (कथा), विमोचन त्रैमासिकमा

**प्रकाशित कृति**

१. तीन आँखाका मान्छे, संयुक्त कवितासङ्ग्रह- २०४५
२. जिन्दावाद मूर्दावाद, संयुक्त कवितासङ्ग्रह- २०४७
३. यात्रापछि यात्रा, संयुक्त कवितासङ्ग्रह- २०४९
४. असिना भूत, बालकथासङ्ग्रह- २०६२
५. जसको जोत उसको पोत, व्यङ्ग्यसङ्ग्रह- २०६४

**पुरस्कार**

१. अधिराज्यव्यापी निबन्ध प्रतियोगिता, प्रथम- २०३९
२. राष्ट्रिय कविता महोत्सव, स्वर्णपदक- २०५२
३. युवावर्ष मोती पुरस्कार- २०५९

# तिम्रो नाम के हो ?

स्थान : लेखपढ गर्ने कोठा
समय : जाडो महिना, गृहकार्य गरिरहेको समय
पात्रहरू : कलम, डट्पेन, सिसाकलम

*(पाठशालाको गृहकार्य गर्नका लागि झोलाबाट एउटा कलम बाहिर निस्कन्छ ।...एउटा कापी पल्टाएर गृहकार्य गर्दागर्दै कलम सर्दैन, त्यसैले ऊ चूपचाप बस्छ ।)(झोलाबाट एउटा डट्पेन निस्कन्छ ।)*

डट्पेन : ए कलम, अब तिमीले आफ्नो नाम बदल्नुपर्छ ।

कलम : *(छक्क पर्दै)* किन ? किन नाम बदल्नु मैले ?

डट्पेन : किनभने अब तिमी लेख्न सक्दैनौ ।

कलम : के भनेको तिमीले ? किन लेख्न सक्दिनँ म ?

डट्पेन : हेरूँ त, कसरी लेख्छौ ? *कलम लेख्न खोज्छ- कापीमा, तर ऊ सर्दैसर्दैन ।)*

कलम : *(मनमनै)* साँच्चै, म त लेख्नै नसक्ने पो भएछु । अब मैले आफ्नो नाम फेर्नुपर्छ ।

डट्पेन : कस्तो लाग्यो त मेरो कुरा ? *(कलम केही बोल्न सक्दैन ।...र, डट्पेन धमाधम गृहकार्य गर्न थाल्छ ।) (केही बेरपछि, लेख्दै जाँदा डट्पेन पनि सर्दैन ।)*

कलम : के भयो डट्पेन ? किन नलेखेको ?


डट्पेन : पख न, लेख्दै छु । *(डट्पेन लेख्न खोज्छ, तर उसको लेख्ने प्रयास असफल हुन्छ ।)*

कलम : अब तिमी पनि लेख्न सक्दैनौ ।

डट्पेन : *(मनमनै)* साँच्चै, म पनि अब लेख्न सक्दिनँ ।

कलम : अब तिमीले पनि नाम फेर्नुपर्छ ।

डट्पेन : *(मनमनै)* हो त, अब मैले पनि आफ्नो नाम फेर्नुपर्छ ।



*(ठीक त्यहीबखत झोलाबाट फुत्त एउटा सिसाकलम बाहिर निस्कन्छ ।)*

सिसाकलम : डट्पेन ! तिमी आफ्नो नाम के राख्छौ अब ?

डट्पेन : खोइ, के राख्ने होला ?....

सिसाकलम : कलम ! तिमीचाहिँ के राख्छौ नि आफ्नो नाम ?

कलम : खोइ, के राख्ने ?

सिसाकलम : तर आफ्नो नाम फेर्नुपर्ने आवश्यकता किन पर्‍यो हँ तिमीहरूलाई ? *(थाहा नपाएझैं गरेर बुझ्न खोज्छ ।)*

डट्पेन } कलम } : *(दुवै)* किनभने अब हामी लेख्न सक्दैनौं । त्यसैले नाम फेर्नुपर्ने भयो हामीलाई ।

सिसाकलम : धत् लाटा हो, आफ्नो नाम पनि फेर्छ कसैले ?

डट्पेन : लेख्न नसक्ने भएपछि मैले आफ्नो नाम डट्पेन भनेर कसरी राखिरहन सक्छु र ? फेर्नै पऱ्यो नि !

कलम : म पनि त अब लेख्न नसक्ने भएपछि कसरी आफ्नो नाम कलम भनेर राखिरहूँ ?


सिसाकलम : एकछिन लेख्न सकिएन भन्दैमा नाम फेरिरहनुपर्छ त बुध्दू हो ?

डट्पेन } कलम } : *(दुवै)* एकछिन रे ?...अब हामी त जिन्दगीभर लेख्न सक्दैनौं ।

सिसाकलम : के तिमीहरूले बुझेका छौ, किन तिमीहरूले लेख्न सकेनौ ?

डट्पेन } कलम } : *(दुवै)* अहँ....

सिसाकलम : ल कलम, तिमी पहिले आफैंलाई नियालेर हेर त ! के तिमीसँग 'मसी' बाँकी छ ?



कलम : *(आफूलाई नियाल्दै)* ओहो ! मसी त सकिएछ ।

सिसाकलम : हो, मसी सकिएपछि लेख्न सकिन्छ त ? ...लौ, मसी भर त ! लेख्छौ कि लेख्दैनौ ?

कलम : *(मसी भर्छ र कापीमा कोर्न लाग्छ ।)* ए...म त फेरि सरेँ...फेरि सरेँ ! *(खुशी हुन्छ ।)*

सिसाकलम : अब डट्पेन ! हेर, तिमी आफूलाई ।

डट्पेन : *(आफूलाई हेर्दै)* म त 'रिफिल'मा भरि नै छु त !

सिसाकलम : *(हाँस्दै)* तर सर्दैनौ तिमी, होइन ? किन थाहा छ ?...किनभने जाडोको कारणले गर्दा रिफिलभित्र मसी जमेको छ ।

डट्पेन : ए, हो त रहेछ !

सिसाकलम : लौ ! एकपटक त्यसलाई हत्केलाको बीचमा रगेडेर तातो पार त ! *(डट्पेन त्यसै गर्छ र कापीमा कोर्न लाग्छ ।)*

डट्पेन : ए [illegible] म फेरि लेख्न सक्ने भएँ । *(खुशी हुन्छ ।)*

सिसाकलम : *([illegible] पछि)* अब पनि तिमीहरूलाई आफ्नो नाम फेर्नुपर्छ भन्ने लाग्दै छ ?

डट्पेन : अब त लागेको छैन ।

कलम : अघि लेख्न नसक्दा पो...!

सिसाकलम : कुनै कारणवस कहिलेकाहीं आफ्नो काम-कर्तव्य गर्न सकिएन भन्दैमा त्यसरी हतारिएर नामै फेर्न खोज्नुहुन्छ ? ...हेर, मलाई नै हेर ! लेख्दालेख्दै बारम्बार मेरो चुच्चो 'बोधो' भएर म लेख्न नसक्ने अवस्थामा पुग्छु । त्यस्तो बेलामा म के गर्छु ? थाहा छ ?

डट्पेन, कलम : *(एकसाथ)* के गर्छौ ?

सिसाकलम : त्यस्तो बेलामा आफ्नो नाम फेर्ने सोच कहिल्यै पनि बनाउँदिनँ म । ...म त थपक्क 'पेन्सिलकटर'मा गएर तिखारिन्छु र सरर...लेख्न लाग्छु, बुझ्यौ ?

डट्पेन, कलम : *(एकसाथ)* ए...!

सिसाकलम : हेर, हामी एकै वर्गमा बस्तु हौं । परिआएका बेला हिम्मत हार्नु हुँदैन । बुद्धि, विवेक लगाएर आफ्नो नाम राख्ने उपाय सोच्नैपर्छ । *(र, कलम, डट्पेन, सिसाकलम तीनोटैले पालैपालो गृहकार्य गर्न लाग्छन् ।)*



## वासुदेव मुनाल (कोइराला)

पिता : डि. नारायणप्रसाद कोइराला
माता : भगवती कोइराला
जन्म : वि.सं. २००६ असार २६, ताप्लेजुङ

सञ्चालन : उदयपुर, चौडपडी गढी, बालकार्यक्रम, रे.ने. गायक, सङ्कलक, सङ्गीतकार, नाटक तथा लेखक, निर्देशक
पुस्तक प्रकाशन : हराएको हात (कथा सङ्ग्रह), मुनाल पत्रिका सम्पादक, सुनकेश्रा पत्रिका सम्पादक
फुटकर : सयकडौं बालकथा सङ्ग्रह, नाटकहरू, मुक्तक, कविताहरू
गायक : बालगीत, आधुनिक गीत, स्वदेशी गीत गरी लगभग १५०
संस्थापक : मुनाल क्लब (वि.सं. २०२६), हातेमालो सञ्चार (वि.सं. २०३९)
संलग्नता : १ रेडियो नेपालद्वारा सञ्चालित बालकार्यक्रमको सञ्चालक (२०३० देखि २०६३ सम्म)
पुरस्कार : बालहितकारी पुरस्कार : २०४५

# हराएको हात

## दृश्य १

सुरज : आमा ! मेरो पुतलीको हात कसले भाँचिदियो ?

आमा : *(आश्चर्य मान्दै)* पुतलीको हात ! खोइ हेरुँ ।

सुरज : यी हेर्नुस् न ! पुतलीको दाहिने हातै छैन ।

आमा : कहाँ राखेका थियौ ?

सुरज : टेबुलमा ।

आमा : टेबुलबाट खस्यो होला ।

सुरज : खस्यो हैन, कसैले खसाइदियो ।

आमा : जानीजानी कसैले खसाएन होला त ।

सुरज : जानीजानी भाँचेको हो आमा ! दाहिने हात नै भाँच्या छ । *(रुँदै)* हेर्नोस्, मलाई देखाउन भाँचेको हो । मलाई जिस्क्याउन भाँचेको हो यो ।

आमा : हरे ! यति सानो कुरामा पनि रुने हो ? कसले भाँच्यो कसले, भाँच्या देखिएन, थाहा पाइएन । अब रोएर जोडिने हो त ? चूप लाग, म योभन्दा पनि राम्रो पुतली ल्याइदिउँला ।

सुरज : पर्दैन । म यसको हात खोजेर जोडेर यै पुतलीसित खेल्छु ।

आमा : अब कहाँ खोज्नु हात भन त ! छोड्देऊ यसलाई म अर्कै नयाँ किनेर ल्याइदिन्छु ।

सुरज : *(रुँदै)* नाइँ । म यसैलाई बनाउँछु । मेरो हात खोज्दिनू ।



## दृश्य २

बुबा : मैले तिमीहरू दुवैका सबै कुरा सुनें । पुतलीको हात भाँच्चिएजस्तै हाम्रो छोराको पनि एउटा हात छैन । हात भाँच्चिएको पुतलीसित खेल्नुपर्दैन भन्दा उसको मनमा कति पीर पऱ्यो होला !

आमा : *(रुँदै)* भैगो हजूर, भैगो । मैले त्यस्तो सोचेर कहाँ भनेकी छु र, मैले त सोझो विचारले पो भनेकी !

कान्छो : *(आउँदै)* हजूर । सुरज-बाबुको पुतलीको हात भेट्टाइयो ।



आमा : *(खुसी हुँदै)* ए, हो । कहाँ भेट्टाइस् हँ ? खोइ ले ले ले ।
कान्छो : तल आँगनमा भेट्टा'को । कुकुरले चाट्दै थियो ।
बुवा : *(खुसी हुँदै)* सुरज ! पुतलीको हात भेट्टियो सुरज !
सुरज : *(नजिक आउँदै)* हो, कहाँ रे'छ आमा ?
आमा : तल आँगनमा कुकुरले खेलाउँदै थियो रे, ई कान्छोले ल्यायो ।
बुवा : खोइ मलाई देऊ । म खेलौना-पसलेकहाँ गएर बनाएर ल्याउँछु ।
आमा : हस् ।
सुरज : बुवा ! म पनि जान्छु है ?
बुवा : बाबु किन जाने, म एकछिनमै बनाएर ल्याइदिन्छु नि ! हुन्न ?
सुरज : बुवा अँ मेरो !
बुवा : के, के भन, भन, भन त बाबु ?
सुरज : मेरो...खेलौना-पसलेले मेरो हात पनि बनाइदिन्छ ?

*(आमा र बुवा टोल्हाएर उसलाई हेरिरहन्छन् ।)*



## शर्मिला खड्का (दाहाल)

जन्म : २०२३ कार्तिक १२ भोटेपुल, धरान-८
पिता : टीकाबहादुर खड्का
माता : नरमाया खड्का/नैनकला खड्का
स्थायी ठेगाना : इटहरी, सङ्गीत चौक,
अस्थायी ठेगाना : काठमाडौं, नयाँ बानेश्वर, राधाकृष्णमार्ग

### प्रकाशित कृति

१. 'सानी' वालमनोवैज्ञानिक उपन्यास भाग-१ (२०६०)
२. 'सानीको साहस' धारावाहिक वालउपन्यास (सानीको भाग-२)-२०६२
३. मित्रताको महत्त्व (२०६३)
४. संवत्-अफिस- लघुकथासङ्ग्रह (२०६४)
५. सिन्केको सफलता- बालउपन्यास (२०६४)
६. उज्यालो बाटो शिक्षाको- वालएकाङ्कीसङ्ग्रह (२०६४)
७. समयको क्यानभासमा (कथासङ्ग्रह)

# असम्भव-सम्भव

पात्रहरू : एकजना लङ्गडो- (खुट्टा दोबारेको)
एकजना बहिरो- (कानमा इयरफोन लगाएको)
एकजना अन्धो- (आँखामा कालो चस्मा लगाएको)
एकजना नेताको कपडा लगाएको
दुई जना दर्शक बनेका, केटा र केटी

*(मञ्चमा तीनजना देखापर्छन् । एउटा अन्धो कालो चश्मा लगाएको हुन्छ । अर्को लङ्गडो लौरो टेकेको र बाहिरी कानमा इयरफोन लगाएको देखापरेपछि बोल्दै हिँड्छन्)*

अन्धो : हेर त, ऊ त्यहाँ फूल फुलेको । आहा कस्तो राम्रो फूल हकि !

अरू दुइजना: खोइ, कहाँ भनेको ?

अन्धो : ऊ त्यहाँ क्या, पर्खी है म चित्र बनाउँछु । *(मेचमा बसेर चित्र बनाएजस्तो गर्छ)*

लङ्गडो : एइ । सुन् त म पनि सगरमाथा चढ्छु । म सगरमाथा चढेको राम्रो चित्र बना है । म सगरमाथा चढेर नाम र दाम कमाउँछु अनि मेरो खुट्टाको अप्रेसन गरेर तिमीहरूजस्तै हिँड्ने हुन्छु, बुझ्यौ ?

बहिरो : होइन, कहाँ हिन्दी गीत बजिरहेछ ? ऊ हेर क्या मिठो गीत बज्यो । पख है म नाच्छु । *(नाच्छ । केहीछिन क्यासेटको गीत बज्छ, नेपथ्यबाट एकछिन नाचेर बस्छ र क्यासेट पनि बन्द हुन्छ ।)*

लङ्गडो : हेर न, नेपाली भएर पनि हिन्दी र अङ्ग्रेजी गीतमा रमाउँछ ।

अन्धो : छोड् दे न यार, क्या राम्रो नाचेको यसले । म यसले नाचेको चित्र बनाउँछु है ।

बहिरो : सुन्, म रक एन्ड रोलको डान्सर भएर स्टेजमा राम्रो डान्स देखाउँछु, त्यो चित्र मेरो बना है ।

अन्धो : ए, तँ नाचेको बनाइहाल्छु नि । बुझिस् त्यो चित्र यति राम्रो बनाउँछु

कि त्यो फ्रान्सको लियोनार्दो दाभिन्चीले मोनालिसालाई बनाएभन्दा राम्रो बनाउँछु । अनि त्यसमा मोनालिसाको हाँसो फुस्किन आँटिजस्तो तेरो यो इयरफोन फुस्कन आँटेको बनाउँछु, है ? अनि त्यो चित्र म यति महङ्गोमा बेच्छु कि त्यस पैसाले म मेरो आँखाको अप्रेसन गरेर तिमीहरूजस्तै हेर्न सक्ने हुन्छु, है !

अरू : हुन्छ, हुन्छ नि !

तीनैजना : हामी सबैको उद्देश्य एउटै छ, पैसा कमाएर अप्रेसन गर्नुछ । *(तीनजना मूर्तिजस्तै भएर उभिन्छन् । एकजना नेताजस्तै देखिने मान्छे मञ्चमा देखापर्छ ।)*

नेता : दर्शकवृन्द *(अकमकाउँदै)* ! होइन जनतावृन्द ! देखिहाल्नुभयो नि । यी तीननजा हावा फुस्केकाहरूको गफ । तपाईंहरूले यहाँ बसेर हेर्नुभयो, मैले भित्र बसेर सुनिरहें र केही लेखेर ल्याएको छु । के गर्नु, नहेरी भन्न आउँदैन । आहा, साँच्चै यी तीनजना बेवकुफ । एउटा लङ्गडो सगरमाथा चढ्छ रे । कस्तो नपत्याउँदो कुरा हकि ? अर्को अन्धो चित्र बनाउँछ अरे । अनि काम नसुन्ने क्या, बहिरो ! राम्रो गीतमा डान्स गर्छ अरे !





यी तीनजनाको कुरा सुनेर तपाईंहरूलाई हाँसो उठ्यो होला, हैन ? हेर्नुहोस्- *(कागज हेर्दै भन्छ)* म पत्याउने कुरा गर्छु । म पनि राम्रो वक्ता भएर तपाईंहरूको मन जितेर चुनाव लड्छु । अनि जितेर प्रधानमन्त्री हुन्छु । म प्रधानमन्त्री भएपछि, एकछिन है, यी हावाखोरीका नाम सोधौं । महाशय, नाम के हो ?

*(क्रमैसँग सोध्छ, कोही बोल्दैनन् । अनि सर्टभित्र चिहाउँछ । सर्टको बटम खोलिदिन्छ । त्यहाँभित्र तीनजनाको क्रमैसँग ने.पा.ल. लेखिएको हुन्छ)* यिनीहरूको नाम मिलाउँदा त नेपाल पो हुँदो रहेछ । मैले मेरो लिस्टमा यो लेखेको थिइनँ । तर केही छैन, म राम्रो वक्ता हुँ । यो मिलाइहाल्छु नि । हेर्नुहोस् न, कस्तो संयोग ! यिनीहरूको नाम मिलाउँदा

नेपाल हुने अनि हाम्रो देशको नाम पनि नेपाल ! मैले भन्न खोजेको के हो भने नि ! म पनि प्रधानमन्त्री भएपछि यिनीहरूको जस्तै अप्रेसन गर्छु देशको, किनभने हाम्रो देश पनि अन्धो, बहिरो र लङ्गडो भएको छ । *(दर्शक मञ्चबाट दुई जना केटा अनि एकजना केटी पर्खनोस् भन्दै उठेर कराउँछन् ।)*

एकजना केटो : *(मञ्चमा जाँदै)* पर्खनोस्-पर्खनोस् तपाईंहरूको यो सब नाटक हो । तपाईंजस्ता नेताले गर्दा आज हामीहरू बहिरा, अन्धा र लङ्गडा भएका छौं । तपाईंहरूले हामीलाई राम्रो बाटो देखाउन सक्नुभएन अनि हामी अन्धा भयौं । तपाईंहरूले हामीलाई नचाहिंदो आश्वासन देखाउनुभयो अनि हामी बहिरा भयौं । तपाईंहरूले दुङ्गामुढा गर्न सिकाउनु भयो अनि हामी लङ्गडा भयौं । आफ्नो निजीस्वार्थका लागि हाम्रो देशलाई अन्धो, बहिरो र लङ्गडो बनाएर चुनाव जित्न खोज्दै हुनुहुन्छ होइन त ?

अर्की केटी : *(मञ्चमा जाँदै)* तपाईंजस्ता नेताले यो देशलाई बिगार्नु भयो अनि हामीलाई गरिबी र अशान्तिको दलदलमा फँसाउनु भयो । हामी बालबालिकालाई अनाथ बनाउनु भयो । अब हामी तपाईंहरूको कुरामा विश्वास गर्दैनौं । हामी बालबालिकालाई कहिले हतियारको रूपमा प्रयोग गर्छन् त कहिले आश्वासन दिएर फकाउँछन् । हामीले शान्तवातावरणमा बाँच्न सकेनौं । अब हामी आवाज उठाउँछौं । तपाईंहरू पनि जाग्नोस् आफ्नो देशका लागि अनि नेताले के ठीक गर्दै छ, के बेठीक गर्दै छ । र, त्यसको सही मूल्याङ्कन गर्नुहोस् । अनि हामीहरूलाई कसैले अन्धो, बहिरो र लङ्गडो बनाउन सक्दैन । *(नेता डराएजस्तो गर्छ अनि बिस्तारै मञ्चबाट भाग्छ)*

पहिलो केटो : हेर्नोस्, तपाईंहरूलाई छल्नका लागि नेताले यी केटाहरूलाई किनेर लङ्गडो, बहिरो र अन्धो बनाएको हो । यिनीहरूको असली रूप हेर्नोस् । *(एउटाको चश्मा फुकालिदिन्छ, अर्काको खुट्टा सोझ्याइदिन्छ । अनि अर्कोको इयरफोन फुकालिदिन्छ ।)* ल, यिनीहरूको वास्तविक रूप देख्नुभयो, होइन ?

दोस्रो केटो : खोइ, त्यो नेता त्यसको असली रूप देखाइदिन्छौं तर यहाँ रहेनछ । डरले भागेछ क्यारे !

केटी : हेर्नोस् *(तीनजना हेर्दै)* तपाईंहरू यस्ता नेताको चालबाजीमा नहिँड्नोस् । यसरी हिंड्दा सबैलाई धोका हुन्छ । तपाईंहरूलाई यतिका नाटक गर्न लगाएर त्यो नेता आफैं भाग्यो ।


तीनजनामध्ये एकजना : हो, हामीले जानेनौं । पैसाको लोभमा परेर यी सब गर्नाले आज लाजमर्नु भयो ।



पहिलो केटो: ल आउनुहोस्, तपाईं-हामी यस्ता झूटा नेताको पछि नलागौं । देशका लागि मिलेर केही गरौं ।

दोस्रो केटो : अब हामी सबै अगुवा, सबै बटुवा । हिंडौं जहाँसम्म पुगिन्छ । देशका लागि केही गरौं । अनि मात्र हामी राहतको सास फेर्न सक्छौं । नत्र हामीले हाम्रा बा-आमाले भोगेको पीडा झन् चर्को रूपमा भोग्नुपर्नेछ ।

सबैजना : हो, हामी सबैजना हिंडौं । हाम्रो देश- जिन्दाबाद, हाम्रो नेपाल- जिन्दाबाद ।



## सरुभक्त

नाम : भक्त श्रेष्ठ

जन्म : वि.सं. २०१३, बागबजार, पोखरा, कास्की

पहिलो रचना : वि.सं. २०३४ मा 'आव्हान' साप्ताहिकमा 'मलाई दुईटा सूर्य देऊ' शीर्षकको कविता प्रकाशित ।

मौलिक कृति

बालसाहित्य

अँध्यारो कोठा (उपन्यास), बालबालिकाहरूको नाटक (नाटकसङ्ग्रह)

नाटकसङ्ग्रह

शरणार्थीहरू, शिरुमा रानी, इथर, निमाबीय, शिशिरका अन्तिम दिनहरू, असमय, अमौसम, इतिहासभित्रको इतिहास

उपन्यास

पागल बस्ती, तरुनी खेती, समय त्रासदी, चुली, एक अविनवको आत्मकथा

कथासङ्ग्रह

छोरी ब्रम्हाण्ड, यामगल, पदार्थहरूको गीत

कविता काव्य

बन्द खामभित्र, बोक्सीको आव्हान र घोषणापत्र, कवि, प्रेमी र पागल, ज्यानमाया, कापुरुष, प्रयोगशालाभित्र, इतर समय, हजार बुद्धहरू

गजलसङ्ग्रह

साइबर क्याफेमा एकदिन

गीतसङ्ग्रह

मनभरि माटोभरि

# पराक्रमी बालकहरू

अँध्यारो रङ्गमञ्च । गरुङ्गो सन्नाटा । अचानक यो गहिरो सन्नाटामा एक बालिकाको आवाज गुन्जायमान हुन्छ । बालिकाको आवाज असाध्यै मिठो, स्पष्ट र भावपूर्ण सुनिन्छ ।

बालिकाको आवाज : उहिले उहिलेको कुरा हो । एउटा देशको एउटा सहरमा चार जना बालक साथीहरू बस्दथे । उनीहरू सबै एउटै विद्यालयको एउटै कक्षामा पढ्थे । उदाहरणको रूपमा उनीहरूको नाम राजु, श्याम, अनुप र सागर मानौं । एकपल्ट हिउँदे बिदामा उनीहरू चारजना कतै घुम्न निस्के । घुम्दाघुम्दा उनीहरू एउटा अचम्मको देशमा पुगे । त्यहाँ मानिसहरू एकअर्कासित डराएझैं देखिन्थे । हिंड्दा-हिंड्दा साँझ परेपछि उनीहरू एउटा घरमा बास माग्न पुगे ।

*(उज्यालो हुन्छ । राजु, श्याम, अनुप र सागर एउटा घरछेउ उभिएका देखिन्छन् ।)*

राजु : *(बोलाएर)* भित्र को हुनुहुन्छ ?

श्याम : *(बोलाएर)* भित्र को हुनुहुन्छ ?

अनुप : हामी टाढाबाट आएका परदेशी बालकहरू हौं...।

सागर : बास बस्न दिनुहुन्छ कि ? *(घरको ढोका हेर्दै पर्खन्छन् । एकछिन पछि ढोका खुल्छ । एक बूढी आइमाई ढोकाबाट बाहिर निस्कन्छिन् । उनी कुप्री छिन् ।)*

बूढी : *(उनीहरूलाई नियालेर हेर्दै)* को ?

राजु : हामी परदेशी बालकहरू...आज एकरातलाई बास बस्न दिनुहुन्छ कि भनेर...।

श्याम : हिंड्दा-हिंड्दै रात पर्न लाग्यो...।

अनुप : हामीले यहाँ चिनेको ठाउँ कतै छैन त्यसैले...।

सागर : बास दिनोस् है बजै ?

बूढी : *(झस्केर)* हँ ! को ? मेरा नातिहरू ?... *(झन् नजिक आई उनीहरूलाई नियालेर हेर्छिन् ।)* होइनन्...।

...उनीहरूलाई त...उनीहरूलाई त...(दु:खी हुन्छिन् । एकछिनपछि सम्हालिन्छिन् ।) तिमीहरू यहाँ किन आएका...? यस्तो देशमा...यस्तो ठाउँमा...?

राजु : बजै हामीहरू त घुम्न आएका ....।

श्याम : नयाँ नयाँ कुरा सिक्न आएका....।

सागर : बास बस्न दिनोस् है बजै ?

बूढी : लौ लौ आज रातलाई यहीं बास बस अनि भोलि बिहान सबेरै आफ्नो देश फर्कीहाल ।

राजु : किन बजै ?

बूढी : यो देशमा ज्यानको खतरा छ । डर छ । यताउति घुमघाम त गर्नै



हुन्न । कति बेला मरिन्छ मरिन्छ ।

श्याम : (आश्चर्य मान्दै) हो र बजै ?

बूढी : म किन भूठो बोल्ये र ! तिमीहरूजस्ता केटाकेटीहरू त यहाँ सबै निखिसके । कोही बाँचेका छैनन् । सबैको काल आएको भन्नु कि के भन्नु खोइ ! ठूला मान्छेहरू पनि आधा घटिसके । *(बालकहरू आश्चर्य मान्दै एक-अर्काका मुख हेर्छन् ।)* ल सबै भित्र जाऊँ, यहाँ आँगनमा धेरैबेर बस्नु हुँदैन । *(बूढी ढोकाभित्र पस्छिन् । बालकहरू आँखाभरि प्रश्न बोकेर बूढीको पछि लाग्छन् । ढोका बन्द हुन्छ ।)*

रात पर्छ । रङ्गमञ्च अँध्यारोमा डुब्छ । परपर नेपथ्यमा बिरसिला र डरलाग्दा आवाजहरू सुनिन्छन् । पछि ती आवाजहरू हराउँदै जान्छन् । *(रङ्गमञ्च उज्यालो हुन्छ । घरको ढोका खोलेर बालकहरू बाहिर निस्कन्छन् । बूढी उनीहरूको पछि लागेर बाहिर निस्कन्छिन् ।)*

राजु : बजै, हजुरले हामी परदेशी बालकहरूलाई बास बस्न दिनुभयो । मिठोमिठो खानेकुरा खुवाउनु भयो । हामी आभारी भयौं । हजुरको यो गुण हामी कहिल्यै पनि बिर्सन सक्ने छैनौं । अब हामी बाटो लाग्छौं, बिदा दिनुहोस् ! *(बालकहरू आदरपूर्वक बूढीको पाउ समाई ढोग्छन् । बूढी मन थाम्न नसकेर अकस्मात् रुन्छिन् ।)*

श्याम : के भयो बजै ?

अनुप : के भयो बजै ?

सागर : किन रुनुभएको बजै ?

राजु : नरुनुस् बजै !

बूढी : *(रुँदै)* बाबुहरू आज एकदिन यही बास बसिदिए हुन्थ्यो । बाबुहरूलाई देख्दा मलाई स्वर्गमा गएका मेरा नातिहरू फर्किआएजस्तो लागेको थियो ।

श्याम : बजै, हामी हजुरको नाति त हौं !

अनुप : हो त नि !

सागर : हो त नि !

राजु : हो त नि !

बूढी : आज अन्त कतै नगएर यहीं बसिदिए हुन्थ्यो । म काल पर्खेर बसेकी बूढी मेरो आशिसै लाग्दथ्यो । *(बालकहरू मुखामुख गर्छन् अनि आँखैआँखा र सङ्केत-सङ्केतले एउटा निर्णयमा पुग्छन् ।)*

श्याम : भइहाल्छ नि बजै । हजुरले भन्नु भएपछि हामी आज यहीं बस्छौं ।

सागर : अब नरुनोस् बजै, बिन्ती छ !

अनुप : हो बजै बिन्ती छ, नरुनोस् !

राजु : हामीलाई पनि हजुर आफ्नै बजैजस्तो लागेको छ । हामी परदेशी


बालकहरू भएर के भयो र, मान्छेको माया कहिले पनि परदेशी हुँदैन । *(बूढीलाई समात्छ ।)* आज हामी हजुरसँगै बस्छौं !

बूढी : साँच्चै बाबु ?

राजु : साँच्चै ! *(अरू बालकहरूले पनि बूढीलाई समात्छन् । बूढी आँसुमा मुस्कुराउँछिन् ।)*

श्याम : बजै, अब हजुर आराम गरी पिँढीमा बस्नुहोस् अनि हामीलाई आफ्नो र आफ्नो देशको कथा सुनाउनुहोस् । हामीलाई सुन्ने अधिकार छ ।

सागर : हो, छ !



अनुप : पक्का छ !

राजु : पक्का ! कि छैन बजै ?

बूढी : छ बाबु, सबै कुरा सुन्ने अधिकार छ । म भन्छु । म बूढीले आफ्नो र आफ्नो देशको कथाव्यथा लुकाई मरेर कसलाई के फाइदा हुन्छ र ! म बाबुहरूलाई सबै कुरा भन्छु ! *(बूढी कथा भन्न पिँढीमा बसेर आफूलाई ध्यानमग्न पार्छिन् ।)* बाबुहरूलाई थाहा छ कि छैन, द्वापरयुगमा कौरव र पाण्डवहरूबीच ठूलो महाभारत युद्ध भएको थियो ।

राजु : हामीलाई थाहा छ बजै, हामीले किताबमा पढेका छौं ।

श्याम : महाभारत युद्ध कुरुक्षेत्र भन्ने ठाउँमा भएको थियो, होइन बजै !

बूढी : हो बाबु । त्यही ठाउँमा भएको थियो । त्यो महाभारत युद्ध हुनुभन्दा धेरै वर्षअगाडि पाण्डवहरू लाहाघरबाट भागेर आफ्नी आमा कुन्तीकासाथ टाढा कुनचाहिँ एउटा ठाउँमा पुगेका थिए । त्यहाँ बकासुर भन्ने एउटा भयानक राक्षसले दिनदिनै एउटा एउटा घरको पालो पारी मान्छे खाई आतङ्क मच्चाइराखेको थियो । बाबुहरूलाई यो कुरा थाहा छ ?

सागर : थाहा छ बजै !

अनुप : थाहा छ बजै !

श्याम : अनि यो बकासुरलाई पाण्डवहरूमा सबभन्दा बलियो माहिलाभाइ भीमसेनले ललकारेर मारेको थियो, होइन बजै ?

बूढी : *(खुसीले उत्साहित भई)* हो, तिमीहरूलाई सबै कुरा थाहा रहेछ ! *(उठ्छिन् ।)* आमा कुन्तीलाई बकासुरले खानेपालो परेको घरका मान्छेहरूलाई सम्झाईबुझाई भीमसेनलाई पठाइन् अनि भीमसेनले त्यो राक्षसलाई मारेर सबैको उद्दार गरिदियो । अहिले हाम्रो देशमा पनि बकासुरजस्तै राक्षसले घरघर पसी मान्छे मारेर खाइरहेको छ । त्यसैले सबै आतङ्कित छन् । दुःख र शोकले पीडित छन् । त्यस राक्षसले मेरो घरमा घुसेर मेरो छोरोलाई मार्‍यो । फेरि बुहारीलाई मार्‍यो । मेरा नातिहरूलाई मार्‍यो । 'तँ बूढीको हड्डी र छाला अहिले नै के खानु !' भनेर त्यसले मलाई छोडिराखेको छ । बरु मारेको भए मलाई अलि सुख हुन्थ्यो...म अभागिनी बूढी...न मर्न सक्छु, न बाँच्न सक्छु ! *(अतिशय वेदनाले रुन थाल्छिन् ।)*...के गर्ने बाबुहरू, बकासुर राक्षसलाई त भीमसेनले मारिदिएको थियो, अब यो राक्षसलाई मारेर कसले सबैको उद्दार गरिदेला । भीमसेनजस्तो पराक्रमी, सुरवीर आजभोलि जन्मदैनन् ।

राजु : *(बूढीलाई समातेर)* बजै धेरै नरुनोस् । धैर्यधारण गर्नुहोस् ! यो देशमा राक्षसआतङ्क र अत्याचार चलिरहेछ भन्ने हामीलाई थाहा

थिएन । थाहा पाउँदा हामीलाई असाध्यै दुःख लाग्यो । बरु एउटा कुरा भनिदिनुस् ।

बूढी : के बाबु ?

राजु : त्यो अत्याचारी राक्षस कहाँ बस्छ होला ?

बूढी *(नेपथ्यमा देखाएर)* उ : त्यो पहाडको ठूलो ओडारमा बस्छ ।

राजु : ए !! *(ऊ रहस्यमय अन्दाजमा साथीहरूसित आँखा जुधाउँछ । आँखाको भाखामा केही भन्छ । साथीहरू बुझ्दछन् । मुस्कुराउँछन् ।)* बजै, भित्र जाऔं ! यहाँ आँगनमा धेरैबेर बस्नुहुँदैन, राक्षसका आँखा पर्न सक्छ ।

बूढी : *(अकस्मात् सम्झेर)* ए हो त नि ! लौ लौ भित्र जाऔं बाबुहरू ! यहाँ बसिराख्नु हुँदैन । जिउँदो मान्छेको गन्ध थाहा पाएपछि राक्षसहरूका मुख सकसकाई हाल्छन् ! *(केही हतार गरी घरभित्र पस्छिन् । बालकहरू पनि घरभित्र पस्छन् । घरको ढोका बन्द हुन्छ । केही समयपछि बिरसिला र डरलाग्दा सङ्गीत ध्वनिहरू सुनिन्छन् । उज्यालो हराउँदै जान्छ । अँध्यारोमा बालकहरू घरको ढोका खोली बाहिर निस्कन्छन् अनि चाल मारेर नेपथ्यमा लाग्छन् । बिरसिला र डरलाग्दा ध्वनिहरू गुन्जिरहन्छन् । केही समयपछि यी सबै ध्वनिहरू हराउँछन् । अँध्यारोमा भुइँ खनेको आवाज । यो आवाज क्रमशः बढ्दैजान्छ र पछि अँध्यारोमा रूखका हाँगाहरू काटेको र पातहरू सरसराउने गरी चलाएको आवाज ।*

*उज्यालो हुन्छ । रङ्गमञ्चमा एउटा समथर मैदान । टाढा पृष्ठभूमिमा पहाडी ओडार । बालकहरू पहाडी ओडारतिर फर्की मैदानमा उभिरहेका हुन्छन् । उनीहरूका जीउ र लुगामा धूलोमाटो लागेको हुन्छ ।)*

राजु : *(जोडले कराएर)* ए राक्षस !!

श्याम : *(जोडले कराएर)* ए राक्षस !!

अनुप : *(जोडले कराएर)* ए राक्षस !!

सागर : *(जोडले कराएर)* ए राक्षस !!

*(राक्षसको घनगर्जना सुनिन्छ । तर ऊ देखिँदैन ।)*

राक्षस : *(गर्जेर)* को हो मलाई बोलाउने ?

राजु : *(जोडले कराएर)* हामी बालक हौं !!

राक्षस : *(गर्जेर)* ए ! मेरो आहारा ! आज के भएर मेरो आहाराहरू मुखैमा पर्न आए ? अरू दिनमा त खोज्न जानुपर्थ्यो !

श्याम : *(जोडले कराएर)* हामी तेरो आहारा होइनौं, तेरो काल हौं !!

अनुप : *(जोडले कराएर)* तागत भए हामीसित लड्न आइजा !! निस्की ओडारबाट !!

सागर : *(जोडले कराएर)* तैले धेरै निरपराध मान्छेहरूलाई मारेर खाइस्,

आज हामी तेरो मिति पुऱ्याइदिन्छौं !!

*(बालकहरूको ललकार सुनेर राक्षस गर्जदै ओडारबाट बाहिर निस्कन्छ, उनीहरूलाई हेर्छ अनि मैदानतर्फ लम्कन्छ र बालकहरूभन्दा केही परको दूरीमा आइपुगी अडिन्छ ।)*

राक्षस : तिमीहरूजस्ता भुसुना बालकहरू मसित लड्ने !!

*(अट्टहास गर्छ ।)* तिमीहरू त मेरो पेटभरिको खाना पनि होइनौं, खाजामात्रै हौ !! *(फेरि अट्टहास गर्छ ।)*

राजु : नहाँस् राक्षस ! राक्षसहरू अरूलाई आफ्नो शिकार बनाउँछन् तर एकदिन राक्षसहरू आफ्नै पापकर्मको सिकार बन्छन् !!

श्याम : आज तेरो दुष्कर्मको इतिहास सकिन्छ !!



अनुप : मान्छेहरूले तेरो आतङ्कबाट मुक्ति पाउनेछन् !!

सागर : ए लुते राक्षस ! किन त्यहाँ डराएर उभिइरहेको ? चाँडो लड्न आइजा ! यहाँ हाम्रो हात चिलाइसक्यो !!

(राक्षस अपमान सहन नसकेर भयानक तवरले गर्जन्छ अनि आक्रमक भई बालकहरूतिर लम्कन्छ । त्यसरी रिसले अन्धो भई लम्कँदा ऊ मैदानमा झारपातले छोपिराखेको खाल्टो देख्न सक्दैन । ऊ खाल्टोमा जाकिन्छ । बालकहरू हर्षले हराउँदै, रमाउँदै खाल्टोमा ढुङ्गामाटो फाल्दै राक्षसलाई पुर्न थाल्छन् । पछि उसका गर्जनाहरू शिथिल बन्दै जान्छन् । *(राक्षस खाल्टोमा पुरिएर मर्छ !)*

राजु : *(खुशीले उफ्रँदै)* राक्षस मऱ्यो !!

श्याम : *(खुशीले उफ्रँदै)* राक्षस मऱ्यो !!

अनुप : *(खुशीले उफ्रँदै)* राक्षस मऱ्यो !!

सागर : *(खुशीले उफ्रँदै)* राक्षस मऱ्यो !!

*(उनीहरूको कुरा सुनी नेपथ्यबाट मानिसहरू दगुर्दै आउँछन् । बालकहरूको पराक्रमदेखि दङ्ग पर्छन् । अन्तमा बूढी पनि हस्याङफस्याङ गर्दै त्यहाँ आइपुग्छिन् ।)*

बूढी : *(उत्साहपूर्वक)* खोई राक्षस ? खोई राक्षस ? खोई राक्षस ?

राजु : यहाँ खाल्टोभित्र छ बजै ! हामीले राक्षसलाई खाल्टोभित्र पुरेर माऱ्यौं !

बूढी : *(भावावेगले आँसु झार्दै)* आखिर स्वर्गबाट आएका मेरा नातिहरूले राक्षसलाई मारिछाडे ! मारिछाडे !!...

*(बालकहरू बूढीलाई समात्छन् । बूढी सबैलाई ममतापूर्वक अँगालोमा लिन्छिन् । राक्षस मारिएको खुशीयालीमा मानिसहरू हाँस्न, नाँच्न थाल्छन् । एकछिनपछि सबै निश्चल हुन्छन् । रङ्गमञ्च अँध्यारो हुन्छ र अँध्यारोमा बालिकाको आवाज सुनिन्छ ।)*

बालिकाको आवाज : राक्षसलाई आफ्नो बुद्धि र साहासले मारेपछि त्यस देशका मानिसहरूले ती चारजना बालक साथीहरूलाई धेरैधेरै धन्यवाद दिए । उपहारहरू दिए । उनीहरू आफ्नो देश फर्किआए । उनीहरूका देशमा पनि पराक्रमी बालकहरू भनी प्रसिद्ध भए । उनीहरूले त्यो देश र त्यहाँकी मायालु बूढीबजैलाई कहिल्यै पनि भुलेनन् ।

अहिले पनि कति देशमा राक्षसहरूले आतङ्क मच्चाइरहेका होलान् । उदाहरणको रूपमा मानौं...!

# सिर्जनशील प्रतिनिधि साहित्यशृङ्खला

**प्रकाशित**

| | |
|---|---|
| १. प्रतिनिधि बालगजलहरू | सं. ज्ञानुवाकर पौडेल<br>विजय सुब्बा |
| २. प्रतिनिधि बालकविताहरू | सं. प्रमोद प्रधान |
| ३. प्रतिनिधि नाटकहरू | सं. कृष्ण शाह यात्री |
| ४. प्रतिनिधि लघुकथाहरू | सं. विनय कसजू |
| ५. प्रतिनिधि गजलहरू | सं. ललिजन रावल |
| ६. प्रतिनिधि व्यङ्ग्यनिबन्धहरू | सं. नरनाथ लुइँटेल |
| ७. प्रतिनिधि नेपाली बालनाटकहरू | सं. विजयराज आचार्य |
| ८. प्रतिनिधि बालकथाहरू | सं. विजयराज आचार्य |

**प्रकाशोन्मुख**

| | |
|---|---|
| १. प्रतिनिधि कथाहरू | सं. चंकी श्रेष्ठ |
| २. प्रतिनिधि गद्य कविताहरू | सं. विप्लव ढकाल |
| ३. प्रतिनिधि पद्य कविताहरू | सं. रामप्रसाद ज्ञवाली<br>देवी नेपाल |
| ४. प्रतिनिधि समालोचनाहरू | सं. डा. जगदिशचन्द्र भण्डारी<br>डा. ताराकान्त पाण्डे |
| ५. प्रतिनिधि भूमिकाहरू | सं. पदम गौतम |
| ६. प्रतिनिधि गीतहरू | सं. रामबाबु सुवेदी |
| ७. प्रतिनिधि समीक्षाहरू | सं. कपिल लामिछाने |
| ८. प्रतिनिधि निबन्धहरू | सं. नवीन विभास |

मूल्य: १२५

विवेक सिर्जनशील प्रकाशन प्रा.लि.
फोन नं.: ४२१८०६३, अद्वैतमार्ग